मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

मौलिक हक कार्यान्वयन गर्न राज्यले क्षमता देखाउनुपर्छ

– कृष्णभक्त पोखरेल

संचेतना द्वैमासिक पूर्णाङ्क ९५ कात्तिक २०७५



सम्वत् २०७५ सालको ऐन नं. ९

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नको लागि मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आकस्मिक प्रसूति सेवा (इमर्जेन्सी अब्स्टेट्रिक केयर)" भन्नाले गर्भावस्था, प्रसूति अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखा परेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबीसै घण्टा उपलब्ध हुने सेवा सम्झनु पर्छ।

(ख) "आधारभूत आकस्मिक प्रसूति सेवा (बेसिक इमर्जेन्सी अब्स्टेट्रिक केयर)" भन्नाले एन्टिबायोटिक, म्याग्नेसियम सल्फेट वा अक्सिटोसिन दिने, अड्केको साल निकाल्ने, औजार (भ्याकुम) समेतको मद्दतले शिशु जन्माउने र गर्भपतन भएकोमा पाठेघर सफा गर्ने जस्ता आधारभूत सेवा सम्झनु पर्छ।

(ग) "किशोर किशोरी" भन्नाले दश वर्षदेखि उन्नाईस वर्षको उमेर समूहको व्यक्ति सम्झनु पर्छ।

संघीय संसद सचिवालय

नेपालमा महिलाको प्रजनन स्वास्थ्य अधिकार

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू

इन्सेक पुस्तकालयको प्रयोग गरौं।

मानव अधिकारसम्बन्धी सूचना र जानकारीका लागि

पुस्तकालयमा उपलब्ध मानव अधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू

सुविधाहरू

- फोटोकपी
- इन्टरनेट
- कम्प्युटर

मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष २२ पूर्णाङ्क ९५ कात्तिक २०७५

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
विजयराज गौतम

सम्पादक
मदन पौडेल

व्यवस्थापन
शैलेश शर्मा

आवरण फोटो
सूचना विभाग

मुद्रक
ड्रिम ग्राफिक
काठमाडौं

- नेपालमा महिलाको प्रजनन स्वास्थ्य अधिकार/ तेजमान श्रेष्ठ ७
- उपभोक्ता हित संरक्षण कानुन र यसको कार्यान्वयन/ यज्ञप्रसाद अधिकारी १३
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन/श्यामबाबु काफ्ले १६
- मुलुकी फौजदारी संहिताका महत्त्वपूर्ण व्यवस्थाहरू/ हर्क रावल २३
- सफल सङ्घीयताका लागि संविधानको कार्यान्वयन/ शोभाकर बुढाथोकी २५
- सचेत नागरिक सङ्गठनको आवश्यकता/ श्रीराम बजगाईं २७
- भ्रष्टाचार रोक्न असल नियतको खाँचो/ रमेश ढकाल २९
- कथा : मानवीय संवेदना/ देवराज पौडेल ३०
- जिल्ला फिचर : भूकम्पले ध्वस्त भएको ...../ नातीबाबु धिताल ३२
- पुस्तक समीक्षा/ गीता माली ३३
- अन्तर्वार्ता/ कृष्णभक्त पोखरेल ३४

नियमित स्तम्भ

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१

इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

यथावत

सङ्घीयता कार्यान्वयन भएन, सङ्घीयता अनपेक्षित सन्तान जस्तो हो भयो भन्ने अपत्यारिला हल्ला फैलाउनुको कुनै तुक छैन। सङ्घीयता ठीक की बेठीक भन्ने प्रश्न अब असान्दर्भिक भइसक्यो।

केपी शर्मा ओली
प्रधानमन्त्री
नयाँ पत्रिका दैनिक

यो संविधान मान्य छैन भनेर केही मधेस केन्द्रित दल र जनतामा भ्रम छरिरहेका छन्। यही संविधान अनुसार चुनावमा भाग लिने, सबै लाभका पद लिने, स्थानीय र प्रदेश सरकार बनाउने अनि कालो दिवस भन्ने ?

विमलेन्द्र निधि
उपसभापति
नेपाली कांग्रेस

मैले सङ्घीयताको कार्यान्वयन अलि छिटो गरौँ, व्यवस्थित गरौँ, मन लगाएर गरौँ भनेको मात्र हो। गर्नैपर्ने भएपछि मन नलगाई-नलगाई किन गर्ने मात्र भनेको हुँ। उहाँहरुले हामी गरिरहेकै छौँ, भन्नुभएको छ।

पृथ्वी सुब्बा गुरुङ
मुख्यमन्त्री, गण्डकी प्रदेश
अनलाइनखबर

नागरिकले चाहेको अपेक्षा पूरा गर्न उल्लेख्य संरचनात्मक परिवर्तन गर्नुपर्थ्यो। त्यसमा सरकारले अलिकति पनि आसलाग्दो काम गर्न सकेको छैन।

डा. सूर्यराज आचार्य
प्रवक्ता, विवेकशील साझा पार्टी
नेपाल साप्ताहिक

कार्टून

चियोचर्चो !
• बासु क्षितिज

ह्वाँ जे पनि हाँसी-हाँसी 'खानुहुन्छ', चाहे त्यो 'गाली' नै किन नहोस !!

साभार : http://www.nepaljapan.com

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

सम्पादक

महिलामाथि हुने हिंसा रोक्न प्रभावकारी संयन्त्र आवश्यक

केही समयदेखि महिलामाथि हुने हिंसा त्यसमा पनि बलात्कार र यौन दुर्व्यवहारका घटनाका कारण नेपाली समाज र राजनीतिमा ठूलो बहस निम्त्याएको छ। महिलामाथि हुने हिंसाका घटना दिनप्रतिदिन सार्वजनिक भइरहँदा अपराधमा संलग्नलाई मृत्युदण्ड दिइनुपर्ने, नियन्त्रण गर्न नसक्नु सरकारको नालायकी हो भन्ने आवाज आउन थालेको छ।

लिङ्गका आधारमा गरिने महिलामाथिको हिंसा लैङ्गिक भेदभावको एक रूप हो। यसले महिलाको मानव अधिकार उल्लङ्घन गर्दछ। महिलाको अधिकार उपभोग गर्ने क्षमता तथा स्वतन्त्रतामा आघात पुऱ्याउँछ, । कथित बोक्सीको आरोपमा महिलामाथि गरिने अमानवीय व्यवहार, दाइजो, घरेलु हिंसा, बलात्कार, महिला बेचबिखन, जबर्जस्ती वेश्यावृत्ति परम्परा र धर्मका नाममा गरिने हिंसा सबै महिलाविरुद्ध हुने हिंसा हुन्।

नेपाल विश्वका गरिबमध्येको अग्रीम पंक्तिमा पर्ने मुलुक हो। अशिक्षा पछौटेपन, सामन्ती पित्तृसत्तात्मक चिन्तन र रुढिवादी मान्यतामा भने नेपाल निकै अगाडि छ। नेपालमा कृषिका लागि गरिने योगदानमध्ये ६० प्रतिशत महिलाहरूले निर्वाह गरेका छन् तर भूमिमाथिको स्वामित्व प्राप्त गर्ने महिलाको संख्या एकदमै कम छ। सम्पत्तिमाथि महिलाको अधिकार नहुनु र घरभित्रको कामको आर्थिक मूल्याङ्कन नहुनुले दिनको १२ घण्टा काम गरे पनि उनीहरू परनिर्भर नै मानिन्छन्। जब महिलाको श्रमलाई उत्पादनमूलक मानिँदैन तब उनीहरूको आत्मसम्मान, स्वतन्त्र अस्तित्व र मानव अधिकारको पनि वेवास्ता हुन्छ। यस्तो अवस्थामा महिलामाथि घरेलु तथा पारिवारिक हिंसा हुने स्थिति बढी देखिन्छ। विश्वका विभिन्न अनुसन्धानहरूले पनि यही पुष्टि गरेका छन्। नेपालका महिलाहरूको अवस्था पनि यस्तै नै छ। शिक्षामा अवसर प्राप्त नहुँदा, रोजगारीको अवसर प्राप्त हुँदैन। आर्थिकरूपमा परनिर्भर हुनु पर्दा निरीह भएर शारीरिक तथा मानसकि हिंसाको शिकार हुनुपर्ने बाध्यता अझै पनि धेरै नेपाली महिलालाई छ।

निजी जीवनमा हुने हिंसाका घटनाका कारण सामाजिक हिंसाको सुत्रपात हुने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। परिवार नै पहिलो संस्था हो, जसबाट नै सकारात्मक र नकारात्मक कुराहरूको शुरुवात हुन्छ। नेपाली समाजमा घरभित्रको झगडालाई अरुको व्यक्तिगत मामिला भनेर चासो लिइँदैन। देशका कतिपय भागमा दाइजो नल्याएको निहुँमा महिलामाथि हत्या हिंसाका घटनामा हुने गरेका छन्। इज्जतका नाममा महिलालाई मार्नेसम्मका कुर्कत्य सार्वजनिक हुन थालेका छन् जुन एक्काइसौँ शताब्दीको लाजमर्दो कार्य हो।

इन्सेकले गरेको अभिलेखका अनुसार महिलामाथि हुने हिंसाका घटना त्यसमा पनि घरेलु हिंसाका घटनामा दिन प्रतिदिन बढिरहेको पाइएको छ। नाबालकदेखि दिएर ७० वर्षीया वृद्धासमेत बलात्कारको शिकार भएका घटना अभिलेखित छन्। घरेलु हिंसाका घटनालाई घरभित्रको विषय मान्ने परम्परा तथा सोचमा अझै कमी नआएको कारण प्रहरीमा आएको उजुरीमा मिलापत्र गर्ने परिपाटी कायम छ। यसका दुई कारण छन् पहिलो घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐन जसले मेलमिलापको प्रावधानलाई प्राथमिकतामा राखेको छ। दोस्रो कारण उजुरी दिएपछिको पारिवारिक तथा सामाजिक दायित्व। पति वा परिवारका सदस्यविरुद्ध उजुरी दिएपछि पुन सोही घर फर्केर जानसक्ने वातावरण हुँदैन। हिंसामा परेका महिलाहरूको सुरक्षा र जीवनयापनको सवाल झन् टड्कारो भएर देखा पर्छ। यी र यस्ता अनेका कारण महिलाहरू हिंसा सहेर बस्न बाध्य हुन्छन्।

बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी निर्मला पन्त घटनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो पायो। राज्य संयन्त्र नै घटनाका प्रमाण मेट्न लागिपरेको आरोप सर्वत्र लागिरहँदा घटनाका दोषी दुई महिनासम्म पत्ता लाग्न सकेको छैन। सर्वोच्च अदातलले महिलामाथि हुने हिंसाको सुनवाइ द्रुतमार्गबाट गर्ने संयन्त्र तया गर्न सरकारका नाममा आदेश दिएको भए पनि सो को परिपालना हुन सकेको छैन जसका कारण हिंसा महिलाले न्यायका लागि लामो समय कुर्नुपर्ने बाधत्या रहिआएको छ। हिंसाविरुद्ध शून्य सहनशीलताको नीति राज्यले लिएको छ तर सो अनुरुपका संयन्त्र निर्माणमा कञ्जुस्याइँ हुने गरेको छ। महिलामाथि हुने हिंसा नियन्त्रणका लागि जनचेतनाको स्तर उठाउनुका साथै भएका ऐन कानुनहरूको प्रभावकारी कार्यन्वयन तथा दोषीलाई कडा कारबाही नै हो। यस्ता विषयमा राज्य चुक्नु हुँदैन।

सानै छ भुन्टे तर पिठ्युँमाथि भारी ...

गन्तव्य निकै टाढा छ। पुग्न कति दिन लाग्छ थाहा छैन। हुस्सु र तुषारोले ढाकिएको जीउ कठ्याङ्ग्रिने जाडो एक सातासम्म भारीले थिचिएर थिलथिले शरीर अझै, पैताला खियाउनु छ। आफूभन्दा भारी वहन गर्दै मुहार र पिठ्यूँ रातो भइसकेको छ तैपनि हँसिलै देखिन्छन्। गायक जीवन शर्माको गीत जस्तै छ रसुवाका ग्रामीण भारी बोकेरै बालबालिकाको जिन्दगी बित्दै छ।

रसुवा जिल्ला सदरमुकाम धुन्चे गाविस-२ ठाडेका १० वर्षीय सुरेश तामाङ स्थानीय सरस्वती प्रावि ठाडेमा कक्षा ४ मा अध्ययन गर्छन्। सुस्ताउदै एकपल्ट लाङटाङ हेर्दै हाँस्दै भने केही दुःख भए पनि रमाइलो ठाउँहरू हेर्न पनि कम्ती मजा हुन्न। यस्ता ठाँउहरू हेर्न विदेशी पर्यटक नआइदिए हामी कसरी लाङटाङ हेर्न आइपुग्थ्यौं र ? प्लाष्टिकको ठूलो बोत्तलमा झरनाको चिसो पानी भरेर भारीमा झुण्ड्याएका हुन्छन् जहाँ प्यास लाग्यो त्यहाँ पानी पिउदै हिँड्छन्। विद्यालय जाने उमेरका कलिलै अवस्थादेखि पढ्न रहर हुँदाहुँदै घरायसी दुःखले भारी खेप्नतिर लागियो अब त्यतैतिर रमाइलो साथीभाइ मिलेर खायो, हिँड्यो त्यसैमा रमाइलो हुन्छ यसरी भारी खेपेर पाँच बर्ष बिताएका रेप्पा तामाङ भन्छन्, "हिँउ, चर्को घाम, बर्से झरी नभनी ३५/४० किलो गन्हुँगो भारी बोकेर आजसम्म चलेको छ, खानैका लागि भने पनि केही त गर्नै पर्‍यो नि।"

असार साउनका बेला पर्यटक आउने मौसम होइन त्यसबेला उनीहरू पहिरोले अबरुद्ध पासाङ ल्हामु मार्गको सडकमा यात्रीका झोला खाद्यान्नका भारीहरू तार्न तल्लिन हुन्छन्। उनीहरू बस आएको परैबाट देख्नासाथ दौडेर तछाड मछाड गर्दै भारी खेप्न आउछन्। पहिल्यै भारीको दर तोकेर मात्र समातेको भारी बोक्छन् भारी पहिरो तारेर ठाँडे पुऱ्याएपछि बसमा चढाएरमात्र पैसा लिएर फर्कन्छन्। राम्चे विद्यालय खुल्ने समयमा पनि राम्चे, ग्राङ र ठाँडेका बालबालिकाहरू कमै मात्रामा विद्यालय आउछन्। 'उनीहरू भारी खेप्नै व्यस्त हुन्छन् अरुबेला पनि अभिभावकसँग गोठालो जान्छन्' स्थानीय ग्राङ प्राविका शिक्षक नारद काफ्लेले बताए।

अहिले पर्यटक घटे पनि मौसमका लागि र त्यहाँ बस्ने व्यापारीका लागि खाद्यान्न ओसार्नु पर्‍यो। हिउँ परेको बेला होस् कि झरी उकाली ओरालीमा कहिले गोसाँइकुण्ड त कहिले ब्रवलभीर, कहिले मूलखर्क पहिरो त कहिले लाङटाङ जाँदै। ४० किलोको भारीले थिचिएको अवस्थामा भेटिने डाँडागाउँका १२ वर्षीय कान्छा तामाङ भन्छन् "के गर्ने गरिबका कोखमा जन्म भएपछि दुःख त परिगयो, तर दुःख मान्दिन बाबु बाजेले पनि तिब्बतबाट नुनको भारी बोकेर गुजारा चलाए, हामी त आफ्नै देशमा घुम्न पनि पाइया छ।" पर्यटक आउने मौसममा केही समय पढाइ छाडेर भारी बोक्ने उनी ५ कक्षामा पढ्छन्। सुरेश र कान्छाको मात्र होइन, यहाँका सयौँ बालबालिकाको स्थिति यस्तै हो।

कतिपयको परिवार पाल्ने बाध्यता रहे पनि कति भने सुखी नै देखिन्छन्, पकेट खर्च बनाउनका लागि महिनामा एक दुईपल्ट यसरी भारी बोकेर ट्रेकिङ गर्नेहरू पनि छन् भने विद्यालयको छुट्टीमा पनि पढाइ खर्च जुटाउन भारी बोक्ने बालबालिकाहरू पनि यहाँ थुप्रै छन्। ग्राङकै कक्षा ४ का अर्का ११ वर्षीय रजमान तामाङले भने, आजभोलि दैनिक ३ /४ सय जति कमाइन्छ, कापी कलम र बर्षभरिको पाकेट खर्च पनि चलेको छ। सडक अबरुद्ध भने हाम्रो त अम्दानीको बाटो नै हट्छ।" अरुजस्तै विद्यालय गएर पढ्ने, भविष्यमा नीति निर्माणका लहमा पुग्ने आफ्ना भित्री इच्छालाई दबाएरै भारी बोक्न बाध्य कलिला यी बालबालिकाको मुहारमा कसले ध्यान दिने ? बाध्यता जस्तै छ बाबु/आमा सँगसँगै गोठालो, होटलमा, गाडीमा काम गर्न अबरुद्ध पासाङ ल्हामु सडकमा भारी बोकेर पहिरो तार्न जस्ता जोखिमपूर्ण काम गर्न बाध्य बालबालिकाहरूको मुहारमा खुसी ल्याइदिने को ?

हेमनाथ खतिवडा
रसुवा
(साभार : प्राची संचेतना द्वैमासिक, पूर्णाङ्क ६४, कात्तिक-मङ्सिर २०६४)

विकासको भोक



सुबोधराज प्याकुरेल

गाउँघरमा सरकारले हालिदिएको धाराको टुटी बिग्रन्छ, कसैले मर्मत गर्दैन् । पाइप फुटेर पानी खेर गइरहेको हुन्छ, कसैले वास्ता गर्दैन । अनि औँ ला ठड्याएर सरकारलाई गाली गरेको सुनिन्छ, खोइ, किन मर्म्मत नगरेको ? भन्दै । यो व्यवहारले बताइरहेको हुन्छ कि हामीले विकास भन्नासाथ अरुले हाम्रो लागि गरिदिने विकास भन्ठानेका छौँ । यो नै हाम्रो अविकास र अवनतिको लक्षण हो ।

हामी नेपालीमा आजभोलि विकासको भोक जागेको छ। भौतिक विकास र सामाजिक सुरक्षाको अवस्था माओवादी 'जनयुद्ध' कालदेखि लगभग ठप्प अवाथामा रह्यो। बहुदलीय व्यवस्थाको पुनरागमन भएको झन्डै तीन दशकसम्म कुनै पनि सरकार एक वर्ष पनि टिकेनन् अनि सबैलाई लाग्यो कि स्थिर सरकार नै विकासको आधार हो। विकासको अर्थ हुन्छ नागरिकमा स्वामित्व भाव र सन्तुष्टिको आर्जन, उदाहरणका लागि अस्ट्रेलिया स्वतन्त्र भए यता एकाध बाहेक कुनै पनि सरकार एक वर्ष टिकेको छैन धेरै विकसित भनिएका डेनमार्क फिनल्याण्ड इजरायल लगायतका दर्जनौँ देशमा अल्पमतको सरकारले शासन गरेको दशकौँ भइसक्यो हामी कहाँ विकास किन भएन त ? हामी सोच्छौँ कि सरकारले बजेट दिन्छ, कर्मचारीले टेन्डर आह्वान गर्छन् र ठेकेदारले विकास गरिदिन्छ। सुरक्षा भन्नासाथ पुलिसलाई र विकास भन्नासाथ भौतिक विकासलाई सम्झने हाम्रो संस्कारमा आमूल परिवर्तन नआउन्जेल विकासले बाटो लिन सक्नेवाला छैन। सरकार वा राज्यका अङ्ग भनेको जनताको विकासको कृयालाई सहजीकरणसम्म गरिदिने निकाय हुन्। बाटो, नहर, अस्पताल वा विद्युत, खानी जस्ता विषय जनताले आफै गर्नसक्ने कुरा होइन। त्यसमा विशाल धनराशी, उच्चस्तरीय प्रविधि आदि चाहिन्छ। त्यस्ता ठूला विकासका संरचनाले अरु स–साना विकासका अभियानलाई सहजीकरण गर्छन् तर संरचनाको विकासका साथै जनताले त्यसको उपयोग गर्ने चेतना र उपयोगिता कसरी हुन्छ त्यसमा मात्र जनताको विकासको खाका देखिन्छ।

हामी कहाँ चर्चा चल्ने गर्छ कि फलानो विकासको काम थोत्रिएर गइसक्यो, कसैले मर्मत सम्हार गर्दैन। गाउँघरमा सरकारले हालिदिएको धाराको टुटी बिग्रन्छ, कसैले मर्मत गर्दैन। पाइप फुटेर पानी खेर गइरहेको हुन्छ, कसैले वास्ता गर्दैन। अनि औँला ठड्याएर सरकारलाई गाली गरेको सुनिन्छ, खोइ, किन मर्म्मत नगरेको ? भन्दै। यो व्यवहारले बताइरहेको हुन्छ कि हामीले विकास भन्नासाथ अरुले हाम्रो लागि गरिदिने विकास भन्ठानेका छौँ। यो नै हाम्रो अविकास र अवनतिको लक्षण हो। अरुले तपाइँका लागि गरिदिने कुरा दया होला, दान होला, विकास होइन। विकासको आवश्यकतालाई चिनेर त्यसका लागि प्रतिबद्ध हुनु विकासको पहिलो आवश्यकता हो। त्यस्तो विकासको काममा सहजीकरण गर्नसक्ने पात्र पहिल्याउन सक्नु पहिलो क्षमता हो। विकासका काममा संलग्न हुनु अर्थात योगदान गर्न तत्पर हुनु पहिलो सर्त हो र, आफ्नो विकासका लागि निर्मित कामको रेखदेख सम्हारप्रति चनाखो रहेर सामेल हुनु पहिलो दायित्व हो अर्थात प्रतिबद्धता, पात्र, योगदान र सामेली विकासका चार पूर्व सर्त हुन्। यदि घर बनाएर स्कुल अस्पताल चल्ने भए जहाँतहीँ चल्ने थियो। बनाउनासाथ हुने भए भत्किएका सडक, पुल, चुहिने भवन र अतिक्रमित सार्वजनिक जमिन वन देख्नुपर्ने थिएन। सार्वजनिक सम्पत्ति अर्थात्

हामी सोच्छौं कि सरकारले बजेट दिन्छ, कर्मचारीले टेन्डर आह्वान गर्छन् र ठेकेदारले विकास गरिदिन्छ । सुरक्षा भन्नासाथ पुलिसलाई र विकास भन्नासाथ भौतिक विकासलाई सम्झने हाम्रो संस्कारमा आमूल परिवर्तन नआउन्जेल विकासले बाटो लिन सक्नेवाला छैन । सरकार वा राज्यका अङ्ग भनेको जनताको विकासको कृयालाई सहजीकरणसम्म गरिदिने निकाय हुन् । विकास गर्न बाटो नहर अस्पताल वा विद्युत खानी जस्ता विषय जनताले आफैँ गर्नसक्ने कुरा होइन । त्यसमा विशाल धनराशी, उच्चस्तरीय प्रविधि आदि चाहिन्छ र त्यस्ता ठूला विकासका संरचनाले अरु स-साना विकासका अभियानलाई सहजीकरण गर्छन् तर संरचनाको विकासका साथै जनताले त्यसको उपयोग गर्ने चेतना र उपयोगिता कसरी हुन्छ त्यसमा मात्र जनताको विकासको खाका देखिन्छ ।

विकासका ती कामहरू जो आम नागरिकका लागि गरिएका हुन्छन् अथवा सार्वजनिक कोषको रकम जुन आमनागरिकबाट लिइएको हुन्छ, त्यसको उपयोग शुद्ध मनले मात्र गर्नु पर्छ र गर्न दिनु पर्छ। सूचनाको हकको कानुन छ। दुरुपयोगको शंका लागेमा सोध्न पाइन्छ। कानुनको शासन भएको देश हो, उजुरी गर्ने निकाय पनि छन् तर निरास भएर अरुलाई सात्तोसराप मात्र गरेर केही हुनेवाला छैन। कुनै पनि सार्वजनिक सम्पत्ति र सेवाको दुरुपयोग गरिएमा त्यसलाई जघन्य अपराध मानिन्छ। किनकी त्यस्तो दुरुपयोगले थुप्रै मानिसलाई दुःख दिन्छ। त्यसैले सार्वजनिक सम्पत्ति सेवा र पदको दुरुपयोग गर्नेलाई दिइने सजायको मात्रा व्यक्तिगत गलत गर्नेलाई भन्दा बढी हुन्छ।

संयुक्त राष्ट्रसङ्घले घोषणा गरेको दिगो विकास लक्ष्य सन् २०३० सम्ममा अर्थात अबको १२ वर्षमा हासिल गर्नुपर्नेछ। उक्त लक्ष्यको १७ वटा बुँदा छन् जसमा गरिबीको अन्त्य, भोकमरीको अन्त्य, आरोग्यता, गुणस्तरीय शिक्षा, लैंगिक समानता, साफा पानी र सरसफाइ, स्वच्छ उर्जा, मर्यादित काम र आर्थिक वृद्धि, उद्यम नवीन खोज र पूर्वाधार, असमानताको न्यूनीकरण, दिगो बस्ती, जिम्मेवारीपूर्ण उपभोग र उत्पादन, जलवायुको शुद्धता, नदीनाला र पानीका श्रोतको संरक्षण, वातावरण र वन, शान्ति र न्यायका लागि सशक्त संस्थागत विकास तथा उल्लेखित लक्ष्यका लागि साझेदारी तोकिएको छ। अन्तिम अर्थात सत्रौं बुँदाले घोषित गरेको कुरा के हो भने आमनागरिकको योगदान र साझेदारी बेगर यी लक्ष्य प्राप्त गर्न असम्भव छ। नागरिक समाज, नागरिक र अनेकन क्षेत्रमा सङ्गठित व्यक्तिहरूको साथ सहयोग मात्र होइन कि नेतृत्व बेगर दिगो आर्थिक विकास लक्ष्य प्राप्त गर्न असम्भव हुनेछ। अहिले स्थानीय सरकार बनेको छ। र, संविधान बमोजिम उनीहरूले नागरिक संगठन वा समूहसँग मिलेर काम गर्नसक्ने ढोका खुलेको छ। हाम्रो आवश्यकता अनुसारकै हाम्रो क्षमता पनि हुने गर्छ। यो शास्वत नियम हो। सानो बस्तीका लागि प्राथमिक पाठशाला, उपचार केन्द्र वा प्रसुती सेवा जस्ता कुरा प्राथमिक आवश्यकताका कुरा होलान् ठूला शहरमा कलेज अस्पतालको माग होला। आवश्यकताको पहिचान गर्न, त्यसका लागि आफ्नो तर्फबाट हुनसक्ने योगदानका लागि तत्परता व्यक्त गर्न र राज्यका सम्बन्धित अङ्गलाई परिचालित गरेर सहजीकरण गर्नसक्ने समाजले नै विकासको लक्ष्य हासिल गर्न सक्छ होइन भने विकासको भोक भोक मात्र रहनेछ। भोक शान्त हुन कठिन छ। किनकी तपाइँको भोक अरुलाई लाग्दैन र, भोक सामना गर्ने तपाइँको इच्छामा कुन चाहिँ स्वाद प्राथमिकतामा परेको छ भन्ने कुरा अरुले जान्दैन। त्यसैले विकासको भोक लाग्नु राम्रो तर भोक निवारणको दिगो उपाय नजान्नु नराम्रो।

विश्लेषण

तेजमान श्रेष्ठ[१]

नेपालमा महिलाको प्रजनन स्वास्थ्य अधिकार

१. विषय प्रवेश

स्वास्थ्यसम्बन्धी अधिकारमा समाहित विभिन्न अधिकारमध्ये महिलाको प्रजनन स्वास्थ्य अधिकार पनि एक महत्वपूर्ण अधिकार हो। नेपाल अधिराज्यको संविधान, २०४७ मा यस सम्बन्धमा स्पष्ट व्यवस्था नगरिए पनि सोही संविधान अर्न्तगत अन्नपूर्ण राणा वि. काठमाडौं जिल्ला अदालत रहेको मुद्दामा गोपनीयताको हकको व्याख्या गर्दा मौलिक हकको रूपमा महिलाको यौन तथा प्रजनन स्वास्थ्यको हकका बारेमा नेपालको सर्वोच्च अदालतबाट उपचार प्रदान गरिएको थियो। यो नै महिलाको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक न्यायपालिकाबाट कार्यान्वयन गरिएको पहिलो मुद्दा हुनुपर्छ। वर्तमान नेपालको संविधान (२०७२)[१] मा यस हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ भने सो हकलाई कार्यान्वयनमा ल्याउनका लागि 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' भर्खरै जारी भएको छ।[२] स्वास्थ्यसम्बन्धी हकलाई सुनिश्चित गर्ने कानुनी यात्रामा महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई संवैधानिक रूपमा नै स्वीकार गरिएको व्यवस्था सम्भवत सबैभन्दा ठूलो उपलब्धि हो। यस लेखमा महिलाको प्रजनन स्वास्थ्य अधिकारको सम्बन्धमा भएको संवैधानिक तथा ऐनको व्यवस्थाको बारेमा छलफल गरिएको छ। साथै महिलाको प्रजनन स्वास्थ्य अधिकार उपभोगका लागि अन्य हकहरू पनि उत्तिकै आवश्यक पर्ने भएकाले समग्र स्वास्थ्यसम्बन्धी हकको बारेमा समेत जोडेर छलफल गरिएको छ।

महिलाको प्रजनन स्वास्थ्य अधिकारका बारेमा परम्परागत रूपमा स्पष्ट महिला स्वयम्लाई खास भूमिका दिएको अवस्था थिएन। अधिकांश परिवारमा पारिवारिक मूली पुरुष हुने भएको नाताले र सामाजिक मूल्यका कारण प्रजनन स्वास्थ्यसम्बन्धी हक अधिकारको बारेमा महिला स्वयम्को भूमिका पुरुषको तुलनामा कम नै थियो। समाजमा मानव अधिकारको विकाससँगै महिला अधिकारमा आएको व्यापकता र अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डहरूलाई नेपालले पनि संवैधानिक र कानुनी रूपमा नै प्रत्याभूत गरिसकेको अवस्था छ। सामान्य त महिलाको प्रजनन स्वास्थ्य हक भन्नाले वैवाहिक सम्बन्धका आधारमा मात्र नभई विवाह पूर्व पनि सो सम्बन्धमा जानकारी पाउने वा सुसूचित हुन पाउने, परामर्श लिने, सोसँग सम्बन्धित सेवा वा वस्तुको छनौट गर्न पाउने, सो सम्बन्धमा स्वतन्त्र निर्णय गर्न पाउने, इच्छा विपरीत कुनै पनि परीक्षणका लागि बाध्य नबनाइने र गर्भावस्था तथा सुत्केरी अवस्था पर्याप्त पोषण, स्याहार पाउनेलगायतका हकहरू पर्दछन् जसको बारेमा ऐनको दफा ३ मा व्यवस्था गरिएको छ।

२. प्रजनन स्वास्थ्यसम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधान (२०७२) मा यस हकलाई मौलिक हकअर्न्तगत समावेश गरिएको छ भने सो हकलाई कार्यान्वयनमा ल्याउनका लागि विशिष्टिकृत ऐनको रूपमा 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' समेत जारी भएको छ।

२.१ संवैधानिक व्यवस्था

महिलाको विशेष प्राकृतिक अवस्थाले गर्दा स्वास्थ्यसम्बन्धी हकमा उनीहरूलाई पुरुषलाई भन्दा फरक रूपमा प्रदान गरिनु पर्छ। सोही विशेषतालाई आत्मसात गर्दै संविधानले महिला वर्गको प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा धारा ३८ (२) मा सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने भन्ने व्यवस्था गरेको छ। त्यसैगरी सोही धाराको उपधारा (५) मा "महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने" भन्ने उल्लेख छ। यसरी उपधारा (२) मा गरिएको सारवान हकलाई उपभोग गर्न राज्यले सकारात्मक विभेदको रूपमा उपभोग गर्न सक्ने गरी उपधारा (५) को व्यवस्था गरिएको हो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०(२) ले महिलालाई प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार प्रदान गरेको थियो।

प्रजनन स्वास्थ्यलाई समग्र स्वास्थ्यसम्बन्धी हक, समानतासम्बन्धी हक, गोपनीयतासम्बन्धी हकलगायतसँग जोडिएर हेरिएन भने यो हक उपभोग गर्न सम्भव हुँदैन। धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक

---

१. संविधानको नाम 'नेपालको संविधान' भए पनि सहजताको लागि यस लेखमा संविधान जारी भएको वर्षलाई कोष्ठमा प्रयोग गरिएको छ।

२. मौलिक हक कार्यान्वयनका लागि संविधान जारी भएको तीन वर्षभित्रमा ऐनहरू जारी गर्नुपर्ने संवैधानिक व्यवस्था अनुसार २०७५ साल भाद्र ३१गते आईतबार संसद्ले यो ऐन पारित गरेको हो। सो ऐन मिति २०७५ आश्विन ३ गते राष्ट्रपतिवाट प्रमाणीकरण भएको छ।

अन्तर्गत नागरिकले राज्यका तर्फबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने[३], त्यस्तो सेवा प्राप्त गर्नबाट कसैलाई पनि (गैर नागरिकलाई समेत) वञ्चित नगरिने[४] त्यस्तो सेवा तथा उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने[५] भन्ने व्यवस्था गरिएको छ। त्यस्तै नागरिकले राज्यका तर्फबाट प्राप्त गर्ने हकहरू सबैले समान रूपमा प्राप्त गर्ने व्यवस्था उपधारा ३ मा व्यवस्था गरिएकाले यस हकलाई धारा १८ को समानतासम्बन्धी हकलाई समेत जोडेर हेर्नुपर्ने हुन्छ।[६] नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(२) ले आधारभूत स्वास्थ्यसम्बन्धी अधिकार प्रदान गरेको थियो।[७] यसर्थ धारा ३८ को उपधारा (२) मा प्रत्याभूत गरेको "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने" व्यवस्था र धारा ३५ (२) को "प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक" को व्यवस्थालाई सँगै जोडेर कार्यान्वयन गर्न सकेमा महिलाको स्वास्थ्य हकले सार्थकता पाउँछ।[८] प्रत्येक नेपाली महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी हकले संवैधानिक प्रत्याभुति पाउनुले नेपाल महिलाको सबै प्रकारका हकहरूलाई उपभोग योग्य बनाउनतर्फ उद्यत छ भन्ने सङ्केत गर्दछ।

संविधानमा मौलिक हकको रूपमा व्यवस्था गरिनु मात्र पर्याप्त हुँदैन। यसका लागि आवश्यक पर्ने स्रोत साधनको परिचालन र पहुँच नपुगेको वर्गका लागि विशेष व्यवस्था हुनसमेत जरुरी छ। नेपालको संविधानको धारा ४२ (२) मा "आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक" को व्यवस्था गरिएको छ भने उपधारा (५) मा नेपालमा लोकतान्त्रिक परिवर्तनको लागि भएका सङ्घर्षका क्रममा "जीवन उत्सर्ग गर्ने शहीद तथा बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर पाउने हक हुने" व्यवस्था छ तर यी हकहरू कानुनबमोजिम हुने भन्ने व्यवस्था छ। त्यसैगरी समाजमा विभेदीकरणको कारण वञ्चितीकरणमा पारिएका दलित वर्गका लागि धारा ४० मा "दलितको हक" अन्तर्गत उपधारा (३) मा "दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिने" भन्ने व्यवस्था छ। यसले आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका दलित वर्गका लागि राज्यले विशेष व्यवस्था गरी उनीहरूलाई पनि अन्य वर्ग जस्तै सवल बनाउन सहयोग पुऱ्याउँछ।

मौलिक हकहरू संवैधानिक कानुनी उपचारबिना मौलिक हक हुन नसक्ने हुनाले संविधानको धारा ४६ मा सो को प्रत्याभूत यसरी गरिएको छ। यसरी मौलिक हक उल्लङ्घन भएमा पीडितले शुरु अदालतबाट कानुनी उपचार सुरु नगरी सिधै सर्वोच्च वा उच्च अदालतहरूमा रिट उपचारमार्फत कानुनी उपचार प्राप्त गर्न सक्दछन्।

२.२ ऐनको व्यवस्था

मौलिक हकहरूलाई प्रचलित तुल्याउन धारा ४७ मा "मौलिक हकको कार्यान्वयन" को व्यवस्था अन्तर्गत यी हकहरूको कार्यान्वयनका लागि 'आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ' भन्ने व्यवस्था छ जसले गर्दा सरकारलाई ऐन निर्माण नहुँदासम्म यी हक कार्यान्वयन गर्न थप उदासिन बनाउन बल पुऱ्याउन सक्ने अवस्था थियो।[९] तर सरकारले यो हक कार्यान्वयन गर्नका लागि पर्याप्त तयारी विना हतारमै भए पनि ऐन जारी गरिसकेकोलाई भने सकारात्मक रूपमा नै ग्रहण गर्नुपर्ने हुन्छ।

प्रत्येक नेपाली महिलाको आफ्नो यस हकलाई संविधानमा मौलिक हकअन्तर्गत समावेश गरिएको र धारा ४७ मुताविक सो हकलाई कार्यान्वयन गर्न विशिष्टिकृत ऐनको रूपमा 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' समेत जारी भइसकेको छ। तसर्थ यी हकको कानुनी प्रत्याभूतिमा संशय रहेन। ऐनको दफा ३ लगायतका अन्य दफाहरूमा समेत महिलाको प्रजनन स्वास्थ्य हक अर्न्तगत वैवाहिक सम्बन्धका आधारमा मात्र नभई विवाह पूर्व पनि सो सम्बन्धमा जानकारी पाउने वा सुसूचित हुन पाउने, परामर्श लिने, सोसँग सम्बन्धित सेवा वा वस्तुको छनौट गर्न पाउने, सो सम्बन्धमा स्वतन्त्र निर्णय गर्न पाउने, इच्छा विपरीत कुनै पनि परीक्षणका लागि बाध्य नबनाइने र गर्भावस्था तथा सुत्केरी अवस्था पर्याप्त पोषण, स्याहार पाउने, कसैले सो हक हनन् गरे क्षतिपूर्ति समेत पाउने लगायतका हकहरूको बारे व्यवस्था गरिएको छ। 'प्रत्येक महिलालाई गर्भान्तर वा सन्तानको सङ्ख्या निर्धारण गर्ने अधिकार हुनेछ' भन्ने दफा ३ को व्यवस्थाले अब गर्भान्तर र सन्तान कहिले कसरी पाउने भन्ने लगायतका सन्तान जन्माउने आधारभूत विषयमा निर्णय गर्ने अधिकार आत्मनिर्णयको रूपमा महिलालाई मात्र प्रदान गरिएको छ। यो व्यवस्थाले महिलाको आत्मनिर्णयको अधिकारलाई उचित स्थान दिए पनि परम्परागत नेपाली समाजमा यसको पूर्ण उपभोग हुन नै सन्देह गर्न

३. धारा ३५ (१)
४. धारा ३५ (१)
५. धारा ३५ (२)
६. तेजमान श्रेष्ठ (२०१६)। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको (खाद्यान्न, शिक्षा, स्वास्थ्य अधिकार) सम्बन्धमा विद्यमान कानुन तथा नीति कार्यान्यवनमा अन्तरसम्बन्धी अध्ययन। काठमाडौँ : इन्सेक, पृष्ठ ११०। तेजमान श्रेष्ठ 'नेपालमा स्वास्थ्यसम्बन्धी अधिकार: संवैधानिक व्यवस्था कति पर्याप्त?' कानुन अंक ११९ कानुन व्यवसायी क्लब काठमाडौँ, पृष्ठ २७।
७. माथिकै , पृष्ठ १११
८. माथिकै पृष्ठ १११
९. तेजमान श्रेष्ठ। 'नेपालमा स्वास्थ्य सम्बन्धी अधिकार: संवैधानिक व्यवस्था कति पर्याप्त?' कानुन अंक ११९ कानुन व्यवसायी क्लब काठमाडौँ, पृष्ठ २७।

सकिन्छ र यदि त्यसो भएमा यसले पारिवारिक दायित्व कमी आउनसक्ने खतरा पनि उत्तिकै रहन्छ। सो ऐनको दफा ४ ले आफूले प्राप्त गरेका सेवा तथा सूचना गोप्य रहने व्यवस्था गरेबाट अब समाजमा कसैको निजत्वमाथि प्रहार हुने अवस्था आउने छैन। त्यस्तै दफा १५ मा सुरक्षित गर्भपतनको सेवालाई प्रत्याभूत गरिएको छ। ऐनको दफा २६ मा पीडितले कसुरदारबाट क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था छ। यसर्थ कानुनी रूपमा अब महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी हक प्रत्याभूत भएको छ।

अन्य कुनै पनि हकलाई जस्तै महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई पनि कानुनी रूपमा प्रत्याभूत गरिनु अत्यन्तै सुखद हुँदाहुँदै पनि यस प्रत्याभूतिले मात्र अब महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी हक पूर्ण रूपमा प्रत्याभूत भएको छ भनी निष्कर्षमा पुग्नु अलि हतारो नै हुनेछ। किनकी प्रजनन स्वास्थ्यसम्बन्धी समस्याका कारण महिलाले अनाहकमा ज्यान गुमाउने, उनीहरूको गर्भमा रहेको भ्रुण खेर गई अपुरणीय क्षति हुन गई मानसिक रूपमा महिला तथा परिवारका सदस्य प्रताडित हुँदा पनि स्वास्थ्यकर्मीले सो सम्बन्धमा चित्तबुझ्दो जवाफ र जानकारी दिएको अवस्था छैन। त्यसैले उपचार पाउने हक (दावी) सँगै उनीहरूलाई जानकारी पाउने हक (हकदावी वा धारण गरेको अवस्था) पनि भएकाले यी दुवैलाई उपभोग गर्ने अवस्थाको सिर्जना गर्नु सबैभन्दा ठूलो चुनौती हो।[१०] उदाहरणका लागि नवलपरासीको जिल्ला सदरमुकामस्थित पृथीचन्द्र अस्पताल, रामग्राममा सुत्केरी भइसकेकी राजिया खातुनको गरिएको शल्यक्रिया पश्चात उनको स्वास्थ्य अवस्था बिग्रन गयो। त्यसपछि उनलाई सुविधा सम्पन्न अरु अस्पतालमा लगियो र अन्तत केही दिनको अन्तरालमा उपचारकै क्रममा उनको निधन भयो। सुत्केरी गराउँदा र त्यसपछिको उपचारमा चिकित्सक र अन्य संलग्न कर्मचारीले निज र निजको परिवारजनलाई सो सम्बन्धमा पर्याप्त जानकारी नदिएको भन्ने अदालतको ठहर छ। सो घटना चिकित्सकीय लापरबाही भयो भनी उपभोक्ता संरक्षण ऐन, २०५४ अर्न्तगत उचित क्षतिपूर्तिका लागि परेको निवदेनमा सर्वोच्च अदालतले जिल्लास्थित क्षतिपूर्ति निर्धारण समितिले तय गरेको क्षतिपूर्तिलाई उचित ठहऱ्याएको छ।[११] तसर्थ जन्मान्तर र सन्तानको संख्या निर्धारण गर्नु मात्र पर्याप्त होइन, सोसँग सम्बन्धित अन्य सेवा प्राप्त गर्नु समेत उत्तिकै महत्वपूर्ण हो।

३. राज्यका दायित्वहरू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र अर्न्तगतको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले आफ्नो आमटिप्पणी नं १४ मार्फत स्वास्थ्यसम्बन्धी राज्यका तीन प्रकारका दायित्वहरू हुने भनी व्याख्या गरेको छ जुन यसप्रकार छ:[१२]

१. सम्मान गर्ने
२. संरक्षण गर्ने
३. परिपूरण गर्ने

त्यसैले अरु स्वास्थ्य हक जस्तै महिलाको प्रजनन स्वास्थ्यको उपभोग गर्ने वातावरण श्रृजना गर्नु राज्यको दायित्व हुन आउँछ। सम्मान गर्ने दायित्व अर्न्तगत राज्य आफूले नागरिक वा व्यक्तिका हक नखोस्ने अर्थात राज्यको हस्तक्षेप नहुने जस्ता दायित्वहरू पर्दछ। यो दायित्व प्रारम्भिक नकारात्मक दायित्व (negaitve obligation) हो।[१३] खासगरी नकारात्मक दायित्व भनेको राज्य वा सरकार आफैँले सिधै हक उल्लङ्घन नगर्ने प्रकृतिको भनेको हो। संरक्षण गर्ने दायित्व अर्न्तगत राज्य आफूले ती हकहरू हनन् नगरे पनि तेस्रो पक्ष जस्तो की व्यवसायी, अन्तर्राष्ट्रिय संस्था आदिले खोस्न वा हनन् गर्न सक्ने हुनाले त्यस्तो नहोस भन्नाका लागि कानुन तथा संयन्त्र निर्माण गर्ने दायित्व पर्दछन्। परिपूरण गर्ने दायित्व अर्न्तगत यो हकको पूर्ण अनुभूतिका लागि आवश्यक उचित उपायहरूको अवलम्वन गर्नुपर्ने दायित्व पर्दछ।[१४] यस दायित्वमा खासगरी दुईवटा जिम्मेवारी पर्दछन्: (क) कुनै हकको हनन् भएमा सो को अनुसन्धान गरी क्षतिपूर्ति प्रदान वा पुर्नस्थापना गर्नुका साथै त्यस्तो घटना दोहोरिन नदिने प्रत्याभूति गर्नु, (ख) दोस्रो जनचेतनाको अभिवृद्धि गर्नु। यसरी राज्यले यी तीन अर्न्तसम्बन्धित आफ्नो दायित्व पूरा गरे मात्र कुनै पनि हकको उपभोग गर्ने अवस्थाको श्रृजना हुन्छ।

४. उपभोगको अवस्था

नेपालमा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी कानुन भए पनि त्यसको कार्यान्वयन अभावमा थुप्रै महिलाहरूले प्रजनन समस्या भोग्नुपरेको अधिकारकर्मीहरूको दावी छ। प्रजनन स्वास्थ्यसम्बन्धी थुप्रै कानुन बने पनि त्यसको उचित कार्यान्वयन अभावमा महिलाहरू हिंसा सहन बाध्य भएको अवस्था विद्यमान छ। महिलाहरूले आफ्नो यौन तथा प्रजनन स्वास्थ्यको उचित अभ्यास गर्न नपाउनु प्रमुख एउटा कारणचाहिँ यहाँको संस्कार तथा संस्कृतिको रूपमा रहेको वालविवाह पनि हो।[१५] वालविवाहको समस्या नेपालको लागि ठूलो चुनौती बनेर रहिरहेको छ। नेपाल संसारकै १० धेरै बालविवाह दर भएको देश मध्ये एक र एक्षिण एशियामा तेस्रो धेरै

१०. तेजमान श्रेष्ठ (२०१६)। पाद टिप्पणी ७ , पृष्ठ १११

११. नेसार अहमद मिया वि डा प्रमोद पौडेल समेत, क्षतिपुर्ति दिलाई कारवाही गरी पाउँ ०६६ CI ०४२०, निर्णय मिति २०७४ कार्तिक २ गते

१२. Tejman Shrestha. Study of Implementation Gap of Existing Laws and Policies in Regards to Women, People with Disabilities and Dalit Rights. INSEC: Kathmandu: 2016, page 33. See also Genreal Comment of the Committee on Economic Social and Cultural Rights Committee.

१३. Frederic Meget. Nature of Obligations in International Human Rights Law. Eds Daniel Moeckli, Sangeeta Shah & Sandesh Sivakumaran. Oxford University Press, United Kingdom, 2014(2nd Ed). p.

१४. http://www.ohchr.org/EN/Issues/ESCR/Pages/WhataretheobligationsofStatesonESCR.aspx

१५. मोहना अन्सारी, अनलाइनखबर, प्रकाशित मिति २०७३ माघ ३ गते २० ? http://www.onlinekhabar.com/2017/01/529760/>माथिकै

बालविवाह दर भएको मुलुक हो।[१६] यस तथ्याङ्कले नेपालमा बालविवाहको समस्या भएको इङ्गित गर्दछ।

केही समस्या रहँदा रहँदै पनि प्रजनन स्वास्थ्यमा महिलाको आत्मनिर्णयको अवस्था उत्साहजनक रहेको भनी केही अध्ययनले औँल्याएको छ। मानव अधिकारसम्बन्धी अमेरिकी सरकारको एक प्रतिवेदनअनुसार नेपाली 'दम्पती तथा व्यक्तिहरूले सामान्यतया आफ्नो बालबच्चाको सङ्ख्या, बालबच्चाबीचको अन्तराल र समयबारे स्वतन्त्र र जिम्मेवारीका साथ निर्णय गर्न सक्छन् र ती निर्णयहरूका आधारमा उनीहरूमाथि भेदभाव, करकाप र हिंसा भएन।'[१७] यस अध्ययनले नेपाली समाजमा आफ्नो बालबच्चाको सङ्ख्या, बालबच्चाबीचको अन्तराल र समयबारे स्वतन्त्र र जिम्मेवारीका साथ निर्णय गर्न परिवार सक्षम छ भनी देखाएको छ, जसले निर्णय प्रक्रियामा महिला सहभागिता बढेको देखाउँछ।

प्रजनन स्वास्थ्यसम्बन्धी हक र परिवार नियोजनका साधनसम्मको पहुँचका बारेमा नेपाली समाजमा अझै पनि खुलेर कुरा हुने अवस्था छैन। सन् २०११ मा गरिएको एक राष्ट्रिय सर्वेक्षणका अनुसार १५ देखि ४९ वर्षका विवाहित महिलाहरूमध्ये ८३ प्रतिशतलाई परिवार नियोजनका अस्थायी साधनको बारेमा जानकारी छ । ५४ प्रतिशतले जीवनमा एकपटक प्रयोग गरेको छन् र ३० प्रतिशलले सर्भेको अवधिमा पनि त्यस्ता साधनहरू प्रयोग गरिरहेका छन्।[१८] यसर्थ अझै पनि १५ देखि ४९ वर्षका उमेर समूहका १७ प्रतिशत विवाहित महिलाहरूको सो सम्बन्धमा जानकारी नै नभएको हुँदा कम्तीमा पनि १७ प्रतिशत त्यस्ता महिलाको त्यस्ता साधनसम्मको पहुँच नपुगेको देखियो। जसका कारण अवाञ्छित गर्भाधारण, असुरक्षित गर्भपतन तथा विभिन्न यौन रोगको सङ्क्रमण हुने जोखिमबाट आधा भन्दा बढी जनसङ्ख्या रहेको देखियो।

सगम्रमा महिलाको प्रजनन स्वास्थ्यलाई मौलिक हकको रूपमा व्यवस्था गरिनु महिलाहरूले सो हक उपभोग गर्नका लागि आधारस्तम्भ तयार भएको छ। सो अनुसारका कानुनहरू निर्माणले समेत पूर्णता पाइसकेको भए पनि अझै पनि ती सेवासम्म पहुँच नपुग्ने सङ्ख्या ठूलो रहेको छ। कतिपय अवस्थामा सेवासम्मको पहुँचको दुरुपयोग समेत भएको छ। गर्भपतन हक हुँदाहुँदै पनि गर्भ निरोधको साधन वा विकल्प हैन भन्ने जनचेतना जगाउन पनि आवश्यक रहेको छ। गर्भपतनबाट स्वास्थ्यमा प्रतिकुल असर पर्न जानेतर्फ पनि कानुनमै व्यवस्था गर्ने ता की गर्भपतन परिवार नियोजनको अस्थायी साधनको विकल्प बन्नु हुँदैन।[१९] यसरी उचित जानकारीको अभावमा हक स्वयम्ले प्रजनन स्वास्थ्यमा जोखिम थपेको छ।

५. न्यायिक उपचार

संसारभर नै खासगरी गर्भपतन गराउने र परिवार नियोजनका अस्थायी साधनका पहुँचको विषय महिलाका प्रजनन स्वास्थ्य सम्बन्धमा अदालतसम्म ल्याईएका सबैभन्दा महत्त्वपूर्ण विषयहरू हुन्। यस सम्बन्धमा युरोपियन मानव अधिकारसम्बन्धी अदालतमा Tysiac ले आफ्नो देश पोल्याण्डविरुद्ध दर्ता गरेको (Tysiac vs Poland)[२०] र अन्तर-अमेरिकी मानव अधिकार आयोगले एक १३ वर्षीय बालिका बलात्कारबाट गर्भवती भएमा उनलाई धार्मिक तथा व्यक्तिगत विश्वासको कारण गर्भपतनको सेवा दिन इन्कार गरिएकोमा निज बालिकाको अधिकार हनन् भएको भन्ने मुद्दालाई नेपाली अदालतले पनि आफ्ना फैसलाहरूमा उद्धृत गर्ने गरेको छ। मेक्सिकोमा १३ वर्षकी बालिका जबरजस्तीकरणीबाट गर्भवती भई गर्भपतन सेवा माग गर्न अस्पतालमा जाँदा सरकारी स्वास्थ्य कर्मचारीहरूले धार्मिक तथा व्यक्तिगत विश्वासको कारण देखाई सो सेवा दिन इन्कार गरेको कारण बच्चालाई जन्म दिनु परेको विषयमा Centre For Reproductive Rights तथा अन्य मेक्सिकन मानव अधिकारकर्मीहरूका तर्फबाट अन्तर अमेरिकी मानव अधिकार आयोग समक्ष निवेदन दायर गरिएको थियो।[२१] सो विवादमा उक्त सेवा दिन इन्कार गरेबाट सिर्जित दायित्वलाई मेक्सिको सरकारले स्वीकार गर्दै गर्भवती वालिकालाई पर्न गएको क्षतिवापत परिपूरण दिने, बच्चाको शिक्षाको खर्च व्यहोर्ने र जबरजस्तीकरणी पीडित महिलालाई गर्भपतन सेवा दिने सम्बन्धमा निर्देशिका नै जारी गर्ने गरी सहमतिमा विवाद टुङ्ग्याइएको थियो।

५. १ गाइनोकोलोजिष्टबाट परीक्षण गराउने सम्बन्धमा (अन्नपूर्ण राणा वि. काठमाडौँ जिल्ला अदालत)[२२]

अन्नपुर्ण राणा वि गोरखशमशेर जबराबीच परिवारभित्र चलेको अंशसम्बन्धी विवाद रहेको उक्त मुद्दामा योनी तथा पाठेघरको गाईनोकोलोजिष्टबाट परीक्षण गराउने भन्ने काठमाडौँ जिल्ला अदालतको आदेश बदर गराइ पाउँ भनी अन्नपूर्ण राणाले जिल्ला अदालतको आदेशविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदनमार्फत कानुनी उपचार खाजेकोमा सर्वोच्च अदालतले एउटी

---

१६. http://www.onlinekhabar.com/2017/01/529760/

१७. UNICEF. Ending Child Marriage: PROGRESS AND PROSPECTS 2(2014)

१८. सन् २०१४ मानव अधिकार प्रतिवेदन : नेपाल https://photos.state.gov/libraries/nepal/391216/2015/NEPAL2014HUMANRIGHTS%20REPORT.pdf; visited on September 19, 2018

१९. नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण, २०११

२०. तेजमान श्रेष्ठ। राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल 'नेपालमा मौलिक हककोरूपमा स्वास्थ्यसम्बन्धी अधिकारको उपभोग: अवसर र चुनौतीसम्बन्धी अध्ययन (२०७४)' पृष्ठ १०६ (अप्रकाशित अनुसन्धान प्रतिवेदन मिति २०७४।०४।२५)

२१. Tysiac v. Poland, App. No. 5410/03 (2007), European Court of Human Rights

२२. Paulina del Carmen Ramírez Jacinto v. Mexico, Case 161-02, Report No. 21/07, Inter-Amercian Commission on Human Rights, OEA/Ser.L/V/II.130 Doc. 22, rev. 1 (2007).

महिलाको लागि नीजको कुमारित्वको जाँच गराउनु ठूलो चुनौती त हुने हो त्यसमा पनि निजको सारा भविष्यलाई समेत प्रभावित गर्न सक्ने र त्यसबाट कुनै पनि अनपेक्षित परिणाम निस्कन सक्ने अवस्थासमेत देखिन आउँछ, निज निवेदिकाको योनी तथा पाठेघर जाँच गराउने सम्बन्धमा भएको आदेश निजको गोपनीयाताको हक जस्तो वैयक्तिक हकको विपरीत हुन जाने हुँदा त्यस प्रकारको जाँच गराउन नमिल्ने भनी आदेश दिएको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ मा महिलाको प्रजनन स्वास्थ्य तथा यौन स्वास्थ्यसम्बन्धी विशेष व्यवस्था नभइसकेको अवस्थामा सर्वोच्च अदालतले व्यक्तिको गोपनीयता जस्तो अधिकारको व्याख्यामार्फत महिलाको यौन तथा प्रजनन अधिकारको समेत रक्षा गरेको छ।

५.२ सुरक्षित गर्भ पतनको पहुँचको सम्बन्धमा (लक्ष्मी देवी समेत वि. नेपाल सरकार समेत)[२३]

गरिबी र अज्ञानताका कारण पटक पटक गर्भवती भएकी महिलाले गर्भपतनका लागि डडेलधुराको सरकारी अस्पतालमा जाँदा लाग्ने गर्भपतनका लागि रु.१,१३०।- शुल्क लाग्ने तिर्न नसकी गर्भ निरन्तर धारण गर्न परी छैठौं सन्तान जन्माउनुपर्ने अवस्था सिर्जना भएको भनी सर्वोच्च अदालतमा रिट निवेदन परेको थियो। 'प्रजनन स्वास्थ्यको अधिकार र सोअन्तर्गत गर्भपतनको अधिकारलाई संविधान एवम् कानुनले मान्यता दिएको अवस्थामा सो अधिकारको उपभोगमा बाधा पुऱ्याई वा सोसँग सम्बद्ध सेवालाई इन्कार गरी निरन्तर गर्भपतन गर्न कसैलाई बाध्य गरिन्छ भने त्यो हक उल्लङ्घनको स्पष्ट स्थिति बन्दछ।'[२४] भनी अदालतले पीडितका लागि कानुनी उपचार रहेको कुरामा जोड दिएको छ। साथै अनिच्छुक गर्भलाई निरन्तरता दिइ जन्मेको बालकको स्याहार संभार र गर्भ निरन्तर गर्नु परेबाट सम्बन्धित महिलालाई पर्न गएको असर सम्बन्धमा अन्य उपायको अतिरिक्त क्षतिपूर्ति एउटा स्वाभाविक उपाय देखिन आउँछ भनी क्षतिपूर्तिलाई समेत अदालतले पीडितको वैध हकको रूपमा मान्यता प्रदान गर्‍यो।

अदालतले 'कठोर फौजदारी कानुनको अंगको रूपमा रहेको ज्यान सम्बन्धी महलको अभिन्न अङ्गको रूपमा नयाँ अधिकारको रूपमा उदीयमान भएको गर्भपतनको अधिकारलाई पूर्ववत् राखी राख्नु विरोधाभाषपूर्ण र सर्वथा अमिल्दो देखिएकोले हाल भएको संशोधित व्यवस्थाको मर्मलाई हृदयंगम गर्दै गर्भपतनलाई एउटा छुट्टै र विशिष्ट विषयको रूपमा छुट्टै कानुन बनाई व्यवस्थित गर्नु जरुरी' देखिन आएको[२५] भनी त्यतिखेर नै छुट्टै ऐनको आवश्यकता वोध गरेको थियो। साथै प्रजनन स्वास्थ्य महिलाको निजी जीवन भएकोले गोपनीयताको हकले प्रत्याभूत गरेको व्यवस्था अनुसार पनि गर्भपतन सेवा लिने महिला वा युवतीको जानकारी गोप्य राख्ने दायित्वसमेत राज्यमा निहित रहेको र सो सेवा दिने जो कसैले यस हकको सम्मान गर्न पर्ने कुरामा स्पष्ट पारेको छ।

५.४ पाठेघर खस्ने समस्याको सम्बन्धमा (अ.प्रकाशमणि शर्मासमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत[२६]

पाठेघर खस्ने समस्यालाई राज्यले उपेक्षा गरेको भन्दै परेको रिटमा सर्वोच्च अदालतले महिलाहरूको यस समस्यालाई राज्यले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने भन्ने ढङ्गले नेपाल सरकारलाई आदेश गरेको छ। पाठेघर खस्ने समस्यालाई साङ्केतिक रूपमा प्रजनन समस्याको एउटा पाटोको रूपमा हेर्न सकिने भए पनि यो समस्याले समग्र प्रजनन स्वास्थ्यको र महिला स्वास्थ्यको समस्याकै प्रतिनिधि समस्याको स्थान ग्रहण गर्ने हुनाले प्रस्तुत विषयवस्तुलाई संवैधानिक एवम् कानुनी हक, राज्यको उत्तरदायित्व अनि तिनको कार्यान्वयनको रणनीतिक संरचनाको हिसाबले हेर्नुपर्ने। प्रतिष्ठापूर्ण ढङ्गले मानवोचित जीवन जिउन पाउने हक पनि जीवनको हकको आधारभूत विशेषता भएकाले मानव स्वास्थ्यको लागि राज्यले आधारभूत सुविधा वा संरक्षण नदिने हो भने जीवनको हकको उचित संरक्षण हुन सक्दैन, त्यसैले नै जीवनलाई स्वास्थ्यको अधिकारसँग जोडेर हेर्नुपर्ने। प्रजनन स्वास्थ्यको संवैधानिक मान्यता मात्रैले पुग्ने नभई भौतिक सुविधाको रूपमा व्यवहारमा उपलब्ध गराइनु पर्दछ।

५.५ आइरन चक्कीको उपलब्धताको सम्बन्धमा (अ. तेजमान श्रेष्ठ वि. व्यवस्थापिका संसद सचिवालय सिंहदरबार समेत)[२७]

सरकारी तवरबाट गर्भवती महिलालाई निशुल्क वितरीत आइरन चक्कीमा औषधी वितरण र भण्डारणको क्रममा असावधानीका कारण वा अन्य लापरवाहीका कारणबाट त्यस्ता चक्की ढुसी परेको स्तरहीन भएकाले त्यस्तो स्तरहीन आइरन चक्कीको वितरणले सुत्केरी हुने महिलाको मानव अधिकारको उल्लङ्घन हुने भनी तत्काल रोकी स्तरयुक्त आईरन चक्कीको वितरणको लागि वैकल्पिक उपाय अवलम्वन गर्न समेत सर्वोच्च अदालतले रोकारवालाहरूका नाममा अन्तरिम आदेश जारी गरेको थियो। पछि पूर्ण सुनुवाइको क्रममा रिट निवेदनमा उठान गरिएको मानवलाई स्वस्थ भई जीवनयापन गर्नको लागि औषधीको गुणस्तरीयताका विषयमा लापरबाही गर्न नमिल्ने भएकाले सो समस्या भएमा कानुनी उपचार खोज्न आउने बाटो बन्द नभई खुल्ला नै रहेको भने पनि निवेदकले निवेदनमा उठाएका स्तरहीन आइरन चक्कीको वितरणको अवस्था नभएको भन्दै माग गरेअनुसार परमादेश जारी हुन सक्ने भन्दै सर्वोच्च अदालतले रिट निवेदन खारेज गऱ्यो। तसर्थ, गर्भवती, तथा सुत्केरी महिला लगायतका सबै नागरिकले गुणस्तरीय औषधी प्राप्त गरी सम्मानित जीवन जिउन पाउने हकसम्बन्धी अधिकारको रक्षा गर्न

२३. नि नं ६५८८, नि मि२०५५ ज्येठ २५, ने का प २०५५ अंक ८, पृष्ठ ४७६

२४. लक्ष्मी धिक्तसमेत वि. नेपाल सरकार समेत, WO-0757-063. ने का प २०६७ अंक , १५५१, नि नं ८४६४अनुच्छेद ६२

२५. लक्ष्मी धिक्त समेत वि. नेपाल सरकार, पाद टिप्पणी २६ अनुच्छेद ९२

२६. माथिकै अनुच्छेद ९०

२७. ने का प २०६५ अंक ८, पृष्ठ ९५६, रीट नं. ०६४-WO-०२३०, आदेश मितिः २०६५।२।२२।४, निर्णय नं.७९९१

न्यायिक सक्रियता अपेक्षाकृत हुन सकेन। यसबाट गुणस्तरहीन औषधी उपलब्ध गराउनेलाई जवाफदेही तुल्याउन सम्भव भएन।

५.६ महिलाको कोख भाडामा दिने (Surrogacy) को सम्बन्धमा (अधिवक्ता पुष्पराज पाण्डेविरुद्ध स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत)[२८]

महिलाको कोख भाडामा दिने कार्यले महिलाको हक अधिकार, त्यसरी जन्मने बच्चाको हक अधिकारलाई लिएर नेपालका केही निजी स्वास्थ्य केन्द्रले प्रदान गर्दै आएको स्वास्थ्य सेवामा प्रतिबन्ध लगाउनुपर्ने भनी सर्वोच्च अदालतमा अ. प्रविन पन्दाक विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको मुद्दामा महिलाको कोख भाडामा दिने कार्य गर्दा त्यसरी जन्मने बच्चाको नागरिकतालगायत अन्य हक तथा महिलाको प्रजनन स्वास्थ्यको समेत हकलाई ख्याल गर्दै तत्काल सरोगेसी सेवा बन्द गर्न अन्तरिम आदेश जारी भएको थियो।[२९] उपरोक्त मुद्दामा सर्वोच्च अदालतबाट व्यवसायिक सरोगेसीलाई गैरकानुनी घोषणा गरी अमानवीयताको सङ्ज्ञा दिइएको छ।

व्यवसायिक सरोगेसीको कानुनी मान्यताको सवालमा कुनै पनि कार्यलाई कानुन सम्मत र वैध घोषणा गर्नका लागि त्यस कार्यको सामाजिक रूपमा स्वीकार्य, नैतिक र कानुनद्वारा मान्यता प्रदान गरिएको हुनुका साथै न्यायोचित समेत हुनुपर्दछ। साथै कुनै पनि सन्तान नभएकालाई सन्तान दिनका निमित्त आर्थिक प्रश्न नभई दान दिने महिलाको स्वेच्छिक परोपकारी भावना पर्याप्त हुने हुन्छ। सरोगसीलाई अमानविय र गैह्रकानुनी घोषणा गर्दै यस कार्यलाई नियमन गर्नका निम्ति सम्माननीय सर्वोच्च अदालतबाट नेपाल सरकारको नाममा परमादेशको आदेशसमेत जारी भएको छ।

६. निष्कर्ष

नेपालको संविधानले महिलाको प्रजनन स्वास्थ्यलाई मौलिक हकको रूपमा स्वीकार गरेको छ। साथै सोको कार्यान्वयनका लागि आवश्यकताअनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र ऐन समेत निर्माण गरिसक्नु पर्ने बाध्यात्मक व्यवस्था अर्न्तगत 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' कार्यान्वयनमा आइसकेको छ। सो ऐनको दफा ३ ले गर्भान्तर वा सन्तानको सङ्ख्या निर्धारण गर्ने अधिकार हुने प्रत्येक महिलालाई हुने भन्ने स्पष्ट व्यवस्था गरेकाले महिलाको प्रजनन स्वास्थ्य हकलाई संवैधानिक तथा कानुनी रूपमा प्रत्याभूत गरिएको छ।

सोसम्बन्धी हकमा सर्वोच्च अदालतको भूमिका समेत उत्साहजनक छ। पाठेघर खस्ने रोगबाट ग्रसित महिलाको हकमा राज्यको अभिभावकीय भूमिका हुनुपर्ने भनी यस अधिकारलाई पूर्ण उपभोग गर्ने खालको हकको रूपमा न्यायालयबाट स्वीकार गरिएको छ।

प्रजनन स्वास्थ्यकै लागि अत्यावश्यक गर्भवती महिलालाई सरकारी तवरबाट नि:शुल्क वितरीत आइरन चक्कीको गुणस्तरलाई स्तरीय बनाउने सम्बन्धमा परेको अधिवक्ता तेजमान श्रेष्ठको रिटमा सर्वोच्च अदालतले सरोकारवालाहरूका नाममा अन्तरिम आदेश जारी गरेको भएता पनि उक्त रिटको अन्तिम सुनुवाइको रिट खारेज हुनु तथा रिटमार्फत राज्यका निकायहरूलाई जारी गरिएका निर्देशनात्मक आदेश हालसम्म पूरा कार्यान्वयन नहुनुले प्रजनन स्वास्थ्यसम्बन्धी हकको उपभोग सहज नभएको देखाउँछ। व्यवसायिक सरोगेसीलाई सर्वोच्च अदालतले गैरकानुनी ठहर गरे पनि सेवा भावले भने सो कार्यलाई गर्न सकिने छिद्र आशय व्यक्त गरेको छ। तर सो आशयको स्पष्ट व्याख्या गरेको छैन। सरोगेट आमाहरूलाई मानवोचित व्यवहार गरेर यो सेवालाई व्यवसायिक रूपमा सञ्चालन गर्ने हो भने सन्तान प्राप्त गर्न नसकेकालाई बरदान सावित हुन्छ किनकी मानवीय रूपमा सहयोग गर्ने महिला पाउन सधैँ सम्भव हुँदैन। त्यसैले सरोगेसीलाई विशुद्ध वस्तुजस्तो व्यापारको रूपमा होइन की मानवीय संवेदनासहित नियमन गर्न सके यसलाई सरोगेट आमा र त्यसरी जन्मने बच्चाको परिवार दुवैलाई फाइदा पुग्ने हुन्छ। तथापि सम्मानित सर्वोच्च अदालतले मानवीय आधारमा केही छिद्रबाहेक यसलाई प्रतिबन्ध लगाएको छ।

राज्यद्वारा मौलिक हकको रूपमा स्वीकार गरिएको तर आवश्यक कानुन जारी हुनुपूर्व नै अदालतबाट न्याय निरूपण गरिएका रट निवेदनहरूको आधारमा नेपाली न्यायपालिकाले महिलाको प्रजनन स्वास्थ्यसम्बन्धमा गरेका फैसलाहरूले यो हकको न्याय योग्यतामा कुनै शङ्का उत्पन्न हुन दिएको छैन। तथापि पाठेघर खस्ने रोगसम्बन्धी रिटमा बहुमत न्यायाधीशले यस हकलाई राज्यसँग उपलब्ध श्रोतको आधारमा राज्यले सेवा उपलब्ध गराउँदै जाने भन्ने फैसला दिनुले यस हकलाई उपभोग गर्न राज्यलाई तत्कालै बाध्य पार्ने नसकिने सन्देश जान्छ।

प्रजनन स्वास्थ्य सम्बन्धमा निर्णय लिने विषयमा महिलाको सहभागिता बढे पनि बालविवाह, स्वास्थ्य सेवासम्मको पहुँच र चिकित्सकीय लापरबाही, गर्भपतन सेवाको दुरुपयोगले यो हकको उपभोग भने सहज छैन। तसर्थ यस हकअर्न्तगत केवल कहिले र कति वटा बच्चा जन्माउने सम्बन्धमा मात्र महिलाले निर्णय गर्ने होइन की प्रजनन स्वास्थ्यसँग सम्बन्धित हरेक अवस्थामा आफ्नो उचित स्वास्थ्य रक्षा गर्न सकी मर्यादित मानव जीवन जिउन पाउनेसम्मको हकलाई महिलाको प्रजनन स्वास्थ्यसँग जोडेर हेरिनु पर्छ।

---

२८. सर्वोच्च अदालत बुलेटिन, २०७२ असार १ पृष्ठ १, १५ रीट नं ०३६८ -धय-०३९५ विषय : परमादेश। 068–wo–0395, विषय : परमादेश, आदेश मिति २०७१ साल जेठ २१ गते।

२९. 072-W0-0119, मुद्दा: उत्प्रेषणयुक्त परमादेश।

३०. रीट नं ०७२–WO–१२०, आदेश मिति २०७२ भाद्र ८ गते

विश्लेषण

यज्ञप्रसाद अधिकारी[१]

उपभोक्ता हित संरक्षण कानुन र यसको कार्यान्वयन

पृष्ठभूमि

हरेक राज्य र सरकारले आफूलाई प्रजातान्त्रिक र लोककल्याणकारी, जनताको हित रक्षार्थ आफ्ना क्रियाकलाप सञ्चालन गरिआएको देखाउन चाहन्छन् भने नागरिकले पनि न्यूनतम भन्दा न्यूनतम मात्रामा शासित हुन चाहन्छन्। सरकारले उनीहरूका अधिकारलाई बाधा पुऱ्याउने होइन त्यसको व्यवस्थापन मात्र गरोस् भन्ने आकांक्षा जनताले राखेका हुन्छन्। उपभोक्ता हित संरक्षणसम्बन्धी कानुनसमेत आमनागरिकको लागि सबैभन्दा धेरै प्रयोगमा आउने कानुन भएकोले यसले आमउपभोक्तासँग प्रत्यक्ष सरोकार राख्दछ।

संयुक्त राष्ट्रसङ्घले ९ अप्रिल १९८५ मा उपभोक्ताको विभिन्न अधिकारको घोषणा गर्दै उपभोक्ता हित संरक्षणसम्बन्धी कानुन निर्माण गर्न सदस्य राष्ट्रहरूलाई निर्देशिका जारी गरेपश्चात मात्र यस विषयले अन्तर्राष्ट्रिय मान्यता पायो। परिणामत: संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले आ-आफ्नो देशको कानुनमा उपभोक्ताका अधिकारहरूलाई उल्लिखित दस्तावेजलाई आधार बनाई संरक्षण गर्ने गरी कानुन तर्जुमा गरि कार्यान्वयनमा आएका छन्। मौलिक हकको कार्यान्वयनका लागि संविधान जारी भएको तीन वर्ष भित्र कानुनी व्यवस्था गर्ने[२] दायित्व बमोजिम उपभोक्ता संरक्षण ऐन २०५४ लाई खारेज गरी उपभोक्ता संरक्षण ऐन २०७५ जारी भएको छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ ले प्रदान गरेका अधिकारहरू[३] :

प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ भन्ने कानुनी अवस्था गर्दै उपभोक्तालाई देहायका अधिकार प्रदान गरेको छ :

१. वस्तु वा सेवामा सहज पहुँचको अधिकार
२. स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार।
३. वस्तु वा सेवाको मूल्य, परिणाम, शुद्धता र गुणस्तर आदि बारे सूचित हुने पाउने अधिकार।
४. दुई वा सो भन्दा बढी पदार्थका समिश्रणबाट उत्पादित वस्तुमा रहेका पदार्थको मात्रा, तत्त्व, प्रतिशत बारे जानकारी पाउने अधिकार।
५. मानव जीउज्यान, स्वास्थ्य, तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार।
६. अनुचित व्यापारिक तथा व्यवसाय जन्य क्रियाकलाप विरुद्ध उचित कानुनी कारबाही गराउन पाउने अधिकार।
७. क्षतिपूर्ति पाउने अधिकार।
८. उपचार पाउने वा सुनुवाई हुने अधिकार।
९. उपभोक्ता शिक्षा पाउने अधिकार।

उपरोक्तअनुसार उपभोक्ता अधिकार संरक्षण ऐन २०७५ का निम्न विशेषताहरू रहेका छन् :

उपभोक्ता अधिकारको नियमन र अनुगमन

नेपाल सरकारले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति मूल्य निर्धारण गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमन गर्ने व्यवस्था रहेको छ।[४] त्यसरी नियमन गर्नका लागि नीति, कार्ययोजना बनाइ अनुगमन, विश्लेषण गर्ने, अवाञ्छित तरिकाले भएको मूल्य बृद्धि रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने, आपूर्ति व्यवस्था सहज गर्ने, खाद्य अभाव रोक्न तोकिएको मूल्यमा उत्पादनबाट खाद्यवस्तु प्राप्त गर्ने र बिक्री वितरण गर्ने, कृतिम अभाव हुन नदिने, कालोबजारी वा अनूचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने जस्ता दायित्व सरकारी निकायलाई तोकेको छ।

लेवल लगाउनुपर्ने

उत्पादकले उत्पादन गरेका वस्तुमा लेवल लगाउनु अनिवार्य गरेको छ।[५] लेवलमा उत्पादकको नाम, ठेगाना र आयोगको दर्ता नम्बर, उत्पादन गरिएको वस्तुको मिश्रण, तत्व, परिमाण र तौल- वस्तु उपभोग गर्ने तरिका र वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइडइफेक्ट), उपभोग गरी सक्नुपर्ने अवधि, बिक्री मूल्य, प्यान नम्बर र उत्पादन मिति, ग्यारेण्टी, वारेन्टी मिति, कुनै इलोक्ट्रोनिक हार्डवेयर, यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने वस्तुमा कुनै त्रुटि देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म मर्म्मत गरिदिनु

---

१. निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश ३ कार्यालय, ललितपुर
२. नेपालको संविधान (२०७२)को धारा ४७
३. उपभोक्ता संरक्षण ऐन २०७५को दफा ३
४. उपभोक्ता संरक्षण ऐन २०७५को दफा ४
५. उपभोक्ता संरक्षण ऐन २०७५को दफा ६

पर्ने, मानव स्वास्थ्यलाई हानि पुऱ्याउने खालको पदार्थको लेवलमा चेतनामूलक सन्दर्भ, चित्र वा चिन्हको प्रयोग आदि बारे अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

दायित्व र जिम्मेवारी

उपभोक्ता अधिकार संरक्षणका लागि वस्तु वा सेवाको बजारसँग सम्वद्ध सापेक्षको दायित्व तोकेको पाइन्छ।[६] उत्पादनको दायित्व अन्तर्गत गुणस्तरीय वस्तु वा सेवाको उत्पादन गर्ने, लेवल निर्धारण गर्ने, त्रुटिपूर्ण उत्पादन नगर्ने, उपभोक्तालाई कुनै किसिमको हानि नोक्सानी क्षति भएमा सो को मानसिक क्षतिपूर्ति दिने भ्रामक विज्ञापन नगर्ने जस्ता दायित्व तोकेको छ। उपरोक्त दायित्व पूरा नगरेमा वा उत्पादित वस्तुमा भएको कमी कमजोरी (डिफेक्ट) को कारण त्यस्तो वस्तुको उपभोग गर्दा कसैको जीउ, ज्यान, सम्पत्तिमा हानि नोक्सानी भएमा त्यसको जिम्मेवार उत्पादक नै रहेन र क्षतिपूर्ति दिने दायित्व हुनेछ।

पैठारीकर्ताको दायित्व अन्तर्गत परल मूल्यभन्दा बढी वा फरक नपर्ने गरी पैठारी गर्नुपर्ने, कानुन बमोजिम इजाजत प्राप्त वस्तुबाहेक अन्य वस्तु पैठारी नगर्ने व्यवस्था रहेको छ। पैठारी भएको वस्तु ६ महिनापछि उपभोग गर्न नमिल्ने रहेछ भने पैठारी गर्न नपाइने गरि बन्देज लगाइएको छ। कसैले लेवलमा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरी वस्तु पैठारी गरेकोमा पैठारीकर्ता जिम्मेवार हुनेछ। त्यसको क्षतिपुर्ति उपलब्ध गराउनु पर्ने दायित्व पैठारीकर्ताकै हुने व्यवस्था छ।

त्यसैगरी ढुवानीकर्ताको दायित्व अन्तर्गत ढुवानी गरिने यसको प्रकृति अनुसार निर्धारित अवधि भित्र नै ढुवानी गर्नु पर्ने, ढुवानी दर्ता वस्तुको गुणस्तरमा ह्रास आउन दिन नहुने, सुरक्षात्मक व्यवस्था र पालना गर्नुपर्ने सर्तको पालना गर्नुपर्ने दायित्व तोकेको छ।

सञ्चयकर्ताले वस्तुको सञ्चय गर्दा वस्तुको प्रकृतिअनुसार सर्तकता अपनाउने, गुणस्तरमा ह्रास नआउने गरी सुरक्षात्मक उपाय अपनाई सञ्चय गर्ने, उत्पादकले उल्लेख गरेको वस्तुको लेवल वा विवरण फेरबदल नगर्ने जस्ता दायित्व तोकेको छ।

बिक्रेताले वस्तु बिक्री गर्दा बिना भेदभाव उपभोक्तालाई वस्तुको वितरण गर्नुपर्ने, गुणस्तरमा ह्रास नआउने गरी सुरक्षित रूपमा राखी बिक्री गर्नुपर्ने मूल्य सूची राख्ने, पहिले आउने उपभोक्ताकलाई पहिले वस्तु बिक्री गर्ने, उपभोक्तालाई विल वा रसिद दिने जस्ता दायित्व बिक्रेतालाई तोकेको छ।[७]

सेवा प्रदायकले उपभोक्तालाई सेवा प्रदान गर्दा विना भेदभाव सेवा प्रदान गर्नुपर्ने, सेवाको प्रकृति र सेवा प्राप्त गरेबापत उपभोक्ताले तिर्नुपर्ने मूल्यको सूची राख्ने, पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने, सेवा बापत रकम लिए पछि त्यसको बिल वा रसिद दिने[८] दायित्व र जिम्मेवारी तोकेको पाइन्छ।

उपभोक्ताको अन्य अधिकार

खरिद गरिएको कुनै वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिन भित्र बिक्रेतासमक्ष फिर्ता गर्न वा त्यसको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु वा रकम नै भुत्तानी लिन सक्ने[९] व्यवस्था गरेको छ। तर वस्तुको गुणस्तर वा परिमाणमा परिवर्तन गरेमा, निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने वस्तु म्याद नाघेमा, तुरुन्त उपभोग नगरेमा सडीगली जाने प्रकृतिका वस्तु, सिलबन्दी तोडिएको वस्तु फिर्ता हुन नसक्ने गरी उपभोक्ता र बिक्रेता हुनेलाई जिम्मेवार बनाउन खोजेको देखिन्छ। सिलबन्दी गरेको वस्तु सिल नतोडिएको अवस्थामा पन्ध्र दिन भित्र फिर्ता गर्न वा सोही मूल्य बराबरको अर्को वस्तु लिन सकिने व्यवस्था[१०] देखिन्छ।

निषेधित कामहरू

उपभोक्तालाई असर पर्ने गरी कसैले पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न बन्देज लगाएको छ। नापतौल, गुणस्तर र परिमाण ढाँटी भुक्याइ वस्तु वा सेवाको बिक्री वा प्रदान गर्न, झुठा वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु बिक्री वितरण गर्न, कृतिम अभाव खडा गर्ने जस्ता कार्यलाई निषेध गरेको छ।

जाँचबुझ, निरीक्षण र अनुगमनसम्बन्धी व्यवस्था

उपभोक्ताको हक हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति, गुणस्तर, शुद्धताको अनुगमन र सुपरीवेक्षणमा संलग्न निकायबीच समन्वय गर्नका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सचिवको संयोजकत्वमा उपभोक्ता प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधिसहित रहेको समिति गठन गर्ने व्यवस्था[११] रहेको छ। त्यसैगरी स्थानीय गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको संयोजकत्वमा स्थानीय बजार अनुगमन समिति गठन गरि उक्त समितिबाट नियमित अनुगमन गर्ने व्यवस्था[१२] रहेको देखिन्छ।

कसुर र सजायसम्बन्धी व्यवस्था

उपभोक्ताको अधिकार हनन् भएमा त्यसलाई कसुर मानी सजायको व्यवस्था गर्दै बजार अनुगमन, निरीक्षण, खानतलासीका क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले दुई लाखदेखि तीन लाख रुपियाँसम्म जरिवाना गर्ने व्यवस्था देखिन्छ।

---

६. उपभोक्ता संरक्षण ऐन २०७५को दफा ७
७. उपभोक्ता संरक्षण ऐन २०७५को दफा ११
८. उपभोक्ता संरक्षण ऐन २०७५को दफा १२
९. उपभोक्ता संरक्षण ऐन २०७५को दफा १४
१०. उपभोक्ता संरक्षण ऐन २०७५को दफा १४ उपदफा (५)
११. उपभोक्ता संरक्षण ऐन २०७५को दफा २५
१२. उपभोक्ता संरक्षण ऐन २०७५को दफा २७

उपभोक्ता अधिकार संरक्षणका लागि वस्तु वा सेवाको बजारसँग सम्वद्ध सापेक्षको दायित्व तोकेको पाइन्छ।[६] उत्पादनको दायित्वअन्तर्गत गुणस्तरीय वस्तु वा सेवाको उत्पादन गर्ने, लेवल निर्धारण गर्ने, त्रुटिपूर्ण उत्पादन नगर्ने, उपभोक्तालाई कुनै किसिमको हानि नोक्सानी क्षति भएमा सो को मानसिक क्षतिपूर्ति दिने भ्रामक विज्ञापन नगर्ने जस्ता दायित्व तोकेको छ। उपरोक्त दायित्व पूरा नगरेमा वा उत्पादित वस्तुमा भएको कमी कमजोरी (डिफेक्ट) को कारण त्यस्तो वस्तुको उपभोग गर्दा कसैको जीउ, ज्यान, सम्पत्तिमा हानि नोक्सानी भएमा त्यसको जिम्मेवार उत्पादक नै रहेन र क्षतिपूर्ति दिने दायित्व हुनेछ।

उपभोक्ता अदालतबाट निर्णय हुने

उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३९ को उपदफाका बमोजिम महानिर्देशकले सजाय गर्न सक्ने बाहेकका अन्य मुद्दा कारबाही किनारा गर्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार उपभोक्ता अदातल गठन गर्न सक्ने[१३] व्यवस्था रहेको छ। उपभोक्ता अदालतमा सम्बन्धित जिल्ला अदालतको जिल्ला न्यायाधीश अध्यक्ष र कानुन विषयमा स्नातक उपाधि हासिल गरेको नेपाल सरकारले तोकेको नेपाल सरकारको राजपत्र द्वितीय श्रेणीका दुई जना अधिकृत सदस्य रहने व्यवस्था छ। उपभोक्ता अदालतबाट भएको निर्णयमा चित्त नबुझे उच्च अदातलका पुनरावेदन लाग्न सक्ने व्यवस्था रहेको छ। अदालत गठन नभएसम्मका लागि सम्बन्धित जिल्ला अदालतबाट मुद्दा, कारबाही र किनारा लगाउने अधिकार रहने छ।[१४] उपभोक्ता अदालतले संक्षिप्त कार्यविधि ऐन २०२८ बमोजिम कार्यविधि अपनाउने छ।

निष्कर्ष

कानुन राम्रोसँग कार्यान्वयन गर्न सकिएन भने त्यसको अर्थ हुँदैन। कार्यान्वयनमा नै हरेक कानुनको सफलता निर्भर गर्दछ। उपभोक्ता कानुनको कार्यान्वयनको सन्दर्भमा हेर्दा नेपालमा उपभोक्ता संरक्षण ऐन २०५४ र नियमावली २०५६ कार्यान्वयनमा आइरहेको अवस्था हो।

तथापि उक्त कानुनको प्रभावकारी कार्यान्वयन भएको महसुस आम उपभोक्ताले गर्न सकेका थिएनन्। नेपालको संविधान (२०७२)को मौलिक हकमा उपभोक्ताको अधिकारलाई समेटिएपछि मौलिक हककै कार्यान्वयनका लागि निर्मित उपभोक्ता संरक्षण ऐन २०७५ को विशेष महत्व रहेको छ। उपभोक्ता संरक्षण ऐनले उपभोक्तालाई अधिकार प्रत्याभूति गर्दै उत्पादक, सञ्चयकर्ता, ढुवानीकर्ता, वितरक, राज्यका नियमकारी निश्चय सबै पक्षलाई दायित्व तोकेको छ। विदेशमा लामो समयदेखि अभ्यासमै आएको आफूलाई मनपरेको सामान फिर्ता गर्न पाउने अधिकारलाई पहिलोपटक ऐनमा समावेश गरेको छ। प्रत्येक स्थानीय तह (नगरपालिका/ गाउँपालिका)को प्रमुखको संयोजक बिना अनुगमन संयन्त्रको कानुनी प्रबन्धले प्रभावकारी कार्यान्वयन जनप्रतिनिधिलाई जिम्मेवारी सुम्पेकोले कार्यान्वयन हुनेछ भन्ने विश्वास लिन सकिन्छ।

लोककल्याणकारी कानुनको रूपमा आमउपभोक्तासँग सरोकार राख्ने वर्तमान उपभोक्ता संरक्षण ऐन,२०७५ को भविष्य यसको प्रभावकारी कार्यान्वयनसँग जोडिएको छ। उपभोक्तालाई न्याय प्रदान गर्न विश्वव्यापी मान्यता र कानुनी प्रावधान समेतलाई मध्यनजर गरी औपचारिकता भन्दा कार्यान्वयनमा बढी जोड दिनु आवश्यक देखिन्छ। त्यसबाट मात्र ऐनको उद्देश्य पूरा हुन जान्छ। ऐनमा रहेका उपभोक्ता शिक्षा, जागरण अभियान तथा विद्यालय, विश्वविद्यालयको पाठ्यक्रममा समेत उपभोक्ता शिक्षालाई समावेश गरी गाउँ-गाउँमा चेतना अभिवृद्धि गराएमा मात्र वास्तविक रूपमा उपभोक्ता हित संरक्षण कानुनको कार्यान्वयन हुन सक्दछ। उपभोक्ता कानुन आम जनताको चुलोदेखि हरेक दिन लागु हुने विशेष कानुन भएकोले यस कार्यान्वयनमा राज्यमा जिम्मेवार निकाय, आमउपभोक्ता, उपभोक्ता हितसँग कार्य गर्ने गैरसरकारी सङ्घसंस्था, राष्ट्रिय मानव अधिकार आयोगलगागत सबै निकायको जिम्मेवारी रहेको छ। सबै निकायको समन्वय र सहकार्यमा मौलिक हकको कार्यान्वयन भई आम उपभोक्ताले सहज न्यायमा पहुँच स्थापित हुनसक्ने भन्ने विश्वास लिन सकिन्छ।

१३. उपभोक्ता संरक्षण ऐन २०७५को दफा ४०
१४.उपभोक्ता संरक्षण ऐन २०७५को दफा ४७

विश्लेषण

श्यामबाबु काफ्ले[१]

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन

१. पृष्ठभूमि

मानव अधिकारको प्रमुख लक्ष्य र उद्देश्य प्रत्येक मानवका सबै प्रकारका अधिकारहरूको संरक्षणसँग सम्बन्धित रहन्छ। यसको प्रत्यक्ष सम्बन्ध मानव मर्यादा र जीवनसँग हुन्छ। मानव मात्रको अधिकार संरक्षणका लागि राज्यले आफ्नो सम्पूर्ण श्रोत, साधन र समय खर्चेको हुन्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको लक्ष्य र उद्देश्य पनि यसभन्दा फरक छैन। यो अधिकार पनि नागरिक तथा राजनीतिक अधिकारझैँ महत्वपूर्ण र मानव मर्यादा एवम् जीवनको अधिकारसँग सम्बन्धित छ। यसको प्रत्यक्ष सम्बन्ध जीवनको अधिकारसँग छ। सिद्धान्तत: आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार नागरिक तथा राजनीतिक अधिकार जत्तिकै महत्त्वपूर्ण अधिकार हो। यो अधिकार विशेषत: गाँस, बास र कपाससँग प्रत्यक्ष सम्बन्धित अधिकार हो। यी सबै अधिकारको सम्बन्ध व्यक्तिको जीवन र मर्यादासँग सम्बन्धित छ। आफ्नो मातृभाषा प्रयोग गर्न पाउने, भोकमरीबाट संरक्षण पाउने, प्राथमिक शिक्षा, स्वास्थ्य एवम् पर्याप्त आवासको अधिकार हुने विषयलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भनी[२] परिभाषित गरिएको पाइन्छ। यद्यपि क्रमश: पूरा गरिँदै जाने अधिकारको रूपमा लिइएको यस अधिकारको प्रयोग समान तरिकाबाट लागु हुने गरेको पाइँदैन।

व्यक्तिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार गर्भावस्थाबाट नै शुरू हुन्छ। यस अर्थमा राज्यले व्यक्तिको मानव अधिकारको संरक्षणमा गर्भावस्थादेखि नै ध्यान दिनु जरूरी छ। शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने र यस्तो अवधिमा काम गर्ने आमाहरूलाई तलबी र पर्याप्त सामाजिक सुरक्षा फाइदासहितको बिदा दिनुपर्ने[३] आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्धको व्यवस्थाले राज्यले व्यक्तिको अधिकारलाई गर्भावस्थादेखि नै संरक्षण गर्नुपर्ने कार्यलाई थप पुष्टि गर्दछ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ (यसपछि अनुबन्ध भनिएको) मा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको बारेमा उल्लेख गरिएको छ। अनुबन्धमा स्वतन्त्र रूपमा छानेको वा स्वीकार गरेको काम गर्न पाउने, समान कामका लागि उचित र समान ज्याला, तलबी आवधिक बिदा, ट्रेड युनियन खोल्न पाउने, सामाजिक बीमा र सामाजिक सुरक्षा, प्रत्येक व्यक्तिको पर्याप्त खाना, लुगा तथा आवासको अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, नि:शुल्क प्राथमिक शिक्षाको अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार, वैज्ञानिक प्रगति तथा सोको फाइदा लिन पाउने लगायतका अधिकारहरू उल्लेख छन्। अनुबन्धले कृषि प्रणालीमा विकास र सुधार गरी खाद्यान्न उत्पादन, भण्डारण र वितरणको तरिकामा सुधार गर्नुपर्ने दायित्व पनि राज्यलाई तोकेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनका लागि देशभित्र पनि विशेष पहल र कार्यान्वयन हुनुपर्ने सम्बन्धमा सन् १९९३ मा भियनामा सम्पन्न मानव अधिकारको विश्वव्यापी सम्मेलनमा पनि अनुरोध भएको थियो।[४]

मानव अधिकार सम्मेलनको सन्देश, अनुबन्धमा भएको व्यवस्था तथा राज्यको प्रतिबद्धतासँगै यी र यस्ता अधिकारहरूको कार्यान्वयन गर्ने दायित्व राज्यलाई तोकिएको सन्दर्भमा अधिकारहरूको कार्यान्वयन अवस्था थाहा पाउन निरन्तर त्यसको अनुगमन हुनु जरुरी मानिन्छ।

२. अनुगमनको उद्देश्य

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको विषयवस्तुमा केन्द्रित रही व्यवस्थित रूपमा सूचनाको सङ्कलन र त्यसको व्यवस्थापन गर्ने कार्य आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अवस्थाको अनुगमन हो। यस अन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अवस्थाको बारेमा सक्रिय रूपमा सूचना सङ्कलन गर्ने, यसरी सङ्कलन गरिएका सूचनाहरूको जाँच गर्ने र अनुगमन गरिएका विषयबाट देखिएका समस्याको तत्काल सम्बोधन गरी प्रयोग गर्ने कार्यहरू पर्दछन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन यी अधिकारको कार्यान्वयन अवस्थाको बारेमा जानकारी लिई आवश्यक कार्य गर्ने उद्देश्यबाट गरिन्छ। यी

---

१. लेखक अधिवक्ता हुन्

२. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी प्राय: सोधिने प्रश्नहरू, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय पृष्ठ १

३. संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अकिार विषयक अनुबन्ध १९६६ को धारा १०(२)

४. www.ohchr.org/EN/ProfessionalInterest/Pages/Vienna.aspx

विषयहरूको अनुगमनमा पनि मानव अधिकारका अन्य विषयहरूझैँ अधिकारको सम्मान, संरक्षण एवम् राज्यको दायित्वलाई पुन: बल प्रदान गर्ने उद्देश्य रहेको हुन्छ। अनुगमनको क्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुन तथा राष्ट्रिय नीति तथा कार्यक्रमहरूको पालना/कार्यान्वयन भए, नभएको विषयमा सत्य तथ्य पत्तालगाउने, उल्लङ्घन गर्ने पक्षको पहिचान गर्ने, आवश्यक कारबाहीको वातावरण तयार गर्ने वा आवश्यक सुधारको लागि सिफारिस गर्ने गरिन्छ। यसमा मूलत: मानवअधिकार कानुनले के गर्नु हुन्छ वा हुँदैन भनि तोकेको विषय केन्द्रित रहेको हुन्छ।

यस सन्दर्भमा राज्यलाई सम्बन्धित कानुनको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने तीन महत्त्वपूर्ण दायित्वहरू सुम्पिएका हुन्छन्। सम्मान अन्तर्गत राज्यले आफूले देशभित्र लागु गर्न प्रतिबद्धता जनाएको मानव अधिकारसम्बन्धी कानुनमा भएका कुनै पनि व्यवस्थाहरूको उल्लङ्घन नगर्नु, ती कानुनहरूमा भएका व्यवस्थाहरूलाई राष्ट्रिय कानुनमा स्थान दिनु र सम्बन्धित कानुनको बारेमा प्रचार प्रसार गर्नु लगायतका विषयहरू पर्दछन्। संरक्षण अन्तर्गत सम्बन्धित कानुनले प्रदान गरेका अधिकार उल्लङ्घन हुन लागेको अवस्थामा उल्लङ्घन हुनबाट रोक्नु, उल्लङ्घन भइसकेको छ भने सो अधिकार बहाली गराउने कार्य गर्नु, नागरिकलाई कुनै पनि किसिमको हानि-नोक्सानी हुनबाट रोक्नु, उल्लङ्घन भइसकेको अवस्था भएमा उल्लङ्घनकर्तालाई कानुनबमोजिम कारबाही गर्नुपर्ने लगायतका विषयहरू पर्दछन् भने परिपूर्ति अर्न्तगत मानव अधिकार उपभोग गर्न आवश्यक सेवा तथा साधन उपलब्ध गराउनु वा गर्ने व्यवस्था मिलाउनु, अधिकार परिपूर्तिका लागि आवश्यक संस्थाहरूको स्थापना गर्नु लगायतका कार्यहरू पर्दछन्।[५] यस दायित्वअन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रवर्द्धन गर्ने, अधिकारहलाई पहुँच योग्य बनाउने र व्यक्ति तथा समूहले काबु बाहिरको परिस्थितिका कारणहरूले गर्दा आफूसँग भएका माध्ययमद्वारा अधिकारहरूको उपभोग गर्न नसकेमा राज्य आफैँले आवश्यक सेवाहरू प्रदान गर्नु पर्दछ।[६] आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अनुगमन गर्नुको प्रमुख उद्देश्य यस अनुबन्धले उपलब्ध गराएका अधिकारहरूको राज्यले माथि उल्लेख भए बमोजिम सम्मान, संरक्षण र परिपूर्ति गरेको छ छैन भनी पत्ता लगाउनु पनि हो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उपलब्ध भए नभएको विषय हेरिन्छ। उदाहरणको लागि स्वास्थ्यको अधिकार परिपूर्तिको लागि कुनै गाविसमा स्वास्थ्य चौकीको स्थापना गरिएको भएमा सो स्वास्थ्य चौकीमा आवश्यक चिकित्सक, कर्मचारी, औषधी, स्वास्थ्य उपकरणहरू आदिको उपलब्धता छ, छैन भनि हेरिनुपर्दछ। यदि गाविसमा स्वास्थ्य चौकी तथा अन्य आवश्यक श्रोतहरू उपलब्ध भएका भए त्यसमा स्थानीय बासिन्दाहरूको सो स्थानसम्म पुग्ने पहुँच छ, छैन ? दलित समुदायको व्यक्तिलाई स्वास्थ्य केन्द्रभित्र प्रवेशको पहुँच छ, छैन ? सो क्षेत्रका बासिन्दाहरूले स्वास्थ्य संस्था पाउने सेवा लिनको लागि उनीहरूको आर्थिक पहुँच छ, छैन ? अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण गर्ने कार्यालयको स्थापना र कार्यालयको संरचनासम्म अपाङ्गता भएका व्यक्तिहरू पुग्नको लागि सहज पहुँच छ, भन्ने जस्ता विषयहरूलाई पनि हेरिनु आवश्यक हुन्छ। यसअन्तर्गत विशेष गरी भौतिक र आर्थिक पहुँचको अवस्थालाई विशेष ध्यान दिनु जरुरी हुन्छ।

यसको अर्थ यी अधिकारको प्रयोग समानुकूल परिवर्तन हुनु पर्दछ भन्ने हो। यसले समयानुकूल कतिपय प्राप्त गर्न सकिने अधिकारमा परिमार्जन पनि गर्नु पर्दछ भन्ने हो। उदाहरणको लागि मानव अधिकारमैत्री सम्मत रूपमा समायनुकूल विद्यालय पाठ्यक्रममा गरिने परिमार्जनलाई लिन सकिन्छ। यस्तै यी अधिकारको कार्यान्वयनको अर्को महत्वपूर्ण पक्ष गुणस्तरीयता हो। सबैको लागि उपलब्ध भएको, सबैको पहुँच भएको, सबैकोलागि स्वीकार्य भएको र समायनुकूल परिवर्तन गर्न सकिने आर्थिक, सामाजिक वा सांस्कृतिक अधिकार गुणस्तरीय नभएमा वास्तविक रूपमा अधिकारको प्राप्ति हुन सक्दैन। त्यसैले यी अधिकारको प्राप्तिकोलागि राज्यबाट उपलब्ध गराउने सेवा र सुविधा जहिले पनि गुणस्तरीय हुनु अनिवार्य छ। त्यसैले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमनमा यी पाँच विषयहरूलाई केन्द्रबिन्दुमा राखि हेरिनु पर्दछ।

३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका अनुगमनका विषयहरू

अनुबन्धको धारा १ देखि ४ र धारा ६ देखि १५ ले प्रत्याभूत गरेका अधिकारहरू नै अनुगमन गरिनुपर्ने विषयहरू हुन्। यद्यपि अनुबन्धको अध्ययनले आत्मनिर्णयको अधिकार, समानताको अधिकार र अधिकारको संरक्षण, आपतकालीन स्थितिको समयमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, आफूले रोजेको काम गर्न पाउने अधिकार, कामको समयमा न्यायिक र सुविधाजनक वातावरण उपभोग गर्न पाउने अधिकार, ट्रेड युनियन खोल्न पाउने अधिकार, सामाजिक बीमासहित सामाजिक सुरक्षाको अधिकार, परिवारको संरक्षण सम्बन्धी अधिकार, उचित स्तरको जीवनयापनको अधिकार, यथासम्भव उच्चस्तरको शारीरिक र मानसिक स्वास्थ्य उपभोगको अधिकार, शिक्षाको अधिकार र सांस्कृतिक जीवन, वैज्ञानिक अनुसन्धान तथा रचनात्मक क्रियाकलापहरूको अधिकार आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयवस्तुहरू हुन भनी उल्लेख गरेको देखिन्छ।

४. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमनका सूचकाङ्क

आर्थिक, सामाजिक तथा सांस्कृतिक

---

५. मर्यादित जीवन, सामाजिक न्याय, विकास र समृद्धिका लागि मानव अधिकार: राष्ट्रिय मानव अधिकार आयोग र लुथरन विश्व फेडेरेशन नेपाल मंसिर २०६९ पृष्ठ ५८ देखि ६३

६. A User's Guide, Indicators for Monitoring Economic, Social And Cultural Rights in Nepal, National Human Rights Commission, Government of Nepal and United Nations Human Rights Office of the High Commissioner Nepal, September 2011; page 21

इन्सेक पुस्तकालयमा समाचार सङ्ग्रह

इन्सेक स्थापनाको उद्देश्यहरू मध्ये देशको मानव अधिकार अवस्थाबारेको अभिलेखिकरण पनि एक थियो। त्यसै अनुरुप इन्सेकले आफ्नो स्थापना कालदेखि नै मानव अधिकारसम्बन्धी घटनाहरूको अभिलेखिकरण गर्नुको साथै विविध पुस्तकहरू प्रकाशित गर्दै अइरहेको छ। यसका साथै मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू संग्रहनार्थ मानव अधिकार पुस्तकालय पनि स्थापाना गरेको थियो। जुन इन्सेक मानव अधिकार पुस्तकालयको नामले चिनिन्छ। यो नेपालकै मानव अधिकारसम्बन्धी पहिलो पुस्तकालय हो।

यस पुस्तकालयमा पुस्तक, प्रतिवेदन, फोटो, तथा श्रव्यदृश्य सामग्रीहरू संग्रह गरिएका छन्। यसका साथै विभिन्न पत्रपत्रिका तथा अनलाइनहरूमा सम्प्रेषित मानव अधिकार लगायत यससँग सम्बन्धित समसामयिक विषयसम्बन्धी समाचारहरू पनि संग्रह गर्ने गरिएको छ।

पहिले समाचारहरू प्रत्येक दिन फोटोकपी गरेर राखिन्थ्यो भने अहिले डिजिटल प्रविधिमै संग्रह गर्ने गरिएको छ। यसरी संग्रहित समाचारहरूको सङ्ख्या २९ हजार नाघेको छ। संग्रहित समाचारहरू सम्बन्धित विषयको अध्ययन अनुसन्धान कार्यमा सहयोगी हुने हुनाले यसको माग पनि बढ्दै गएको छ।

– विमलचन्द्र शर्मा

डिजिटल प्रविधिमा संग्रह गरिएका समाचारहरूको डाटाबेस।

फोटोकपी गरी विषयगत रुपमा संग्रह गरिएका केही समाचारहरू

अधिकारका विषयहरूको अनुगमनमा विशेषत: संरचनागत, प्रकृयागत र परिणामगत अवस्थालाई प्रमुख सूचकाङ्कको रूपमा लिइन्छ। यी सूचकाङ्कहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भएका प्रावधानमा आधारित हुन्छन्। अन्य अधिकारका सूचकाङ्कहरू झैं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयमा गरिने अनुगमन सूचकाङ्कहरू पनि समानता, सहभागिता, उपचार प्राप्त गर्ने प्रकृयामा पहुँच, जवाफदेहिता, अर्न्तनिर्भरता लगायतका सिद्धान्तहरूमा आधारित छन्। संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयले तयार गरेको मानव अधिकार अनुगमन निर्देशिकामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अवस्थाको अनुगमनमा विशेषत: तीन किसिमका सूचकाङ्कहरू प्रयोग हुने उल्लेख गरेको छ।

४.१ संरचनागत सूचकाङ्क (Structural indicator)

अनुगमनको क्रममा प्रयोग हुने प्रथम सूचकाङ्कको रूपमा रहेको संरचनागत सूचकाङ्कले हरेक देशको अनुगमन गरिनुपर्ने मानव अधिकारको विषयसँग सम्बन्धित राष्ट्रिय कानुन, अनुगमन गरिनुपर्ने विषयसँग सम्बन्धित सरकारी नीतिहरू एवं आचारसंहिता, सम्बन्धित देश पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरुको बारेमा समेत अध्ययन गर्दछ। यस सूचकाङ्कमा अधिकार प्रदान गर्नका लागि स्थापना भएका सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूको संख्यालाई समेत ध्यान दिन आवश्यक मान्निन्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रचलनको लागि नेपालको प्रचलित संविधान, ऐनहरू, नियमावली, नीतिहरूको निर्माण भएको छ छैन ? नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयका अन्तर्राष्ट्रिय कानुनहरूको अनुमोदन गरेको छ, छैन ? अनुमोदन गरेको अवस्था भएमा यी अधिकारहरू प्रचलनको सहजताका लागि अन्तर्राष्ट्रिय कानुन स्तरको राष्ट्रिय कानुन निर्माण भएको छ, छैन ? लगायतका विषयहरूको अध्ययन गरिनु जरूरी हुन्छ।

४.२ प्रकृयागत सूचकाङ्क (Process indictor)

प्रकृयागत सूचकाङ्क अनुगमनका लागि प्रयोग हुने दोस्रो सूचकाङ्क हो। यस सूचकाङ्कको प्रयोग आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कार्यान्वयनका लागि राज्यले निर्माण गरेका नीति तथा कानुनहरूले निर्धारण गरेका कार्यक्रमहरूको कार्यान्वयन कसरी भइरहेको छ भनी प्रयोग गरिन्छ। यस सूचकाङ्कले राज्यले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्राप्तिका लागि आधारभूत आवश्यकताको रूपमा रहेका उपलब्धता, पहुँचता, स्वीकार्यता, लचकता र गुणस्तरीयता बमोजिम यी अधिकारहरू व्यक्तिहले प्राप्त गर्न सकेका छन्, छैनन र त्यसमा राज्यले के गरिरहेको छ भनी पहिचान गर्न सहज बनाउँछ। उदाहरणका लागि नेपाल सरकारको कुनै गाउँमा शिक्षा सेवा उपलब्ध गराउने कार्यक्रम भएमा सरकारले त्यस्तो सेवा उपलब्ध गराएको हुनसक्छ। त्यस्तो अवस्थामा शिक्षा सेवा उपलब्ध गराउनका लागि स्थापना गरिएको विद्यालय भवन सो क्षेत्रका सबै बालबालिकाको लागि सहज उपलब्ध हुने अवस्था र किसिमको छ, छैन ? विद्यालयमा भएका डेस्क बेञ्च बालबालिका मैत्री छन् छैनन् ? विद्यालयमा चाहिने पाठ्यपुस्तक लगायतका आधारभूत आवश्यकताका सामग्री छन्, छैनन ? विषयगत योग्य शिक्षकको व्यवस्था छ, छैन ? विद्यालयमा सम्बन्धित क्षेत्रका सबै सरोकारवालाहको विना भेदभाव समान पहुँच छ, छैन ? विद्यालयको अध्ययन गुणस्तरीय छ, छैन ? जस्ता विषयहरूलाई अनुगमनको क्रममा हेरिनु पर्दछ। यस क्रममा एक शिक्षक बराबर विद्यार्थीको सङ्ख्या, विद्यालयमा महिला शिक्षिकाको अनुपात, विद्यालयमा भर्ना हुन नसकेको अवस्था जस्ता विषय पनि यस क्रममा हेरिनु पर्दछ।

४.३ परिणामगत सूचकाङ्क

परिणामगत सूचकाङ्क सामान्यत: आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्राप्तिको परिणामसँग सम्बन्धित हुन्छ। यस सूचकाङ्कलाई आधार मानेर गरिएको अनुगमनबाट अन्तिम परिणाम प्राप्त हुन्छ। राज्यले आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार प्रचलनका लागि प्रगतिशील रूपमा गरेको वा नगरेको कार्यको परिणाम प्राप्त हुन्छ। राज्यले अधिकार प्रचलनको लागि आगामी दिनमा गर्नुपर्ने सुधारको क्षेत्र पत्ता लगाउन सहयोग पुग्दछ। उदाहरणका लागि परिणामगत सूचकाङ्कको प्रयोगबाट पर्याप्त खाद्य अधिकार अवस्थाको अनुगमन गर्दा कूल जनसंख्यामा अल्पपोषित व्यक्तिहरूको सङ्ख्या, सम्पूर्ण बालबालिकाको जनसंख्यामा कुपोषणको कारण मृत्यु भएका बालबालिकाको सङ्ख्या[७] थाहा पाउन सहयोग पुऱ्याउँदछ। पर्याप्त आवासको अधिकार अनुगमनबाट देशभरि रहेको घरबारबिहीनहको संख्या, प्रति एकलाख जनसंख्यामा घरबारविहीनको औषत अनुपात[८], उच्चतमस्तरको शारीरिक तथा मानसिक स्वास्थ्यको अधिकारको अनुगमनबाट मातृ मृत्यु दर, प्रजनन दर[९], पाँच वर्ष मुनिका बालबालिकामा झाडापखालाका घटना, सरकारबाट जारी मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेख भए बमोजिम मानसिक स्वास्थ सेवा पाइरहेकाहरूको संख्या, मातृ मृत्युदर, प्रजनन दर जस्ता परिणामहरू प्राप्त हुन्छन्। शिक्षाको अधिकार अनुगमनबाट अनुगमन गरिएको जिल्लाको साक्षरता दर, प्राथमिक विद्यालय भर्ना दर, उच्च शिक्षामा सीमान्तकृत समुदायको भर्ना प्रतिशत, शैक्षिक सत्र बीचमा विद्यालय छाड्ने विद्यार्थी दर[१०] जस्ता परिणामहरू पनि प्राप्त गर्न सहज हुन्छ। यस्तै परिणाम काम गर्न पाउने अधिकारको अनुगमनबाट पनि प्राप्त हुन्छ। काम गर्न पाउने अधिकारको अनुगमनबाट

७. नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरको अनुगमनका लागि सूचकाङ्क, प्रयोगकर्ता पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको नेपाल कार्यालय सन् २०११ पृष्ठ ३२
८. ऐ. ऐ. पृष्ठ ४०
९. ऐ. ऐ. पृष्ठ ४६
१०. ऐ. ऐ. पृष्ठ ५२

अनुगमन गरिएको जिल्लाको कूल जनसङ्ख्या मध्येमा बेरोजगारहरूको अनुपात, बाल श्रमिकहरूको सङ्ख्या, वैदेशिक रोजगारीमा गएका कामदारहरूको सम्बन्धमा मृत्यु भएका घटनामा क्षतिपूर्ति प्रदान गरिएका पीडितहको संख्या, प्रतिवेदन अवधिमा जिल्लामा रोजगारीमा भएको वृद्धि, दैनिक १ अमेरिकी डलर भन्दा कम आर्जन गर्ने रोजगार र अर्द्ध रोजगारको अनुपात[११] लगायतका परिणामहरू प्राप्त गर्नलाई सहज हुने गर्दछ।

५.अनुगमनका चरणहरू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र नागरिक तथा राजनीतिक अधिकार अवस्थाको अनुगमन गर्ने विधि, तरिका र रणनीति एकै किसिमका हुन्छन्। यी दुवै विषयमा गरिने अनुगमनको परिणाम भनेको विषयवस्तुको तत्कालीन अवस्था झल्काउने हो। यो अवस्था थाहा पाउनको लागि सामान्यत: मानव अधिकारको अनुगमन क्रममा पाँच चरण पूरा गर्नु पर्दछ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरूमा गरिने अनुगमनमा माथि उल्लिखत संरचनागत, प्रकृयागत र परिणामगत सूचकाङ्कहरूलाई प्राथमिकतामा राखिनु पर्दछ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अनुगमनको क्रममा सोसँग सम्बन्धित कानुन र नीतिहरू, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको क्षेत्रमा छुट्याइएको बजेट, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको विशेष घटना उल्लङ्घन तथा यस सम्बन्धमा न्यायिक तथा अर्द्धन्यायिक संयन्त्रहरूबाट भए गरेका कार्यहरूको पनि अनुगमन गरिनु आवश्यक हुन्छ।[१२]

यस प्रकृयाबाट गरिने अनुगमनले सम्बन्धित विषयको कार्यान्वयनको अवस्थालाई आधारभूत रूपमा बुझ्न र थप प्रभावकारी कदम चाल्नको लागि राज्यलाई थप सहयोग पुग्दछ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अवस्थाको अनुगमनका पाँच चरणहरूको बारेमा तल उल्लेख गरिएको छ।

५.१ सूचना सङ्कलन

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अवस्थाको अनुगमन गर्ने क्रममा पनि सूचना सङ्कलन गर्ने कार्य गरिनु पर्दछ। सूचना सङ्कलन गर्दा विषय वस्तु वा घटनाको बारेमा विशेष प्राथमिकताका सूचना सङ्कलन गर्नु आवश्यक हुन्छ। अनुगमनमा पूर्व यथार्थपरक ढंगबाट सूचनाको सङ्कलन गर्न नसकिएमा यथार्थ तथ्य आउन नसक्ने प्रशस्त सम्भावना रहने भएकोले अनुगमन गरिने विषयको विस्तृत पृष्ठभूमि बारेमा पर्याप्त मात्रामा सूचना सङ्कलन गरिनु पर्दछ। संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमनसम्बन्धी निर्देशिकामा सामान्य पृष्ठभूमी, ऐन कानुन तथा नीति र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार अवस्थाको प्रवृत्ति तथा उल्लङ्घन भएका भनिएका विशेष घटनाको सम्बन्धमा प्राथमिक सूचनाहरू लिनु पर्ने उल्लेख।[१३] आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अनुगमनको क्रममा पनि सूचना सङ्कलन गर्दा अन्य अधिकारको अनुगमनसरह खुला श्रोतको प्रयोग गर्न सकिन्छ। खुल्ला स्रोतलाई अप्रत्यक्ष सूचना सङ्कलन गर्ने कार्य पनि भनिन्छ। यस श्रोत अन्तर्गत संचार स्रोतहरू, मानव अधिकारको सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू तथा जिम्मेवार सरकारी निकायहरू पर्दछन्। उजूरी, संचार माध्यमहरूमा छापिएका वा प्रसारण भएका समाचारहरू, स्थानीय मानव अधिकारकर्मी, स्थानीय सरोकारवाला निकायहरू, प्रशासन, पीडित, घटना एवम् अवस्थाको बारेमा जानकार व्यक्तिहरू, स्थानीय जनप्रतिनीधि वा निकाय लगायतका स्रोतहरू अनुगमनका आधारभूत खुल्ला स्रोत हुन्। सक्रिय सूचना सङ्कलनको क्रममा अनुगमनकर्ता वास्तविक रूपमा सक्रिय हुनु पर्दछ।

५.२ सूचनाहरूको प्रमाणिकरण र समस्याको निर्धारण

पहिलो चरणमा सूचना सङ्कलन गरिसकेपछि दोश्रो चरणको कार्य शुरु गर्नु पर्दछ। यस अवस्थामा पहिलो चरणमा प्राप्त सूचनाहरूको प्रमाणिकरण गर्दै समस्याहरूको पहिचान गरिनु पर्दछ। पहिलो चरणमा सङ्कलन गरिएका सूचनाहरूको सङ्कलनबाट समस्याको निर्धारण यस चरणमा हुन्छ।

अनुगमन के विषयमा गरिनुपर्ने, कोसँग भेट्नु पर्ने ?, जानकारी कोसँग लिनुपर्ने ?, कुन निकायको भ्रमण गर्नुपर्ने लगायतका विषयहरूमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। यसले अनुगमन गर्नुपर्ने विषय र समस्याको बारेमा प्रष्ट पार्न सहयोग गर्दछ। माथि उल्लिखित सरोकारवालाहरू सँगको छलफल र आफ्नो अवलोकन तथा अध्ययन समेतको आधारमा अनुगमन गरिनुपर्ने विषयको समस्या के हो भनी पत्ता लगाउन र विश्लेषण गर्न यस चरणमा गरिएको अनुगमनले सहज बनाउँछ।

५.३ मूल कारणको पहिचान

अनुगमन गर्ने क्रममा तेस्रो चरणमा समस्याको मूल कारणको पहिचान गर्नु पर्दछ। मानव अधिकार अवस्था सन्तोषजनक किन हुन सकेन भन्ने तथ्य यस चरणमा प्राप्त गरिन्छ। मुलकारणको पहिचान गर्ने कार्य सामान्यत: जटिल हुने भए पनि यसको अभावमा अनुगमन पूर्ण हुन सक्दैन। त्यसैले यस चरणमा दोस्रो चरणमा सङ्कलन गरिएका सूचनाहरूको विश्लेषण गरी मानव अधिकार उल्लङ्घन वा अवस्थाको मूल कारण पहिचान गर्नु पर्दछ। मूल कारण पहिचान गर्न नसकिएमा अनुगमन गर्ने निकाय वा टोलीले मानव अधिकारको सम्मान तथा संरक्षण गर्न एवम् राज्यको दायित्वलाई पुन: बल प्रदान गर्न सक्ने अवस्था पनि नहुन सक्दछ।

मूल कारणको पहिचान गर्न नसकिएमा अनुगमनकर्ता माथि विश्वसनीयता कायम रहन नसक्ने हुन्छ। मूल कारणको पहिचान गरी सुझाव एवं सिफारिश गर्न नसक्दा आगामी दिनमा पनि विगतका घटनाहरू दोहोरिइरहने अवस्था आइरहन्छ। त्यसैले अनुगमनका सर्वमान्य सिद्धान्तको आधारमा मूल कारण पहिचान गर्ने कार्यमा अनुगमन टोली सम्पूर्णरूपमा केन्द्रित रहनु पर्दछ।

११. ऐ.ऐ. पृष्ठ ५८

१२. थप जानकारीको लागि हेर्नुहोस् www.ohchr.org/Documents/Publications/Chapter20-48pp.pdf

१३. www.ohchr.org/Documents/Publications/Chapter20-48pp.pdf page 5

५.४ भविष्यमा गरिनुपर्ने कार्यहरूको लागि सुझाव तर्जुमा

तेस्रो चरणसम्म गरिएका कार्यहरू समाप्त भएपछि प्राप्त हुने तथ्यहरूको आधारमा अनुगमनकर्ताले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार आवस्थाको सुधार र आगामी दिनमा गरिनुपर्ने कार्यहरूको लागि सम्बन्धित पक्ष वा निकायको लागि सिफारिस तयार गर्नुपर्दछ। सुझाव एवम् सिफारिसहरू तथ्य र कानुनको आधारमा तयार गर्नुपर्दछ। सिफारिस एवम् सुझाव तर्जुमा गर्दा सधैं यथार्थपरक र परिणाममुखी हुनु पर्दछ। सिफारिसहरूमा तत्कालीन र दीर्घकालीन रूपमा गरिनुपर्ने कार्य र कार्यान्वयन गर्ने निकाय लगायतका विषयहरू खुलाउनु आवश्यक हुन्छ।

५.५ परिवर्तनका लागि कार्य ढाँचा तयार गर्ने

अनुगमनको पाँचौ चरणमा परिवर्तनका लागि कार्य ढाँचा तयार गर्नु पर्दछ। प्राप्त तथ्य र त्यसको विश्लेषणबाट निस्किएको समस्याको समाधानार्थ के गर्ने ? त्यसको कार्य योजना बनाउनु आवश्यक छ। यसरी तयार गरिने ढाँचामा कुन आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घन भएको हो त्यसको वास्तविक अवस्थालाई सम्बोधन हुने के गर्नुपर्छ भनी ढाँचा तयार गर्नु पर्दछ। यस चरणमा घटना हुनुका कारणहरूलाई सम्बोधन गर्ने उपाय पनि उल्लेख हुनु आवश्यक छ। यसका लागि परिवर्तनको अनुभूति गराउने किसिमले अदालतमा मुद्दा दर्ता गराउने, वकालत गर्ने, वा अन्य के कार्ययोजना बनाई लागु गर्ने प्रष्ट कार्यक्रमको उल्लेख हुनु पर्दछ। साथै आफूले गरिरहेको परिवर्तनको कार्य योजनामा कुन निकाय/संस्थाले के गर्ने स्पष्ट हुनु जरूरी छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन ती अधिकारको परिपूर्ति, उल्लङ्घनका घटनाहरू र त्यस्ता घटनाहरूको संरक्षणार्थ चालिएका कदम र त्यसबाट देखिएको परिणाम समेत प्राप्तिको लागि हुन्छ। यसबाट राज्यले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रचलनका लागि गरिरहेका, त्यसमा भएको कमजोरी र अगामी दिनमा चालिनु पर्ने कदमसम्बन्धी तथ्य प्राप्त हुन्छ। जसले देशलाई मानव अधिकारमुखी पद्धतिको विकास निर्माण गर्ने कार्यमा सहयोग पुग्दछ। यसले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उपभोगकर्ताको अधिकार प्रचलनमा सहयोग पुऱ्याउने निश्चित छ। तर अझै पनि यो क्षेत्र अनुगमनको प्राथमिकतामा परेको अवस्था छैन। तसर्थ मानव अधिकार राष्ट्रिय संस्था, मानव अधिकार क्षेत्रमा कार्यरत सबै सङ्घसंस्थाहरू र नागरिक स्तरबाट पनि यस अधिकारको प्रयोग सुनिश्चतताको लागि समान चिन्ता र कार्य आवश्यक देखिन्छ। यी अधिकारका लागि सरकारको सक्रिय सकारात्मक प्रयास अपरिहार्य छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रचलनको लागि नेपालको प्रचलित संविधान, ऐनहरू, नियमावली, नीतिहरूको निर्माण भएको छ छैन ? नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयका अन्तर्राष्ट्रिय कानुनहको अनुमोदन गरेको छ, छैन ? अनुमोदन गरेको अवस्था भएमा यी अधिकारहरू प्रचलनको सहजताकालागि अन्तर्राष्ट्रिय कानुन स्तरको राष्ट्रिय कानुन निर्माण भएको छ, छैन ? लगायतका विषयहरूको अध्ययन गरिनु जरूरी हुन्छ।

सन्दर्भ सामग्रीहरू

१. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्राय: सोधिने प्रश्नहरू, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय
२. सर्वोच्च अदालतबाट वि.सं. २०६३ र २०६४ मा प्रकाशित नेपाल कानुन पत्रिकाहरू
३. नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकाङ्कहरू, राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय २०६८ (A User's Guide, Indicators for Monitoring Economic, Social And Cultural Rights in Nepal, National Human Rights Commission, Government of Nepal and United Nations Human Rights Office of the High Commissioner Nepal, September 2011)
४. मर्यादित जीवन, सामाजिक न्याय, विकास र समृद्धिका लागि मानव अधिकार: राष्ट्रिय मानव अधिकार आयोग र लुथरन विश्व फेडेरेशन नेपाल, मंसिर २०६९
५. संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अकिार विषयक अनुबन्ध १९६६
६. Handsbook for National Human Rights Institutions, Economic, Social and Cultural Rights, Office of the United Nations High Commissioner for Human Rights, United Nations New York and Geneva 2005, Professional traning series No. 12
७. Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008
८. United Nations Human Rights Office of the High Commissioner; MANUAL ON MONITORING, MONITORING ECONOMIC, SOCIAL AND CULTURAL RIGHTS, Chapter 20
९. www1.umn.edu/humanrts/monitoring/chapter5.html
१०. www.ohchr.org/EN/ProfessionalInterest/Pages/Vienna.aspx

विश्लेषण

हर्क रावल[1]

मुलुकी फौजदारी संहिताका महत्त्वपूर्ण व्यवस्थाहरू

संहिताले यातना दिने कार्य अपराध घोषणा गरी देशमा विधिको शासन र मानव अधिकारको पालनाको सम्भावना बढाएको छ। यस नयाँ व्यवस्थामा "यस दफाको प्रयोजनका लागि पक्राउ परेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्द वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिलाई देहायको उद्देश्यले जानी जानी शारीरिक वा मानसिक पीडा वा कष्ट प्र्याएमा वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिएमा त्यस्तो व्यक्तिउपर यातना दिएको वा क्रुर, निर्मम अमानवीय वा अपमानजनक व्यवहार गरेको मानिने छ" भन्ने व्यवस्था गरी बलियो राज्य सयन्त्रवाट निमुखा वा कमजोर नागरिकले भोग्नु परेको यातना आगामी दिनमा कमी आउने आशा गर्न सकिन्छ। यी र यस्ता केही नयाँ व्यवस्थाहरू यस संहितका गहना पनि हुन्।

देवानी र फौजदारी विषयमा मुलुकी ऐनमा भएका व्यवस्थाले परिवर्तित सन्दर्भमा न्याय प्रशासन सहज हुन नसकेको गुनासो थियो। समय सन्दर्भमा परिवर्तनले ल्याएका नयाँ-नयाँ विषयका विवादहरू वा कानुनहरूलाई मुलुकी ऐनले सम्बोधन नगरेको विषयलाई मध्यनजर गर्दै देवानी र फौजदारी संहिता २०७५ साल भदौ १ गतेदेखि लागु भएको छ।

अलग अलग संहिता बनाइ मुलुकी ऐनलाई प्रतिस्थापन गर्नु हुँदैन, त्यो हाम्रो मुलुकको पहिचान हो, बरू त्यसैमा समय अनुरूप थप व्यवस्थाहरू राख्ने र आवश्यकता अनुरूप संशोधन पनि गर्नु पर्दछ भन्ने स्वर पनि प्रशस्तै थियो। त्यस्तो तर्कहरू खासगरी मुलुकी ऐन हाम्रो आफ्नै सृजना भएको र त्यो नेपाली जनजीवनमा भिजिसकेको छ, संहिताकरण गर्ने पाटो विदेशीको प्रभावको आधारमा हुँदैछ भन्ने एकथरीको तर्क थियो, तथापि समयको माग ठान्दै संसद्ले समयकाल परिस्थितिसंग सामना गर्न सकिने गरी मुलुकी अपराध संहिता २०७४ जारी गऱ्यो।

यस संहितामा कतिपय नयाँ व्यवस्थाहरू राखिएका छन्। यस्ता नयाँ व्यवस्थाहरूमा कतिपय साविकको मुलुकी ऐनमा उल्लेख त गरिएका तर पूर्ण परिभाषा सहित २१ औँ शताब्दीको अपराध प्रवृत्तिलाई सम्बोधन गर्न नसक्ने व्यवस्थाहरूलाई थप परिभाषित गर्दै समयानुकूल प्रष्ट हुने गरी विस्तृतिकरण गरिएको छ। कतिपय कसुरजन्य कामहरू आम समुदायको नजरमा कसुर हुने तर मौजुदा कानुनले कसुरको परिभाषा र व्यवस्था गर्न नसकेको क्षेत्रमा समेत नयाँ कसुरहरूको परिभाषा सहित व्यवस्था गरेको छ।

मुलुकी फौजदारी संहिता २०७४ ले मूलभूत रूपमा गरेको मुख्य व्यवस्थामा

(क) नयाँ कसुरहरूको क्षेत्रगत व्यवस्था गरेको, (ख) साविकका कसुरजन्य कार्यलाई परिभाषा सहित विस्तृतिकरण र समयसाक्षेप परिमार्जन गरेको (ग) जघन्य कसुरहरूमा र २१ औँ शताब्दीमा मानव अधिकारको मान्यता अनुरूप हुने गरी तमाम कसुरहरूमा सजाय बढाइएको, (घ) कसुरहरूमा पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको र अब कैद जरिवाना र क्षतिपूर्ति साथसाथै जाने व्यवस्था छ।

नयाँ संहितामा साविकका कानुनहरू करिब ६० प्रतिशत, अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा कानुनी व्यवस्थाहरू करिब २० प्रतिशत र सर्वोच्च अदालतबाट प्रतिपादन गरिएका नजिर सिद्धान्तहरूको करिब २० प्रतिशत सम्मिलन गराई नयाँ मस्यौदा बनाइएको यस संहिताका मस्यौदाकारहरूबाट विभिन्न मञ्चहरूमा व्यक्त गरिएको पाइन्छ। नयाँ मस्यौदा समय साक्षेप रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्यमा आएका परिवर्तनहरू र आवश्यकताहरूलाई समेत सम्बोधन गर्न सक्ने गरी आएको भन्न सकिन्छ।

फौजदारी न्यायका सामान्य सिद्धान्तहरू दफा ६-३२ कसुरको गम्भीर्यता बढाउने तथा घटाउने अवस्थाहरू दफा ३८-३९ यस संहिताका नवीनतम र उत्तम व्यवस्था हुन्। यस संहिताले अपराधहरूमा साविक मुलुकी ऐन भन्दा केही सजाय बढाएको छ। पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरी २१ शताब्दीमा मानव अधिकारको कोणबाट पीडितको संरक्षण र क्षतिपूर्तिका लागि कानुनी प्रत्याभूति हुनु पर्दछ भन्ने आमरूपमा माग भएको विषयलाई पनि यसले सम्बोधन गर्न सफल भएको छ। त्यसैगरी कैदको सट्टा सामुदायिक सेवा (दफा ४० (छ)) पनि यस संहिताको नयाँ र महत्त्वपूर्ण व्यवस्था हो। दफा ४० सजायमा छुट दिन सकिने व्यवस्था पनि यस संहिताको अर्को

१. लेखक, अधिवक्ता हुन् ।

महत्त्वपूर्ण व्यवस्था मान्न सकिन्छ। दफा ४८ को अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने व्यवस्था पनि संहिताको नयाँ र महत्वपूर्ण व्यवस्था हो।

यो संहिताका केही कसुरहरूका हकमा विगतको मुलुकी ऐन भन्दा निकै कठोर र अनुदारवादी भएर आएको पनि देखिन्छ। उदाहरणको रूपमा दफा ४१ लिन सकिन्छ। उक्त दफा ४१ मा जन्म कैद हुने भनि यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कसुर गर्ने कसुरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसुरदार जीवित रहेसम्म कैद गर्नुपर्नेछ" (क) क्रुर यातना दिई वा निमर्मतापूर्वक ज्यान मारेको, (ख) वायुयान अपहरण गरी वा वायुयान बिस्फोट गरी ज्यान मारेको, (ग) अपहरण गरी वा शरीर बन्धक लिइ ज्यान मारेको, (घ) सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको, (ङ) कुनै जातजाति वा सम्प्रदायको अस्तित्व नै लोप गर्ने जाति हत्या (जेनेसाइड) गरेको वा गर्ने उद्देश्यले कसुर गरेको, (च) जबरजस्तीकरणी गरी ज्यान मारेको। साथै साविकको मुलुकी ऐन दण्ड सजायको महलको दफा ६ मा जन्म कैदको सजायको गणना २० वर्ष हुने व्यवस्थालाई अझ कठोर पारी हाल दफा ५१ मा जन्मकैदको सजाय गणना गर्दा २५ वर्ष कैद सजाय हुने व्यवस्था गरेको छ।

मुलुकी अपराध (संहिता) ऐन २०७४ को भाग-२ को राज्य विरूद्धका कसुर शीर्षकमा दफा ४९ देखि दफा ५८ सम्म विभिन्न कसुरहरूको व्यवस्था गरिएको छ। सो परिच्छेदमा सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकता उपर खलल गर्न नहुने

(दफा ४९) देखि राष्ट्रपति वा संसदलाई धम्की दिन नहुने (दफा ५८) सम्मका व्यवस्थाहरू गरिएको छ।

भाग २ को परिच्छेद २ मा सार्वजनिक शान्ति विरुद्धको कसुर शीर्षकमा साविकमा विभिन्न कानुनहरूमा छरिएर रहेका व्यवस्थाहरूलाई यस परिच्छेदमा एकीकृत गर्दै केही नयाँ कसुरहरू पनि थपिएको छ। यो परिच्छेदमा भएका कतिपय व्यवस्थाहरू विगतमा लोकतन्त्र प्राप्तिका लागि दलहरूले गर्दै आएका क्रियाकलापहरू अब अपराध ठहरिने भएका छन्। जस्तै दफा ६० मा गैरकानुनी भेला गर्न नहुने, दफा ६१ मा गैरकानुनी भेला रोक्ने वा भंग गर्ने आदेश उल्लङ्घन गर्न नहुने, दफा ६२ मा प्रत्येक सदस्यले कसुर गरेको मानिने भनी गैरकानुनी भेलामा उपस्थित भएको प्रत्येक सदस्यले कसुर गरेको मानिने भन्ने व्यवस्था गरेको छ। दफा ६५ मा सार्वजनिक शान्ति खलल पार्न नहुने र दफा ६६ मा राष्ट्रसेवकलाई बाधा विरोध गर्न नहुने वा दफा ७० मा झुट्ठा अफवाह फैलाउन नहुने र दफा ७२ मा संवेदनशील सार्वजनिक क्षेत्रमा मसाल जुलुस गर्न नहुने कानुनी प्रावधान गरेर त्यसलाई कसुर मानिएको छ। अबका दिनमा हुलदंगा तथा अशान्ति बढ्न नदिइ शान्ति र अमनचयन कायम गर्ने उद्देश्य राखेको पाइन्छ तर नेपाली राजनीतिको परम्परागत विरोध शैलीमा परिवर्तन नआएको खण्डमा यी व्यवस्थाहरूले थप जटिलता ल्याउने संभावना पनि देखिन्छ।

यी केही महत्त्वपूर्ण व्यवस्थाहरूका अतिरिक्त यस संहितामा कतिपय नयाँ कसुरहरू पनि किटानी गरिएका छन् ती निम्नानुसार छन्:-

१. दफा ३३- अपराधिक षडयन्त्र गर्न नहुने।
२. दफा ५१- राष्ट्रि हित प्रतिकूल काम गर्न नहुने।
३. दफा ५२- जातिहत्या गर्न नहुने।
४. दफा ५७- राष्ट्रपति उपर आक्रमण गर्न नहुने।
५. दफा ५८- राष्ट्रपति वा संसदलाई धम्की दिन नहुने।
६. दफा ६२- प्रत्येक सदस्यले कसुर गरेको मानिने।
७. दफा ८२- शपथ गर्न इन्कार गर्न नहुने।
८. दफा ९८- झुट्ठा उजुरी दिन नहुने।
९. दफा ९९- बदनीयतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुने।
१०. दफा १०४- संक्रामक रोग फैलाउन नहुने।
११. दफा ११०- पानी दुषित पार्न नहुने।
१२. दफा १५२- राष्ट्रिय विभुतिको अपमान गर्न नहुने।
१३. दफा १६०- भेदभाव गरी वस्तु वा सेवा खरिद विक्री वा वितरण गर्न नहुने
१४. दफा १६७- यातना दिन नहुने आदि

संहिताले यातना दिने कार्य अपराध घोषणा गरी देशमा विधिको शासन र मानव अधिकारको पालनाको सम्भावना बढाएको छ। यस नयाँ व्यवस्थामा "यस दफाको प्रयोजनका लागि पक्राउ परेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्द वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिलाई देहायको उद्देश्यले जानी जानी शारीरिक वा मानसिक पीडा वा कष्ट प्र्याएमा वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिएमा त्यस्तो व्यक्ति उपर यातना दिएको वा क्रुर, निर्मम अमानवीय वा अपमानजनक व्यवहार गरेको मानिने छ" भन्ने व्यवस्था गरी बलियो राज्य सयन्त्रवाट निमुखा वा कमजोर नागरिकले भोग्नु परेको यातना आगामी दिनमा कमी आउने आशा गर्न सकिन्छ। यी र यस्ता केहि नयाँ व्यवस्थाहरू यस संहितका गहना पनि हुन्।

संहिताले सजाय, जरिवाना र क्षतिपूर्ति सँगसँगै एक अर्काका परिपूरकका रूपमा व्यवस्था गरेको छ। साथै सजायसम्बन्धी प्रावधानहरू विश्लेषण गर्दा सजाय र जरिवानाको अनुपात पनि मिलाएर बनाएका पाइन्छ।

संहिताले २१ औँ शताब्दीमा समाजमा भएका विज्ञान प्रविधिको विकास र समाज परिर्तन सँगसँगै अएका तमाम विकृतिहरू र तिनले सृजना गरेका नयाँ नयाँ अपराधहरूलाई पनि कसुरमा समावेश गरी समय सापेक्ष कसुरको परिभाषा र दण्डको व्यवस्था गरेको पाइन्छ। संहितामा कमी कमजोरीहरू नभएका होइनन् तर प्रयोग गर्दै जाँदा तिनमा क्रमिक सुधार र संशोधन हुने नै छन्। यसले केही नवीनतम विषय समेटेर र कतिपय विषयहरू प्रष्ट पारेर समाजमा अपराध र अपराधिउपर राज्यको पहुँचलाई व्यापक पार्दै जनमानसमा शान्ति र न्यायको अवस्था स्थापना गर्ने सक्षम हुने देखिन्छ साथै कसुरहरूमा सजाय थप गरेर राज्य विस्तारै अपराधीहरू प्रति बढी अनुदार भएको वा सो विषयमा राज्यको अनुहार कठोर भएको पनि देखिन्छ।

विश्लेषण

शोभाकर बुढाथोकी[1]

सफल सङ्घीयताका लागि संविधानको कार्यान्वयन

मुलुकको समृद्धिका लागि अस्थिरता र अन्यौलको अन्त्य आवश्यक हुन्छ भने सङ्घीयताको सफलताका लागि संविधानको कार्यान्वयन अपरिहार्य छ। निर्वाचनबाट सबै तहका सरकारहरू गठन भएको र विधायिकाहरू पनि सक्रिय रहेको अवस्थामा समेत प्रादेशिक संरचनाहरूमा अन्यौल कायम छ। मुलुकले सङ्घीय स्वरुपता अँगाले पनि प्रदेश सरकारका निकायहरू चलायमान हुन नसक्दा आमनागरिकमा उदासिनता बढ्न थालेको छ। मूलत: सङ्घीय सरकार र यसका निकायहरूमा विद्यमान मानसिकता तथा सोचका कारण देशमा सङ्घीय शासन पद्धति असफल हुनसक्ने आशङ्काले सबैलाई पिरोल्न थालेको छ।

बिडम्वना, सङ्घीयता अर्न्तगतका निकायहरू मूलत: प्रान्तीय सरकारहरू दिशाविहिन हुन पुग्नुको साथै मतदाताहरूसँग सामना गर्न नसक्ने अवस्थामा पुगेका छन्। आम जनजीवनलाई सहज बनाउने सवालमा कुनै प्रभावकारी कार्य हुन नसकेको अवस्थामा सङ्घीय सरकारले निर्वाह गर्नुपर्ने जिम्मेवारी समयमा सम्पन्न गर्न नसकेका कारणले प्रदेश सरकारहरू निस्क्रिय देखिन थालेका छन्।

प्रदेश कार्यपालिका र व्यवस्थापिका संविधान प्रदत्त जिम्मेवारीलाई पूरा गर्नमा तल्लिन भए पनि सङ्घीय सरकारबाट प्रान्तीय सरकारका लागि आवश्यक कानुनहरू र जनशक्तिका व्यवस्थापन हुन नसक्दा प्रदेश सरकारको अस्तित्व सङ्कटमा पर्न थालेको छ। साथै, सङ्घीय वित्त आयोग, प्रदेश प्रहरी र प्रदेश लोकसेवा आयोग जस्ता निकायको अभावमा प्रदेश सरकारको दैनिक सेवा प्रवाहसमेत प्रवाहित हुन थालेको छ।

सिद्धान्त र व्यवहार दुवैमा सङ्घीय शासन पद्धतिको दिगोपन मुलुकको संविधान तथा यससँग सम्बन्धित कानुनहरूको कार्यान्वयन, आवश्यक संयन्त्रहरूको स्थापना यसको प्रभावकारिता राजनीतिक तथा प्रशासनिक नेतृत्वको कार्यशैली र व्यवहारमा निर्भर गर्दछ। यथार्थमा सङ्घीय सरकारले प्रदेश सरकार तथा यसका निकायलाई प्रतिष्पर्धी नभई सहकर्मीको रूपमा आत्मसात गर्न सक्नु पर्दछ। सङ्घीय व्यवस्थालाई सामान्तया राजनीतिक अधिकार र साधन-स्रोतको अधिकतम विकेन्द्रीकरणको स्वरुपका रूपमा बुझिन्छ। साथै, सङ्घीयतामा राष्ट्रिय तथा प्रादेशिक तहमा अधिकार सम्पन्न स्वायत्त र स्वतन्त्र सरकारको परिकल्पना गरिएको हुन्छ भने यस्ता सरकारको चलायमानता र प्रभावकारितामा यसको सफलता निर्भर गर्दछ। सैद्धान्तिक स्पष्टता, समझदारीमूलक नेतृत्व र लोकतान्त्रिक कार्यशैलीको अभावमा सङ्घीय शासनप्रणालीको संस्थागत विकास असम्भव हुन्छ।

संवैधानिक र व्यावहारिक दुवै तहमा मुलुक सङ्घीयतामा प्रवेश गरेको छ। सङ्घीय संविधानको परिकल्पनाअनुसार सबै तहका निर्वाचनहरू सम्पन्न भएका छन् र सोही परिणामका आधारमा हरेक तहका सरकारहरू गठन भएका छन्। तथापि सङ्घीय संरचनाहरूको निर्माणमा अनिश्चितता देखिन थालेको छ। राजनीतिक दृष्टिकोणमा मुलुकले केन्द्रिकृत शासन पद्धतिबाट सङ्घीय प्रणालीमा रुपान्तरण हुने महत्वपूर्ण फड्को मारिसकेको छ। तर,सङ्घीयताको दिगोपनका लागि आवश्यक न्यूनतम पूर्वाधार, जनशक्ति र संरचनाहरूको निर्माणमा दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ भने स्रोत-साधनहरूको पर्याप्त व्यवस्था हुनुपर्छ। साथै, आमनागरिकले अपनत्व नलिएसम्म र सङ्घीय प्रणालीका आधारभूत पक्षहरूको व्यवहारमा कार्यान्वयन नभएसम्म सङ्घीयतालाई संस्थागत गर्ने कार्य चुनौतीमूलक हुने गर्दछ।

नेपालमा सङ्घीयताको घोषणा संवैधानिक प्रक्रियाबाट भए पनि लामो समयदेखि जारी अविच्छिन्न राजनीतिक स्घर्षका अलावा जनआन्दोलन, दश वर्ष लामो सशस्त्र द्वन्द्व र तराई-मधेस लगायत जातीय-क्षेत्रीय आन्दोलनहरूबाट प्राप्त उपलब्धिका रूपमा यसलाई लिन सकिन्छ। तसर्थ, सङ्घीयताको संस्थागत विकासका लागि मुलुकको अर्थ राजनीतिका अलावा शक्ति सन्तुलन, आर्थिक आत्मनिर्भरता, समाजको विविधता र पहिचानका सवालहरूलाई आम नागरिकको जनजीवनमा मूलप्रवाहीकरण गर्नुपर्नेतर्फ सोच्नुपर्ने हुन्छ।

नेपालको सङ्घीय शासन प्रणालीमा संविधानले केन्द्र र प्रदेश-स्थानीय तहका सरकारहरूकाबीचमा राजनीतिक, कानुनी, आर्थिक र भौगोलिक क्षेत्राधिकारहरूको सीमा स्पष्ट पारेको छ। सामान्यतया राज्य निर्माणको क्रममा सङ्घीयता अपनाएका मुलुकको भन्दा केन्द्रिकृत शासन पद्धतिबाट सङ्घीयतामा रूपान्तरित भएका राष्ट्रमा क्षेत्राधिकार र स्वायत्तताका सवाललाई व्यवस्थापन गर्नु जटिल मानिन्छ। तसर्थ, सङ्घीयता र गणतन्त्रको संस्थागत विकास, राज्यको पुर्नसंरचना, आर्थिक तथा सामाजिक रुपान्तरण र राष्ट्र निर्माणका आधारहरूको निर्माण हुन सकेमा मात्र मुलुकमा स्थिरता र संवृद्धिका कार्यहरूलाई संस्थागत गर्न सहज हुनेछ।

संविधानको कार्यान्वयन र सङ्घीयताको प्रभावकारिताका लागि सङ्घ

---

१. लेखक बुढाथोकी मानवअधिकारकर्मीका अलावा द्वन्द्व तथा सुरक्षा विशेषज्ञकारूपमा चिरपरिचित हुनु हुन्छ भने peace.sb@gmail.com मार्फत् उहाँसँग सम्पर्क गर्न सकिने छ।

र प्रदेशकाबीचमा आपसी सहकार्य र सहमति जरुरी हुन्छ। सङ्घीय व्यवस्थामा नीति निर्माणदेखि कार्यान्वयन तहसम्म यसका सैद्धान्तिक र व्यवहारिक पक्षहरू पारदर्शी, जिम्मेवार र जवाफदेही हुन सकेमा आमनागरिकका अपेक्षाहरू सम्बोधन गर्न सकिन्छ। तर, विगतका केन्द्रिकृत राज्य प्रणालीमा आधारित निरङ्कुश पञ्चायती र बहुदलीय शासन व्यवस्थाको कार्यशैलीमा परिवर्तन गर्न नसकेमा सङ्घीयताले पनि जनविश्वास गुमाउँछ भने सर्वसाधारण नागरिकमा यसले नैराश्यता सृजना गर्नेछ। यसकारण सङ्घीयता सर्वसाधारणका लागि जनउत्तरदायी र पहुँच योग्य हुनु अपरिहार्य मानिन्छ।

विश्वमा सङ्घीय व्यवस्थाको सफलता र असफलतासँग सम्बन्धित प्रशस्त उदाहरणहरू पाइन्छन्। सङ्घीयताको दिगोपन र चलायमानता देशका नेतृत्वकर्ताको आचरन, कार्यशैली र व्यवहारमा निर्भर गर्दछ। शासन पद्धतिलाई सुशासनयुक्त बनाउन र जनसहभागितालाई प्राथमिकता दिने राष्ट्रहरू सफल भएका छन् र सम्बृद्धिको शिखरतर्फ उन्मुख देखिन्छन्। तर, अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न नसक्ने र जनअपेक्षालाई सम्बोधन गर्नमा असफल हुने मुलुकहरूमा राजनीतिक अस्थिरता र अन्यौल बढेको पाइन्छ। यस्तो अवस्थामा आम नागरिककाबीचमा विद्यमान आपसी मेलमिलाप र सहिष्णुता धरापमा पर्दछ भने सङ्घीयतालाई मुलुकको अखण्डता र सार्वभौमसत्तालाई समेत जोगाइराख्न कठिनाइ उत्पन्न हुनेछ।

सङ्घीयता सहकार्य, सहयोग र समन्वयको सिद्धान्तमा आधारित हुन्छ। साथै, सङ्घीय व्यवस्थाको सफलताको आधारभूत मापदण्डका रूपमा शक्ति सन्तुलन र अधिकारको अधिकतम विनियोजन मानिन्छ। यसको मतलव, सङ्घीयता शासन पद्धतिमा केन्द्रीय सरकारको भूमिका संयोजन, सुपरीवेक्षण र अभिभावकीय दायित्वमा मात्र सीमित रहनु पर्दछ। तर, दैनिक प्रशासन र सेवासम्बन्धी सम्पूर्ण कार्य प्रदेश सरकार मातहत रहनुपर्दछ र सोही अनुरुप आम समुदायमा सेवा प्रवाह गरिनुपर्दछ। संविधानले सङ्घीय, प्रादेशिक र स्थानीय सरकारकाबीचमा राज्य सञ्चालनका सवालमा आपसी समझदारी नभएको अवस्थामा अधिकार प्रत्यायोजन र उपयोगका नाममा द्वन्द्वको स्थिति सृजना हुन सक्छ। सङ्घीयतालाई सफल पार्नका लागि राज्यका संयन्त्रहरूको परिचालन र प्रभावकारिता महत्वपूर्ण मानिन्छ। प्रदेश सरकार गठनको तत्कालै संविधानले परिकल्पना गरेका प्रादेशिक कार्यालयहरूको स्थापना गर्नुपर्ने थियो। तर, प्रादेशिक सरकार गठन भएको लामो समयको अन्तरालमा पनि केही प्रशासनिक निकायहरू स्थापना भए पनि चलायमान हुन नसकेको अवस्था छ। मूलत: पूर्वाधार, जनशक्ति व्यवस्थापन र सरकारी निकायहरूको पदस्थापन अहिलेसम्म समस्याका रूपमा रहेका छन्। सङ्घीयताको कार्यान्वयनका सन्दर्भमा हालसम्म सर्वोच्च अदालत र नेपाल प्रहरीबाहेक अन्य प्रशासनिक संयन्त्रहरूको उपस्थिति औपचारिकतामा सीमित छ। बिडम्वना, कर्णाली र गण्डकी बाहेक अन्य प्रदेशले प्रदेशको नाम र राजधानीको टुङ्गोसमेत लाग्न नसक्नुले सर्वसाधारणमा निराशा जागृत हुनु स्वभाविक मानिन्छ।

निजामती कर्मचारीहरू विशेषत: प्रमुख जिल्ला अधिकारीहरूले प्रदेशअर्न्तगत रहने सवालमा विरोध मात्र नभई अवरोधसमेत सृजना गर्नुले कर्मचारी समायोजनको समस्या थप जटिल हुन गएको छ। फलत: प्रदेश सरकारको प्रभावकारितामा व्यापक असर पारिरहेको छ। यसरी मलुकको स्थायी सरकारको रूपमा रहने प्रशासनिक संयन्त्रहरूबाट राजनीतिक नेतृत्वमाथि अनुचित दवाव दिनु गैरजिम्मेवारपूर्ण कार्य मात्र नभई मुलुकको स्थापित शासन पद्धतिलाई असफलतातर्फ उन्मुख गराउने कार्यको रूपमा बोध हुन थालेको छ।

संविधानका कतिपय व्यवस्थाहरू महत्त्वाकाङ्क्षी भएका कारण कार्यान्वयनमा जटिलता देखिएको अनुभूति भए पनि यसको संशोधनका लागि पर्याप्त समय चाहिन्छ। मूलत: मौलिक हक, संवैधानिक आयोग, निर्वाचन प्रक्रिया, शासन प्रणाली, नागरिकता लगायतका सवालमा संविधान संशोधनका लागि गृहकार्य गर्नुपर्ने देखिन्छ। तथापि संशोधन प्रक्रिया कसैलाई खुसी पार्ने नाममा वा सत्तालाई थप मजबुत बनाउने भावनात्मक विषय नभई मुलुकको आवश्यकता अनुसार अगाडि बढाइनु पर्छ। यसैगरी, प्रदेशहरूको सीमाङ्कनका सवालमा सार्वजनिक असन्तुष्टिहरूमा विस्तारै कमी आए पनि संविधानका अन्य केही महत्त्वपूर्ण प्रावधानहरूप्रति विरोधका आवाजहरू कायम छन्।

नेपाल लगायत विश्वका दुई दर्जन मुलुकहरूले सङ्घीय पद्धति अपनाए पनि सबै सफल हुन सकेका छैनन्। असफलताको मुख्य कारण केन्द्रीय र प्रादेशिक सरकारकाबीचमा आपसी असमझदारी, शक्ति बाँडफाँडमा खिचातानी र समन्वय, सहयोग तथा सहकार्यको अभाव देखिन्छ। सङ्घीयतालाई प्रभावकारी बनाउनका लागि प्रादेशिक तथा स्थानीय तहका सरकार र यस मातहतका निकायहरूलाई चलायमान बनाउनु पर्दछ। मुलुकमा सङ्घीयताको अभ्यास प्रारम्भिक चरणमा भएकाले सङ्घीय सरकारको सहयोग आवश्यक हुन्छ। साथै, प्रादेशिक र स्थानीय सरकारहरूको क्षेत्राधिकारभित्रका नीति निर्माण, निर्णय प्रक्रिया र कार्यान्वयनका सवालमा सङ्घीय सरकार हस्तक्षेपकारी भूमिकाबाट अलग रहन सकेमा सङ्घीयताको प्रभावकारिता व्यापक हुनेछ।

सङ्घीय व्यवस्थाको स्थापनालाई राजनीतिक रुपान्तरणको सर्वोत्तम अभ्यासका रूपमा लिइएको छ। यसले कानुनत: अधिकतम विकेन्द्रिकरण प्रादेशिक र स्थानीय तहका सरकारहरूको स्वायत्तता तथा स्वतन्त्रतालाई पनि स्वीकारेको छ। सङ्घीयतालाई चलायमान बनाउन सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूकबीचमा पारस्परिक हितका लागि आपसी समझदारी, सहकार्य र सहयोगको आवश्यकतालाई व्यवहारमा उतार्नुपर्छ।

सङ्घीयताको सफल कार्यान्वयनका लागि राजनीतिक र निजामती कर्मचारीको कार्यशैली, सोच, मानसिकता र व्यवहारमा व्यापक रूपान्तरण आवश्यक छ। सङ्घीय व्यवस्थालाई प्रभावकारी बनाउन संविधानत: गठित सबै तहका सरकारहरूलाई कानुनी, प्रशासनिक, राजनीतिक र व्यावहारिक रूपमा चलायमान गराउनुपर्दछ। यसको महत्वपूर्ण आधार भनेको संविधानको कार्यान्वयन नै हो। साथै, संविधानले परिकल्पना गरेका संयन्त्रहरूको स्थापना र अधिकारको प्रत्यायोजनका सवालमा सङ्घीय सरकार थप उदार बन्न सकेमा मात्र सङ्घीयताको फल आमनागरिक समक्ष पुग्नेछ भने सङ्घीय शासन पद्धति सफलतातर्फ उन्मुख हुनेछ।

विश्लेषण

श्रीराम बजगाईं[1]

सचेत नागरिक सङ्गठनको आवश्यकता

नागरिकहरूको स्वतन्त्र चाहनाबमोजिम कानुन र संविधानले बर्जित गरेका विषयभन्दा बाहेकका नागरिक सरोकार र कार्य गर्न नियमबमोजिम दर्ता भएका सङ्घ, संस्था वा अनौपचारिक अभियान, दवाव समूह वा विषयगत विज्ञहरूको आवद्धतालाई नागरिक सङ्गठनको रुपमा बुझिन्छ। नागरिक सङ्गठनहरू संस्थागत स्वरूप र अनौपचारिक संरचना दुवैरूपमा कार्य गर्दछन्। नागरिक आवाजका प्रतिनिधिका रूपमा नागरिक सङ्गठनहरूले राज्य (सरकार तथा शासनका औपचारिक संरचना) र बजारको भन्दा अलग्गै पहिचान बोकेका हुन्छन्। संयुक्त राष्ट्रसङ्घका अनुसार नागरिक समाजले नागरिक सङ्गठन र गैरसरकारी संस्थाहरूलाई बुझाउँछ जसले सरकार र बजार भन्दा पृथक रहेर कार्य गर्दछन।

विभिन्न राजनीतिक सङ्क्रमण र चुनौतीको सामना गर्दै तीन वटै तह (स्थानीय तह, प्रदेश र सङ्घ) को निर्वाचन सम्पन्न भएका छन्। तीनै तहका सरकार र विधायकी संरचनाहरू आफ्ना जिम्मेवारी अनुसारको काममा सकृय छन् भने संविधान कार्यान्वयनका लागि जरुरी ऐन तथा कानुनहरू संसद्ले क्रमशः निर्माण गर्दैछ। यसलाई नेपालको संविधान २०७२ कार्यान्वयनको दिशातर्फ बढेको सुखद सङ्केत मान्नु पर्छ। राज्यले आफ्ना कार्यकारी, विधायकी र न्यायिक अधिकारको पूर्ण अभ्यास सुरुवात गर्नु लोकतान्त्रिक प्रणालीको सफलतातर्फको यात्रा प्रारम्भ भएको मान्न सकिन्छ। नेपालको संविधानले परिकल्पना गरेबमोजिम सङ्घीय संसद्, प्रदेश सभा र स्थानीय सभाले आफ्नो संवैधानिक क्षेत्राधिकारमा आधारित भएर कानुन निर्माण गर्ने र कार्यपालिकाले त्यसको कार्यान्वयन गर्नु जरुरी छ।

नीतिगत र कानुन सङ्क्रमणको वर्तमान अवस्थामा, ऐन, नीति तथा नियमावली निर्माण कार्यमा सरकारले तीब्र पहलकदमी लिनु आवश्यक छ। मौलिक हकहरूको सुनिश्चितताका लागि आवश्यक कानुनी संरचना निर्माणमा सरकारको अग्रसरता सराहना योग्य हुँदा हुँदै पनि समयको सीमितताका कारण कानुनमा सरोकारवाला राय सुझाब लिन छुटाउने प्रक्रियाले त्रुटिहरू भेटिने र अपनत्व अनुभूति कम हुन जान्छ। कानुन निर्माणका लागि जरुरी प्रयत्नहरू गर्ने भन्दा कार्यकारी निर्णयबाट शासन गर्ने चाहनाले लोकतान्त्रिक मूल्य र संवैधानिक मर्ममाथि न्याय हुन नसक्ने तथ्यलाई समेत ध्यान दिनु जरुरी हुन्छ।

नयाँ संविधान जारी भएपश्चात समाजका हरेक तप्का र राज्यका हरेक निकायहरूले आफूलाई पुनःपरिभाषित गर्नुपरेको छ। राज्य पुनर्संरचना पश्चात राज्यका अङ्गहरूको कानुनी र संवैधानिक अधिकारमा बदलाव देखिँदै आएको छ। यस्तो परिस्थितिमा नागरिक सङ्गठनसँग राज्य र नागरिकका अपेक्षाहरू बदलिएको छ। तर, आधारभूतरूपमा नागरिक सङ्गठनको आवश्यकता पर्छ भन्नेमा भने बदलाव आएको छैन।

नेपाल सरकारले मस्यौदाकोरूपमा अघि बढाएको तत्कालीन समाज कल्याण तथा विकास ऐन २०७३, प्रस्तावित सदाचार नीति र गृह-मन्त्रालयको संस्था दर्ता, नवीकरण र नियमनसँग सम्बद्ध जेठ २५ को सर्कुलर समेतलाई मध्यनजर गर्दा नीति निर्माण तहमा नागरिक सङ्गठनप्रतिको विद्यमान दृष्टिकोण बुझ्न सजिलो भएको छ। कानुनी शासन र लोकतान्त्रिक प्रणालीप्रति राजनीतिक दलहरूको प्रतिबद्धता र त्यसप्रतिको हाम्रो विश्वास अदलबदल भएको छैन। तर, नेपालको संविधान २०७२ को भाग ३ धारा १७ को उपधारा २ नागरिकको स्वतन्त्रता अन्तर्गत खण्ड 'घ' मा उल्लेखित सङ्घ-संस्था खोल्ने स्वतन्त्रतालाई अब निर्माण गरिने कानुनले जटिल बनाउनेसक्ने खतराप्रति खबरदारी आवश्यक भएको महसुस गरिएको छ।

नेपालको संविधानमा स्पस्ट परिभाषित व्यवस्था र भावनालाई प्रतिकुल हुने नीति, कानुन तथा नियमावली निर्माण गरि नागरिकको सङ्गठित हुन पाउने आधारभूत अधिकार प्रतिकुल जारी गरिने नीति तथा कानुनले संविधानकै बर्खिलाप गरेको ठहरिने छ। नागरिक सङ्गठनलाई नियमन वा व्यवस्थित गर्न संविधानले कानुनको कल्पना गरेको छ। नागरिक सङ्गठनहरूले कानुन निर्माणमा चासो व्यक्त गर्दै विभिन्न समयमा छलफल तथा पहलकदमी पनि गरेकै छन्। तर कानुन निर्माण गर्दा संविधान को धारा १७ को उपधारा २ अन्तर्गत ४ को व्यवस्था 'त्यस्तो अधिकारलाई कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रकाविरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा सङ्घीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष

१. परियोजना संयोजक, इन्सेक

फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन' लाई समेत ध्यान दिनु पर्छ। संविधानले विशिष्टिकृत गरेका रणनीतिक सरोकारहरू बाहेक निजात्मक, समूहगत वा अन्य खाले प्रतिशोध, बुझाइ र चाहनाको कारण नागरिक सङ्गठनको दायरा र क्रियाशीलतामाथि अंकुश लगाउने खालका कानुनी र नीतिगत व्यवस्था तथा संरचनाहरू असंवैधानिक हुनेछन्।

उल्लेखित परिस्थिति र समयको चापलाई मध्यनजर गर्दै, नेपालको सङ्घीय संसद्ले नागरिक सङ्गठनहरूको दर्ता, सञ्चालन, नियमन र व्यवस्थापनको लागि कानुन निर्माण र अद्यावधिक गरि व्याप्त अन्यौलको अन्त्य गरोस्।

नागरिकहरूको स्वतन्त्र चाहनाबमोजिम कानुन र संविधानले बर्जित गरेका विषयभन्दा बाहेकका नागरिक सरोकार र कार्य गर्न नियमबमोजिम दर्ता भएका सङ्घ, संस्था वा अनौपचारिक अभियान, दवाव समूह वा विषयगत विज्ञहरूको आवद्धतालाई नागरिक सङ्गठनको रुपमा बुझिन्छ। नागरिक सङ्गठनहरू संस्थागत स्वरूप र अनौपचारिक संरचाना दुवैरूपमा कार्य गर्दछन्। नागरिक आवाजका प्रतिनिधिका रुपमा नागरिक सङ्गठनहरूले राज्य (सरकार तथा शासनका औपचारिक संरचना) र बजारको भन्दा अलग्गै पहिचान बोकेका हुन्छन्। संयुक्त राष्ट्रसङ्घका अनुसार नागरिक समाजले नागरिक सङ्गठन र गैरसरकारी संस्थाहरूलाई बुझाउँछ जसले सरकार र बजार भन्दा पृथक रहेर कार्य गर्दछन। त्यसैगरि ऋभलतभच ायच क्तचबतभनष्अ ७ International Studies (CIVICUS) २०११ लाई उल्लेख गर्दै प्रस्तुत गरेअनुसार नागरिक समाज भन्नाले व्यक्ति, समूह, सङ्गठन वा संस्थाले कुनै साझा उद्देश्यमा काम गर्नको लागि तयार गरिएको संरचनालाई जनाउँछ जुन परिवार, राज्य र बजारको आधारभूत प्रवृत्ति भन्दा पृथक रहन्छ। सङ्क्षेपमा भन्नु पर्दा नागरिक समाज (सङ्गठन) राज्यको औपचारिक संरचना भन्दा अलग साथै बजारको प्रभाव वा विशेषताबाट मुक्त रहन्छ।

नेपालमा औपचारिकरूपमा दर्ता भएका नागरिक सङ्गठनहरू (जो गैरसरकारी संस्थाका रूपमा संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका छन्) र अनौपचारिक समूह वा सामुदायिक र वर्गीय सङ्गठनकारूपमा कार्यरत छन्। विशेषगरि नागरिक सङ्गठनहरूले नागरिक आवाजको रूपमा नीतिगत पैरवी, अभ्यास र शासन प्रशासन सुधारका लागि अभियान, कुरीति र अव्यवस्था परिवर्तन गर्न सकृय कार्यक्रम र राष्ट्रको विकास लक्ष्य प्राप्त गर्न सहयोगीको भूमिका खेलेका छन्। नेपालमा नागरिक सङ्गठनको मूल प्रवृत्ति विकास लक्ष्य प्राप्त गर्न राज्यको सहयोगी र नागरिक अधिकार तथा लोकतान्त्रिक मूल्यको संवैधानिक, कानुनी, नीतिगत व्यवस्था र त्यसको कार्यान्वयनको सुनिश्चितताका पक्षमा पैरवी गरेका छन्। नेपालभित्र दर्ता भएका गैससको सङ्ख्या लगभग आधा लाख उल्लेख गर्ने गरिए पनि क्रियाशील गैससहरूको संख्या यकिन छैन। गैसस बाहेक पनि निकै ठूलो सङ्ख्यामा सामुदायिक र वर्गीय सङ्गठनहरू पनि क्रियाशील रहेका छन्।

संस्था दर्ता ऐन २०३४ र समाज कल्याण ऐन २०४९ ले नागरिक सङ्गठनको संगठित हुने र त्यसलाई नियमन गर्ने कार्यको मूल नीतिगत आधारका रूपमा कार्यनिर्देश गरिरहेको वर्तमान सन्दर्भमा राज्यका निकायहरूबाट विभिन्न समयमा भोग्नुपरेका कार्यगत जटिलता, द्विविधा र अस्पष्टतालाई समेत ध्यान दिनु जरुरी छ। नेपालको संविधानको मान्यता अनुसार नागरिक सङ्घ सङ्गठनहरूलाई आफ्ना कार्य गर्न उपयुक्त वातावरण र व्यवस्थित नियमन संरचना तयार होस् आजको आवश्यकता हो। व्यवस्थित नियामक निकाय र नेपालको संविधानको मान्यता बमोजिमको कानुन, नीति निर्माण हुनसके मात्र नेपाली नागरिक सङ्गठनहरूको कार्यगत स्वतन्त्रता र क्षमता अभिबृद्धि हुनेछ। उत्तरदायी र जवाफदेही राज्य संयन्त्रले मात्र समृद्ध समाज निर्माण गर्न सक्छ। जवाफदेही राज्यका लागि सचेत नागरिक सङ्गठन आजको आवश्यकता हो।

मुलुकको मानव अधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- मानव अधिकार वर्ष पुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानव अधिकार सँगालो
- मानव अधिकारको ऐतिहासिक अवधारणा
- मानव अधिकार-प्रहरी-कानुन
- मानव अधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानव अधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- इन्सेक अनलाईन (www.inseconline.org)
- मानव अधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा
- मध्यमाञ्चल : जनआन्दोलन र मानव अधिकार
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)
- Reflections : FK Exchange Programme

लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।

विश्लेषण

रमेश ढकाल[1]

भ्रष्टाचार रोक्न असल नियतको खाँचो

> **अहिले हाम्रो देशको मुख्य समस्या भनौँ या समृद्धिको बाधक जे भने पनि, त्यो भनेको भ्रष्टाचार नै हो। अब यो निर्मुल हुनुपर्छ तब मात्र हाम्रो मुलुक समृद्धिको दिशामा अघि बढ्न सक्छ भन्नेमा सबैको समान बुझाइ रहेको छ।**

सामान्यतया आर्थिक हिनामिना हुनु र गर्नु अथवा घुस लिनु र दिनुजस्ता अवैध कार्यलाई मात्र भ्रष्टाचार भएको भन्ने आमधारणा रहेको पाइन्छ। तर, जानकारहरूका अनुसार भ्रष्टाचार भनेको यति मात्र हैन, यो विषयमा आम जनमानसको बुझाइ फराकिलो हुनु पर्छ भन्ने छ। मतलव, भ्रष्टाचार वा आचार विपरीत हुने अथवा आचार सम्मत नभएका हरेक कार्यहरू भ्रष्टाचार भित्र पर्दछन्। जस्तो कुनै सरकारी कर्मचारी या डाक्टर, ऊ आफ्नो तोकिएको समय भित्र आफू कार्यरत संस्थामा पुग्दैन भने यसलाई आचार सम्मत मानिँदैन, यो भ्रष्टाचार हो।

उल्लिखित विषयहरू त सामान्य उदाहरण मात्र हुन्। भ्रष्टाचार (भ्रष्ट आचरण) का अनेकौँ रुप र डिग्री हुन सक्छन्। खास गरेर राजनीतिक र प्रशासनिक रूपमा माथि देखि तलसम्म हुने गरेका भ्रष्टाचारले हाम्रो समाज र राज्यलाई सबै भन्दा धेरै असर पारेको छ। शिक्षा, स्वास्थ्य, न्यायालय, प्रहरी (प्रशासन लगायत हाम्रो राज्यका हरेक अङ्ग भ्रष्टाचारले जरो गाडेको अवस्था छ।

यस्ता भ्रष्टाचारहरूलाई निर्मूल पार्न नसकेसम्म हाम्रो देश सुखी र समृद्धिको दिशामा अघि बढ्न सक्दैन र यसका लागि हाम्रो देशमा एउटा स्थिर सरकारको आवश्यकता छ भन्ने हामी आमजनताको बुझाइ र मान्यता रहेको थियो। आम जनताको यहीं बुझाइ र मान्यता फलस्वरुप आज हाम्रो देशमा इतिहासमै अहिलेसम्मको सबैभन्दा बलियो दुई तिहाइ बहुमत सहितको स्थिर सरकार बनेको छ।

हुन त हाम्रो देशमा यो भन्दा अगाडि बनेका हरेक सरकार तथा त्यस सरकार अन्तरगत बन्ने प्रधानमन्त्री मन्त्रीहरूले भ्रष्टाचारविरुद्ध शुन्य सहनशीलताको नीति अपनाउँदै भ्रष्टाचार पूरै निर्मुल पार्ने बचनबद्धता व्यक्त नगरेका भने हैनन्। तर वास्तविकतामा भने भ्रष्टाचारले देश भित्र दिन प्रतिदिन अझ बलियोसँग जरा गाड्दै आएको अवस्था छ।

गत भदौ १ गते बाट हाम्रो देशमा नयाँ मुलुकी ऐन पनि लागु भयो। यसलगत्तै यो विषयमा मिडियामा आएका समाचारहरू एकदमै उत्सुकताका साथ पढियो सुनियो तर बडो दुःखका साथ भन्नुपर्ने हुन्छ घुस खाने र दिने लगायतका अन्य घोटाला गर्नेहरूका विरुद्धमा जारी गरिएको नयाँ कानुन भित्र कुनै नयाँ व्यवस्था भएको पढ्न वा सुन्न भने पाइएन।

अहिले प्रायः सबै राजनीतिक दलका अधिकांश सांसदहरू खास गरेर युवा सांसदहरू भाषण गरेका बेला आफुलाई कुनै न कुनै रूपमा भ्रष्टाचारविरुद्धको अभियन्ता भएको देखाउन खोज्छन्। सरकारमा भएका हाम्रा मन्त्रीहरू भ्रष्टाचारलाई पूरै निर्मुल पार्न आफूहरू कटिबद्ध रहेको भन्दै आउनु भएको छ। तर वास्तविकतामा त्यस्तो केही भएन, हाम्रा अपेक्षाहरू फेरि पनि अपेक्षामै सीमित रहेका छन्।

अहिले हाम्रो देशको मुख्य समस्या भनौँ या समृद्धिको बाधक जे भने पनि, त्यो भनेको भ्रष्टाचार नै हो। अब यो निर्मुल हुनुपर्छ तब मात्र हाम्रो मुलुक समृद्धिको दिशामा अघि बढ्न सक्छ भन्नेमा सबैको समान बुझाइ रहेको छ।

थोरै समय पछाडि फर्केर हेर्ने हो भने, आयल निगमको जग्गा खरिद प्रकारण होस् या कर फर्स्यौट आयोगमार्फतको राजश्व घोटाला अथवा हलसालैको चर्चित सुन काण्ड। मेलम्ची खानेपानी आयोजना जुन सात वर्ष भित्रमा पूरा हुनुपर्ने अहिले १७ वर्ष भयो अझै पुरा नसक्नु भ्रष्टाचार हैन? अख्तियार दुरुपयोग, सम्पत्ति शुद्धिकरण जस्ता संस्थाहरूका काम कारबाही खाली खोक्रो औपचारिकता पूरा गर्नका लागि मात्र सीमित बनेर रहेका छन्।

देशमा भ्रष्टाचारहरूको अन्त्य नभएसम्म अबको चार-पाँच वर्ष त के दशकौँसम्म पनि रोजगारका लागि मलेसिया तथा खाडीलगायतका अन्य मुलुकहरूमा हाम्रा दाजुभाइ दिदीबहिनीहरूले पलायन हुनु पर्दै गरेको आजको अवस्थामा परिवर्तन आउन असम्भव छ।

कुनै व्यक्ति जनकल्याण हेतु निस्वार्थ रूपमा एउटा उद्देश्य राख्छ र त्यसलाई पूरा गर्न र गराउनका लागि कटिबद्ध भएर लागि पर्छ भने सफलता प्राप्त गर्न असम्भव छैन।

---

१. भद्रपुर झापा,हाल कतार

कथा

मानवीय संवेदना

देवराज पौडेल

टेलिफोनको घन्टीले मेरो मौनता बिथोलियो। तीन घण्टी बजेपछि मैले रिसिभर उठाएँ 'हेलो' उताबाट आवाज आयो। 'म हबल्दार रामसिंह बोलेको, यहाँ एउटा जँड्याहाले तङ गरेको छ, गाडी पठाइदिनु पर्‍यो साप' चागल प्रहरी कार्यालयका हबल्दारले हनुमानढोका मेरो कार्यालयमा फोन गरेको थियो। रक्स्याहा भिनाजुले गर्दा मेरी दिदीको घरबार डामाडोल भएको, भाञ्जा भाञ्जीको पढाइ बिग्रिएको। दिदीको जीर्ण शरीर मेरो दिमागमा सिनेमाको रील झैँ घुम्दै थियो। जँड्याहाको पिरलोमा परेकी मेरी दिदीको दयनीय अवस्थाको समाधान पत्ता लगाउन सकेको थिएन मेरो दिमागले। घरका सारा सामान बेचेर बिहान बिहानदेखि नै रक्सीले मातेको भिनजुले टोलटोलमा बबाल गर्दै हिँड्दा कतिपटक टोलबासीको पिटाइ खाइसकेका र कतिपटक प्रहरीको फन्दामा परिसकेका थिए।

आज पनि रक्सी खाएर बबाल गर्ने भिनाजु नै हो की भन्ने लागेर घटनास्थलमा म आफैँ जाने निर्णय गरेँ। चार पाँच जना प्रहरीलाई गाडीमा बस्न भनेँ। मेरो मन डराएको थियो, कतै मेरै भिनाजु यहाँ हल्ला मच्चाएर त बसेका हैनन् ? मेरो रिसले भरे दिदीलाई भकुर्ने त हैनन् ? यस्ता प्रश्न मडारिएको मन भयभित थियो, तर होटल भित्रका जँड्याहा मेरा भिनाजु रहेनछन्।

जँड्याहा एक्लै बर्बराउँदै थियो। उसको बोली र खुट्टाको चाल हेर्दा रक्सी राम्रैसँग लागेको बुझिन्थ्यो। पसलको ढोकैमा बसेर पसल भित्रको ग्राहकलाई मुख छाड्दै थियो। 'तँ माओवादी होस्। दारी पालेको मान्छे माओवादी हुन्छ ,तँलाई पुलिस कहाँ बुझाइदिउँ? तैंले मलाइ चिनेको छस् ? म प्रेमजंग राणाको छोरो हुँ?' दाह्रीवाल ग्राहक आँखा तरेर जँड्याहालाई हेर्दै थियो। 'कस्ता कस्ता मान्छे फेला पर्छन, कुकुरको मुत खाएपछि घरमा गएर पसारिनु नि । जाउँ यस्तो बबाली होटेलमा के खानु?' यसो भन्दै २,३ ग्राहक हिँड्छन्। जँड्याहा विस्तारै उठ्न खोज्छ पुनः लड्छ र पुनः उठ्ने कोसिस गर्छ, उठेर बस्छ। नाकको रगत पुस्छ। होटल सुनसान भयो। जँड्याहा र होटलकी साहुनी मात्र बाँकी बसे। म पनि एक छेउमा गएर बस्छु र चिया मागेर खान थाल्छु।

जँड्याहा छेउमा गएर होटेल साहुनी बोली 'तँलाई मैले कति भनेँ मलाई दुख नदे भनेर, मेरो व्यक्तिगत मामलामा तँ किन दखल गर्छस् हँ ? तैंले मलाई गरि खान पनि नदिने भइस्, तेरो कारण ग्राहक बस्न चाहाँदैनन्। मैले तेरो के खाएको छु र र? आजदेखि फेरि यहाँ आइस् भने पुलिस बोलाउँछु।' साहुनी जँड्याहालाई उठाएर पठाउने कोसिस गर्दै थिइन्।

'मेरो पैसा ले न त' उसले खोचे थाप्दै भन्यो। तेरो पैसा मैले कैले लिएँ र ? कुन दिन लिएँ र ? कति लिएँ ? भन् एक एक तिर्छु। हैन भने यहाँ बसेर मेरो बेइज्जत नगर।

'के को पैसा प्रेमजंग राणाको छोरासँग पैसा माग्ने ? कँहा लेखेको छ तिर्नु पर्छ भनेर?' जँड्याहा उठ्न खोज्दै जिब्रो बटार्दै प्रतिवाद गर्दै थियो।

'दिँदैनस्' साहुनीले प्रश्न गरिन्।

'दिन्न'

'साँच्चै?'

'साँच्चै .'

'पुलिस बोलाउँ?'

'बोला, के गर्छ पुलिसले ?'

'को हो दिदी यो ?मैले प्रश्न गरें र पुलिस प्रतिको चुनौतीले मलाई पनि जङ चल्दै गएको थियो।' 'यसलाई ठिक लगाइदिउँ ?' साहुनी बोलिनन्।

'तँ को होस् मलाई आदेश फर्काउने ? म को हुँ थाहा छ ? प्रेम जंग राणाको छोरो हुँ। जिब्रो बटारिएको स्वरमा जँड्याहा बोल्यो।

यही बीचमा आएको ग्राहकप्रति ऊ खनियो। तँ के गर्न आएको ? यहाँ केही छैन। होटल बन्द भयो। अब सदाका लागि बन्द हुन्छ। गइहाल के हेरेको मलाई ? मलाइ चिनेको छस् ?

'तेरो बाबुको जे भए पनि मलाई के मतलब र ?' नवआगन्तुक ग्राहकले रिस पोख्यो।

'मलाई किन हेरिस् त?' जँड्याहा अझै निहु खोज्दै थियो।

'तँ ठुला कुरा गर्छस्' जँड्याहा बोल्यो।

'तेरो तँ हुँ म ?' नयाँ ग्राहक कड्कियो।

वादविवाद गर्दागर्दै जँड्याहाले हात छाड्यो। अति भएपछि मैले भ्यान बोलाएँ र उसलाई लिएर हिँडे।

चार दिनपछि सोही ठाउँबाट फोन आयो। पुनः म नै गएँ। त्यही जँड्याहा झगडा गर्दै थियो। मान्छेहरू रमिते थिए। साहुनी उही पुरानै कुरा दोहोर्‍याउँदै थिइन्। तँ मलाई दु :ख न दे।

पुन: समातेर ल्याएँ। यसरी समात्दै, छाड्दै गर्दा म पनि आजित भइसकेको थिएँ। कुनै कानुन थिएन, धेरै दिन थुनेर राख्न, फेरि ठूलो अपराधी पनि थिएन। तर पनि शान्तिसँग बाँच्न दिएको थिएन होटेल साहुनीलाई। साँझमा मातेको मान्छे रातभर चिसो खोरमा थुनेपछि बिहान पूरा भलादमी हुन्थ्यो। रक्सी खाएको सुरमा के के बोलेँ थाहै छैन सर, एक चोटीलाई माफ दिनुस् भन्थ्यो। अनि नछाडी सुखै थिएन।

एक दिन घुम्दै चागलको त्यही बबाली होटेले छेउ पुगेको थिएँ। तर पसल बन्द थियो। धेरै भएको थियो फोन पनि नआएको। हिजोआज एक प्रकारको तनाव नै दूर भएको थियो। त्यस जँड्याहाको टेन्सन दूर भए पनि जँड्याहा भिनाजुले मेरो दिदीलाई दु:ख दिएको बाहिरियाहरूले सुनाइरहेका छन्। एउटा जँड्याहाको मात्र टेन्सन हो र ?

कार्यालयमा बसिरहेको थिएँ। एक दिन सुट टाई लगाएको एउटा भलादमी ढोकामा देखा पऱ्यो। ऊ कता कता देखेजस्तो चिने जस्तो मान्छे थियो। 'म जँड्याहा, उही चागलमा बबाल गर्ने जँड्याहा' आफ्नो परिचय यसरी दिँदै गयो। 'म सुध्रिएँ सर। अब सुधिएँ।'

'सरलाई पनि मैले धेरै दु:ख दिएँ हगी ? हर्नुस् न आज भोलि त बन्द भएको छ नि त्यो पसल। मैले पनि छाडेँ नि रक्सी पिउन। मैले रक्सी पिउने कारण नै त्यही पसल थियो। तिनी साहुनी मेरो साख्खै दिदी हुन्। प्रेम चक्करमा परेर एउटा साधारण मान्छेसँग गइन्। बाँच्न गाह्रो भयो र रक्सी पसल थापिन्। भट्टीमा कस्ता कस्ता मान्छे आउँछन त्यो त सरलाई थाहै छ। रकस्याहहरूले गर्दा नै त्यो पसल चलेको हो। दिदीलाई अरु नै काम गर्न म सहयोग गर्छु भन्दा मानिनन्। प्रेम आदर्शका ठूला ठूला गुड्डी मात्र हाँक्छिन। अरु काम पनि गरिनन्। भट्टी पसलमा नसामा मान्छे आएर जिस्काएको मलाई सह्य भएन। अनि उनलाई त्यस व्यवसायबाट छुटाउन रक्सीको सहारा लिएँ। ऊ आफ्नो व्यथा पोख्दै गयो। दिदीको खुशीको लागि सरलाई पनि दुई चारपटक दु:ख दिएको थिएँ। माफ माग्न आएको, माफ गर्नुहोला उसले हात जोडेर भन्यो र उठेर बाहिरियो।

म चकित भएँ। हाम्रोमा पनि नानाथरिका केश आउँछन्। आफ्नो दिदीको भविष्यको लागि त्यत्रो त्याग गर्ने मान्छे आजसम्म भेटको थिइनँ। ऊ बाहिरिए पछि मैले मेरी दिदी सम्झेँ।

'रक्सी खाएर मेरी दिदीलाई भिनाजुले कति सताँउछन् ? दिदीको खुसीको लागि, मेरो भिनाजुलाई कसरी रक्सीको कुलतबाट छुटाउने होला ?' म सोचमा डुबेँ।

मानव अधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको

मानव अधिकार शिक्षा कार्यक्रम

रेडियो नेपालको मिडियम वेभ प्रशारण र रेडियो नेपालका आफ्नै एफएम स्टेशनहरू ९८, १०० र १०३ मेगाहर्ज (२१ ओटा) बाट आइतबार बिहान ८:१५ बजे, पाखिबास एफएम १०४ मेगाहर्जमा सङ्खुवासभाबाट आइतबार साँझ ६:३० बजे र रेडियो राईट्स नेपाल १०५.३ मेगाहर्ज पोखराबाट आइतबार बिहान ८:१५ बजे प्रशारण हुन्छ।

त्यसैगरी यो कार्यक्रम कार्यक्रम प्रशारणकै समयमा रेडियो नेपालको वेभसाइट www.radionepal.gov.np **बाट र**

आफूले चाहेका बेला

www.insec.org.np,

www.inseconline.org,

www.nepalmediaonline.com

लग अन गरी सुन्न र डाउनलोड गर्न सक्नुहुन्छ।

जिल्ला फिचर

भूकम्पले ध्वस्त भएको जिल्ला अस्पताल पुन:निर्माण नहुदा बिरामीहरू सकसमा

सिन्धुपाल्चोक । विनाशकारी भूकम्पले ध्वस्त भएको जिल्ला अस्पताल अझै पुन:निर्माण नहुँदा बिरामीहरूले सास्ती व्यहोर्नु परेको छ ।

सशस्त्र द्वन्द्वका बेला द्वन्द्वरत पक्षको आक्रमणले ध्वस्त भएपछि ०६७ सालमा शान्ति मन्त्रालयले निर्माण गरेको सुविधा सम्पन्न चौतारा अस्पताल ०७२ सालको विनाशकारी भूकम्पले पुरै ध्वस्त बनाएको थियो ।

१५ शैया क्षमता भएको चौतारा अस्पतालले भूकम्पपछि तीन महिनासम्म चौतारास्थित टुँडिखेलमा पालमुनी राखेर बिरामीहरूको उपचार गरेको थियो ।

भूकम्पले ध्वस्त भएको सुविधा सम्पन्न भवन पुन:निर्माण नहुँदा दाताले बनाइदिएको प्रिफेबको अस्थायी भवनमा राखेर बिरामीहरूको उपचार गरिरहेको जिल्ला अस्पतालका प्रमुख डाक्टर पोमावती थापा बताउँछिन् ।

डा.थापाका अनुसार बिरामीहरूलाई राख्ने पर्याप्त ठाँउको अभावले बिरामीहरू खचाखच गरी राख्नु परेको छ । साँघुरो कोठामा खचाखच बिरामी राखिँदा बिरामीहरू सकसमा परेको बिरामी कुरुवाको गुनासो रहेको छ ।

अस्पतालको भवन पुन:निर्माणका लागी ठेकेदार कम्पनीलाई दिइने स्वास्थ्य मन्त्रालयको योजना भएपनि हालसम्म काम सुरू नभएको प्रमुख डा. थापाले बताइन् ।

– नातिबावु धिताल



पुस्तक समीक्षा

निलम कार्की निहारिकाद्वारा लिखित २०७४ को मदन पुरस्कार विजेता योगमाया उपन्यास समाज उत्थान तथा महिला सशक्तिकरणका लागि योगमायाले गरेको विद्रोहको सविस्तार वर्णन हो। घर, परिवार र समाजले बनाएको संस्कार र ती संस्कारका कारण महिलाले गर्नुपर्ने सङ्घर्षको उल्लेख योगमाया उपन्यासमार्फत उपन्यासकारले गरेकी छन्। आफ्ना माग पूरा नभएको कारण देखाउँदै योगमायासहित ६८ जनाले विक्रम सम्वत १९९८ साल असार महिनाको हरिशयनी एकादशीको दिन अरुण नदीमा फाल हाली समाधि लिएको घटनालाई उपन्यासमा वर्णित छ।

सानै उमेरमा विवाहपछि भोग्नु परेको दुःख सहन नसकी माइत आइ बस्नुपरेको, समाजले हेर्ने दृष्टिकोण, नकारात्मक प्रतिक्रिया तथा विचार जस्ता प्रसङ्गलाई प्रतिक्रियात्मक तरिकाबाट उपन्यासमा गरिएको छ। उपन्यासमा योगमायाको विवाह, उनले लिएको ज्ञान , ध्यान तथा तपस्यामा बिताएको समय, भक्तजनहरुको भेला तथा जलसमाधि जस्ता विषयलाई मार्मिक तरिकाले उल्लेख गरिएको छ।

विधवा भएपछि योगमाया भारत गएर साधुसन्तसँग ध्यान सिकेर नेपाल फर्किइन्। नेपाल फर्किएपछि नारी उत्थान, तथा सामाजिक उत्थानका आफ्ना समर्थकहरूको भेला गरी छुवाछूत, बालविवाह, विधवा विवाह, पुरुष मात्र नभई महिला, तल्लो जात आदिले वेद तथा समाजमा समान शिक्षाको अवसर प्राप्त गर्नुपर्ने, जग्गाको धनी जनतालाई बनाउनुपर्ने जस्ता विषयमा आफ्ना धारणा दिन थालिन्। काहिँली कमिनीको उदाहरण दिएर "हाम्रो धर्तीमा आँखा खोले देखिन् यो संसाराँ यसरी नै बाँच्दै आका छन्। हामीलाई सिकाइएको नै त्यही हो, त्यो अछुत हो, त्यसलाई नछो, त्यस कहाँ जानु हुन्न, त्यसले छोएको खानु हुन्न। हाम्रो मगजमा अन्धविश्वासले राज गरेको छ।" "अन्धविश्वासको वृक्षले तलैसम्म जरो गाडेको छ। त्यस्तो रुख ढल्न समय लाग्छ। ढल्न अवश्य ढल्छ, त्यसलाई ढाल्न लगातार प्रहार गर्नुपर्छ, छोड्नु हुन्न । नढली सुख छैन जस्ता विषयमा आफ्ना घारणा राख्न थालिन्। उनले छुवाछूत प्रथा अन्त्य, दासदासीको विषयमा आवाज उठाएर दासमुक्त घोषणा गरेको विषयलाई प्रतिकात्मक तारिकाबाट उल्लेख गरिएको छ।

आफ्नो माग राखी श्री ३ लाई पठाएको धर्मभिक्षा कार्यान्वयन नभएकाले अग्निदाह गर्ने तयारी गरेकाहरूमध्ये योगमायालाई पौवा, मन्दिर जे भए त्यसैमा र सो नभए घरको झुपडी बनाएर कैद गर्ने र अरुलाई धनकुटा जेलमा थुनिएको प्रसङ्गका साथै माग पूरा नभएपछि सुशासनमा पनि बाँच्न नदिने र मर्न चाहँदा पनि मर्न नदिने भन्दै जलसमाधिका लागि पहिलाजस्तो कहीँ चिठ्ठी पत्र पठाई सार्वजनिक नगर्ने, स्वेच्छाले जान चाहनेलाई अवस्था हेरेर समेट्ने आफूआफूबीच अर्को एक गोप्य भेला राख्ने र समाधि लिन लागेको कुरा सुनाउने, अति भरोसालाई भने अवस्था हेरी भेला अघि एकएक गर्दै पनि सुनाउन पनि सकिने जस्ता कुरा समूहमा राखी एकएक गरी सुरुमा योगमाया अनि अरु अरुण नदीमा जलसमाधि गरेको विषय उपन्यासमा उल्लेख छ।

उपन्यासका बीचबीचमा योगमायाको कविताले उपन्यासको सुन्दरता अझ बढाएको छ। योगमाया उपन्यास पढ्दा योगमाया नेउपानेलगायत देशका लागि आफ्नो ज्यान आहुति दिने ६८ जनाका परिवार कहाँ, कस्तो अवस्थामा रहेको र किन त्यस अभियानमा होमिएको भन्ने विषयमा प्रशस्तै जानकारी प्राप्त गर्न सकिन्छ। यो उपन्यास देशमा भएको सामाजिक कुरिती, अन्याय तथा अत्याचार विरुद्ध विद्रोह स्वरूप प्रकट भएको रूपमा लिन सकिन्छ।

२१ औँ शताब्दीमा पनि हाम्रो समाजमा सामाजिक कुरीति, कुप्रथा, अन्याय, अत्याचार, दुर्व्यवहार जस्ता मानव अधिकारविरुद्धका कृयाकलाप विद्यमान छन्। यस्ता विषयलाई उजागर गरेको योगमाया उपन्यास तत्कालीन समाज बुझ्नका लागि उपयोगी हुनेछ।

प्रस्तुति : गीता माली

अन्तर्वार्ता

मौलिक हक कार्यान्वयन गर्न राज्यले क्षमता देखाउनुपर्छ

***कृष्णभक्त पोखरेल**, प्रतिनिधिसभाको कानुन न्याय र मानव अधिकार समितिको सभापति हुनुहुन्छ। उहाँ चितवन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभाका लागि निर्वाचित हुनु भएको थियो। नेपालको संविधानको एकजना मस्यौदाकारमध्ये रहनु भएका पोखरेल २०७५ भदौ १ गतेदेखि लागू अपराध तथा देवानी संहिताका समेत मस्यौदाकार हुनुहुन्थ्यो। प्रस्तुत छ, पोखरेलसँग प्राचीका लागि रमेशप्रसाद तिमल्सिनाले मानव अधिकारका विषयमा गर्नुभएको कुराकानी।*

नेपालको मानव अधिकार अवस्थाका बारेमा यहाँको धारणा के छ ?

शान्ति प्रक्रियाका धेरैजसो कामहरू पूरा भएका छन्। माओवादी लडाकुको व्यवस्थापन, संविधान निर्माण र संविधानले प्रत्याभूत गरेका मौलिक अधिकारसँग सम्बन्धित कानुन निर्माणको काम पनि हामीले सम्पन्न गरेका छौँ। समाजमा आज पनि त्रुटिपूर्ण सामाजिक मुल्यमान्यताहरू कायम छन्। त्यस्ता मान्यताले समाज ग्रसित छ। त्यसकारण लैङ्गिक हिसाबाट, जातीय हिंसाबाट र त्रुटिपूर्ण मान्यताका आधारमा गरिने हिंसा, शोषण, विभेद, दुर्व्यवहारका घटनाहरू भइरहेका छन्। यसको न्यूनिकरण गर्न हामीले संकल्प प्रस्ताव दर्ता गरेर, संसदमा भएका सबै राजनीतिक दलहरू एकताबद्ध भएर, विभाजित नभइकन पारित गरेका छौँ। मानव अधिकार, महिला हिंसा, बालबालिकामाथि हुने हिंसा, जातीय विभेदजस्ता विषयमा हामीले साझा दृष्टिकोण बनाएका छौँ। साझा प्रतिबद्धता जनाएका छौँ। तथापि घटनाहरू भइरहेका छन् र गम्भीर घटनामा संलग्न कानुनी दायरामा आउन नसकेको अवस्था पनि छ। सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका काम केही वैधानिक रूपमा बाँकी रहे तापनि एकसरो काम सम्पन्न गरिसकेको अवस्थामा आजको मितिमा मानव अधिकारको अवस्था राम्रो छ। सुधारात्मक छ।

कतिपय देशमा कुन कुरालाई अपराध मान्ने कुन कुरालाई अपराध नमान्ने भन्ने विषयमा विवाद छ। तर, हाम्रो देशमा सबै दलको एक मत छ। मानव अधिकार रक्षाका विषयमा कुनै पनि दल विपक्षमा छैनन्। यो बललाई राज्यले प्रयोग गर्दै अगाडि बढ्न सक्दा मात्रै परिणाम निस्कन्छ। संकल्प प्रस्तावमा पनि हामीले भनेका छौँ कि केन्द्र, प्रदेश र स्थानीय तहले एकैपटक अभियान चलाउनु जरूरी छ। जस्तो भन्नुस् न बालविवाह, तपाइँ हाम्रो हजुरबा-हजुरआमालाई हामीले सम्झ्यौँ भने पुग्छ। सबै हजुरआमाहरूको १५ वर्ष भन्दा कम उमेरमा विवाह भएको छ। तर, यो २०,३०-४० वर्षमा जुन अभियानहरू चले। योबीचमा कसको विवाह १० वर्षमा हुन्छ र ? करिब करिब हुँदैन। एकाध ठाउँमा छुटपुटबाहेक बालविवाह हुँदैन। आमरूपमा विवाहवारी २० वर्ष पारी भन्ने कुरालाई समाजमा स्थापित भएको छ। त्यसकारण समाजको सकारात्मक परिवर्तनका लागि यो अन्तिम 'युद्ध' हो।

मानव अधिकारको अवस्था सुधारात्मक छ भनिरहँदा गम्भीर अपराधका घटनामा संलग्नको पहिचान गर्न राज्य असफल छ। राज्यका संयन्त्र घटनाको अनुसन्धानमा उदासिन छ। यस्तो अवस्थामा समितिको सभापति तथा सांसदको हैसियतले के गरिरहनुभएको छ ?

मैले अघि पनि पृष्ठभूमिमा यहाँलाई राखेँ। त्रुटिपूर्ण मूल्यमान्यताबाट ग्रसित समाज आज पनि छ। आज पनि छोरा र छोरीकाबीचमा विभेद छ। आज पनि जातको आधारमा विभेद छ। यस्ता घटना रोक्नका लागि राज्य लागेको छ कि छैन ? भन्दा नियम कानुनहरू निर्माण गरिएको छ। संस्थागत संरचनाहरू निर्माण गरिएको छ। प्रयत्न गरेको छ। उदाहरणका लागि निर्मला पन्तको विषयमा जति कुरा उठिरहेको छ राज्य चाहिँ यसमा क्रियाशील रहेन कि ? त्यहाँ प्रहरीबाट कमीकमजोरी रह्यो। ती कमीकमजोरी गर्नेहरू एसपी (एसपी भनेको सानो पद होइन), दुई जना डिएसपी, इन्स्पेक्टरहरूलाई समेत निलम्बन गरेर राज्यले उच्चस्तरीय छानबिन आयोग गठन गऱ्यो। त्यसबाट थप अनुसन्धान गरेको छ।

पोखरामा अस्तिमात्रै ११ वर्षको नानीको बलात्कार पछि हत्या गरेको २४ घण्टा नबित्दै आरोपितलाई पक्राउ गरिएको छ।

संसदीय समितिका मुख्य तीन ओटा काम हो। एउटा विधि निर्माणमा सहयोग गर्ने, सक्रिय रूपमा लाग्ने हो। जति पनि मानव अधिकार, कानुन र कानुन मन्त्रालय अन्तर्गत आउने कानुन, नियमलाई परिष्कृत गरेर त्यो मानव अधिकारमैत्री बनाउने काम हाम्रो हुनेछ। दोस्रो, मानव अधिकार उल्लङ्घनका घटना अथवा विधिको शासन स्थापित नभएका घटनाहरू समाजमा हुन्छन् भने त्यसमा खबरदारी गर्ने काम हो। हामी ताली बजाउनका लागि मात्रै सांसद भएर आएको होइन। र, हाम्रो पार्टी लोकतान्त्रिक पार्टी भएको नाताले सांसदहरूलाई प्रत्येक कदममा यसो गर, उसो गर भनेर निर्देश पनि गर्दैन। सांसदहरूको स्वतन्त्र र न्याय सङ्गत विवेकलाई प्रयोग गर्न बाधा छैन। त्यसकारण मानव अधिकार उल्लङ्घनका घटनाहरू राज्यपक्षबाट नै भए पनि हामी चुप लागेर बस्दैनौँ। बस्ने कुरा पनि हुँदैन। राज्यलाई सचेत र सतर्क गराउँदै समितिका तर्फबाट निर्देशन समेत दिन्छौँ। त्यो अधिकार हामीलाई प्राप्त छ। तेस्रो महत्वपूर्ण कुरा सरकारका अरू संयन्त्रहरूलाई प्रत्यायोजित अधिकारहरूको सही सदुपयोग गरेको छ कि छैन ? नियम-निर्देशिकाहरू कानुनसम्मत निर्माण गरेको छ कि छैन ? भन्ने कुरालाई हेर्ने काम हो। यदि कानुनसम्मत छैन भने सच्याउनलाई निर्देश गर्ने हो। यो तीन ओटा काम गर्न हाल म सभापति रहेको कानुन, न्याय, मानव अधिकार समिति पछाडि पर्दैन। दृढतापूर्वक तपाइँहरूजस्ता मानव अधिकारको क्षेत्रमा लाग्ने अभियन्ता साथीहरूले कुनै पनि समस्या हामीकहाँ ल्याउनुहोस्। हामी त्यो विषयमा हस्तक्षेप गर्न वा 'रेस्पोन्स' गर्न पछाडि पर्दैनौँ।

मानव अधिकार र न्यायका राष्ट्रिय-अन्तर्राष्ट्रिय मान्यताविपरीत मृत्युदण्डको आवाज संसद भवनमै सुनिन्छ। कानुन कार्यान्वयनमा गरिएको कमजोरीको आक्रोश मात्रै हो कि ?

एउटा नेपाल पक्ष राष्ट्र भएर मृत्युदण्ड गर्दैनौँ भन्ने थुप्रै अभिसन्धिहरूमा हस्ताक्षर गरिसकिएको छ। बुझीबुझी पनि बुझ पचाउने कुरा हो यो। दोस्रो भनेको नेपालको संविधानमा हामीले कुनै नागरिकलाई पनि मृत्युदण्ड दिँदैनौँ भनेर सर्वसम्मत रूपमा लेखेका छौँ। यस्तो व्यवस्था हुँदाहुँदै पनि मृत्युदण्ड दिनुपर्छ, त्यो भन्दा पनि कडा सजाय ल्याउनुपर्छ भनेर पटकपटक बोल्ने कुराको कुनै तुक छैन। यो भनेको आवेशको आवाज हो। अर्थात यहाँले भनेजस्तै अरु कानुनहरू पर्याप्त मात्रामा कार्यान्वयन भएको भए, अपराधी पहिचान गरी ठीक समयमा ठीक ढङ्गको कारबाही गरेको भए यो कुरा धेरै उठ्दैनथ्यो होला। तर, हामी पछाडि फर्कने कुरा हुँदैन। के मृत्युदण्डको व्यवस्था भएका मुलुकमा अपराधका घटना भएका छैनन् त ? भारतमा हेर्नुस्। त्यहाँ मृत्युदण्डको व्यवस्था छ। अपराध व्यापक रूपमा भइरहेको छ त ? त्यसकारण अब एउटा समाजिक अभियान चलाउनु पर्छ। हामीले सामुदायिक सुरक्षा प्रणाली स्थापित गर्नुपर्छ। यो काम सरकारको प्रयत्नबाट मात्रै सम्भव छैन। गैरसरकारी संस्थाको एकल प्रयासबाट पनि हुन्न। सरकारी संस्था, गैरसरकारी संस्था र समुदायको एकीकृत प्रयासबाट मात्र सम्भव छ। यी तीन ओटा पक्षको यस्तो जालो बनाउनुपर्छ हामीले जुन जालोबाट अपराधीहरू उम्कनै नसकुन्। यो त्रिकोणात्मक जालोका माध्यमबाट हामीले एकपटक एउटा अभियान चलाउनै पर्छ। यो कुरा संसदबाट संकल्प गरिएको छ। अब सरकारका तर्फबाट ढिलासुस्ती भयो भने दसैँलगत्तै हाम्रै पहलमा अभियान चलाउँछौँ। अब कुनै कारण देखाएर पनि ढिला गर्नु हुँदैन।

> **हामीले एक वर्षमा १ सय दिन काम दिनुपर्ने र राज्यले त्यसो गर्न नसकेमा ५० दिनको भत्ता दिनुपर्ने भनेर कानुन तर्जुमा गरेका छौँ। एउटा परिवार जसका सबै सदस्य बेरोजगार छन् त्यस्तो परिवारका एक जनालाई राज्यले यस्तो किसिमको रोजगारी दिनुपर्छ भन्ने कानुनी व्यवस्था हो। राज्यले यति गर्नै पर्छ। गरेन भने सर्वोच्च पनि पुग्नुपर्दैन उच्च अदालतबाट पनि निरूपण गर्न सकिन्छ। संविधान र कानुनमा व्यवस्था गरिएका विषय पूरा गर्न सकिएला वा नसकिएला भनेर बस्ने होइन नगरी सुखै छैन। गर्नै पर्छ।**

सरकार, राजनीतिक दल लगायतले अभियान अगाडि बढाउन सके अपराधमा कमी आउँथ्यो की ?

कतिपय देशमा कुन कुरालाई अपराध मान्ने कुन कुरालाई अपराध नमान्ने भन्ने विषयमा विवाद छ। तर, हाम्रो देशमा सबै दलको एक मत छ। मानव अधिकार रक्षाका विषयमा कुनै पनि दल विपक्षमा छैनन्। यो बललाई राज्यले प्रयोग गर्दै अगाडि बढ्न सक्दा मात्रै परिणाम निस्कन्छ। संकल्प प्रस्तावमा पनि हामीले भनेका छौँ कि केन्द्र, प्रदेश र स्थानीय तहले एकैपटक अभियान चलाउनु जरूरी छ। जस्तो भन्नुस् न

समाजमा आज पनि त्रुटिपूर्ण सामाजिक मूल्यमान्यताहरू कायम छन्। त्यस्ता मान्यताले समाज ग्रसित छ। त्यसकारण लैङ्गिक हिसाबाट, जातीय हिंसाबाट र त्रुटिपूर्ण मान्यताका आधारमा गरिने हिंसा, शोषण, विभेद, दुर्व्यवहारका घटनाहरू भइरहेका छन्। यसको न्यूनिकरण गर्न हामीले संकल्प प्रस्ताव दर्ता गरेर, संसदमा भएका सबै राजनीतिक दलहरू एकताबद्ध भएर, विभाजित नभइकन पारित गरेका छौँ। मानव अधिकार, महिला हिंसा, बालबालिकामाथि हुने हिंसा, जातीय विभेदजस्ता विषयमा हामीले साझा दृष्टिकोण बनाएका छौँ। साझा प्रतिबद्धता जनाएका छौँ।

बालविवाह, तपाइँ हाम्रो हजुरबा-हजुरआमालाई हामीले सम्झ्यौँ भने पुग्छ। सबै हजुरआमाहरूको १५ वर्ष भन्दा कम उमेरमा विवाह भएको छ। तर, यो २०,३०-४० वर्षमा जुन अभियानहरू चले। योबीचमा कसको विवाह १० वर्षमा हुन्छ र ? करिब करिब हुँदैन। एकाध ठाउँमा छुटपुटबाहेक बालविवाह हुँदैन। आमरूपमा विवाहवारी २० वर्ष पारी भन्ने कुरालाई समाजमा स्थापित भएको छ। त्यसकारण समाजको सकारात्मक परिवर्तनका लागि यो अन्तिम 'युद्ध' हो। अन्तिम अभियान हो। अब हामीले २-५ वर्षमा चलाउने अभियानबाट यसप्रकारका त्रुटिपूर्ण मूल्य-मान्यताबाट जकडिएको समाज रूपान्तरण गर्नैपर्छ। अबको यो पाँच वर्षभित्र समावका यी मूल्यमान्यताहरूलाई भत्काउनुपर्छ। विगतमा कतिपय समस्या कानुन नहुँदा पनि भएको छ। जस्तो छाउपडी प्रथामा यही भदौ १ गते अगाडि दण्ड थिएन। अब दण्डनीय अपराध बनेको छ छाउपडी कुप्रथा। हामीले करिब करिब कानुन निर्माणको काम सकेका छौँ। अब कार्यान्वयनको पालो आएको छ। कानुनलाई अक्षरस: पालना गर्दै समाजलाई सकारात्मक दिशातर्फ लैजाने जिम्मेवारी हाम्रो काँधमा छ। त्यसलाई हामी पूरा गरेरै छाड्छौँ।

अहिलेसम्म लाग्ने गरेको आरोप पनि यही नै हो कि कानुन भए पनि कार्यान्वयनको पाटो निकै फितलो छ।

दुई ओटा कुरा मैले भन्नै पर्छ। सबैभन्दा ठूलो कुरा त त्रुटिपूर्ण सोच र मान्यता हो। हरेक मान्छेसँग, तपाइँसँग, मसँग अनि जोसँग पनि छ। छोरा भनेको त छोरै हो। छोरी भनेको त दोस्रो दर्जाको नागरिक हो भन्ने खालका जकडिएका मान्यताहरू छन्। कसैमा बढी कसैमा कम होला। सबैभन्दा बढी दोषी यही मूल्य-मान्यता हो। दोस्रो यही मूल्य-मान्यताबाट जकडिएका हामीहरू कार्यान्वयन तहमा छौँ। कसकोमा कति छ ? तर पनि यो जडता त छँदैछ नि। अब यस्ता जडतालाई जरैदेखि निर्मूल गर्ने अभियानमा हामी लाग्नै पर्छ। सार्वजनिक पदमा बसेकाले यस्तो खाले हिंसा र विभेद गर्छ भने उसलाई बढी कारबाही हुनुपर्छ। सर्वसाधारणले गर्दा एउटा सार्वजनिक पद धारण गरेका व्यक्तिले गर्दा झन कडा कारबाहीको कानुनी व्यवस्था गरेका छौँ। तपाइँहरू जस्ता अभियन्ताले भएका कानुनहरूको व्यापक प्रचारप्रसार गरेर राज्यलाई बलियो बनाउन लाग्नुपर्छ। अब कार्यान्वयनको पाटो फितलो भयो भनेर सरकारी मान्छेले छुट पाउनु हुँदैन। त्यस्ता अपराधीलाई कानुनी कठघरामा ल्याउन यो सरकार चुक्दैन। सत्ताधारी दलको सांसदको हैसियतमा म भन्दैछु 'हाम्रै पार्टीको नेता' भए पनि हामी कठघरामा ल्याएरै छाड्छौँ। यसको मतलब अपराधलाई राजनीतिबाट अलग पार्छौँ।

यो सैद्धान्तिक कुरा होला। व्यवहारमा त ?

यो व्यवहारिक कुरा हो। अब हामी सिद्धान्तलाई व्यवहारमा उताछौँ। हेर्दै जानु होला। व्यवहारिक हो। कुनै हालतमा पनि हामी पछाडि हट्दैनौँ।

नेपालको संविधानमा मौलिक हकका चाङ् छन्। जुन नेपालको आर्थिक क्षमताभन्दा माथिको कुरा हो। आलोचकहरूको यस्तो आलोचनाप्रति तपाइँको जवाफ के छ ?

यो संविधानको मस्यौदाकारमध्येको म पनि हुँ। हामीले गम्भीरतापूर्वक छलफल गर्‍यौँ। २०६४ सालमा केही सहमति यस्ता गरिएको रहेछ त्यसबाट पछाडि हट्न पनि हामीलाई गाह्रो पर्‍यो। उदाहरणका लागि ट्रेड युनियनको हकभित्र हड्तालको पनि अधिकार भनेर लेखिएको रहेछ। २०६४ सालमा सहमतिको दस्तावेजमा, हामीले त्यसलाई हटायौँ। भारतमा १९५० मा संविधान जारी भयो। १९९० को दशकमा मात्रै खाद्य अधिकारलाई संवैधानिक सुनिश्चितता गरिएको छ। ४० वर्ष लाग्यो। तर, हामीले कोही भन्दा कोही कम छैन भन्दै खाद्य अधिकार पनि लेख्यौँ। आवासको अधिकार पनि लेख्यौँ। आधारभूत स्वास्थ्य अधिकार पनि लेख्यौँ। शिक्षाको अधिकार पनि लेख्यौँ। हामीले रोजगारीको अधिकार पनि लेख्यौँ। आजकै मितिमा राज्यले कति थेग्न सक्छ वा सक्दैन यो प्रश्न छ। तर, संविधानमा लेखिसकेपछि राज्य भाग्न मिल्दैन। थेग्न सके पनि नसके पनि मौलिक अधिकार प्रत्याभूत गराउनै पर्छ। राज्यले अधिकार प्रत्याभूत गराएन भने अदालतमा गएर नागरिकले अधिकार स्थापित गराउन सक्छ। मौलिक हक कार्यान्वयनमा राज्यले क्षमता देखाउनुपर्छ। क्षमता बढाउनुपर्छ। क्षमता छैन भनेर नागरिकलाई अधिकारविहीन बनाउनु हुँदैन।

एउटा बेरोजगार मानिस सर्वोच्चमा गएर मुद्दा हालेर राज्यबाट रोजगार पाउन सक्छ ?

यससम्बन्धमा हामीले एक वर्षमा १ सय दिन काम दिनुपर्ने र राज्यले त्यसो गर्न नसकेमा ५० दिनको भत्ता दिनुपर्ने भनेर कानुन तर्जुमा गरेका छौँ। एउटा परिवार जसका सबै सदस्य बेरोजगार छन् त्यस्तो परिवारका एक जनालाई राज्यले यस्तो किसिमको रोजगारी दिनुपर्छ भन्ने कानुनी व्यवस्था हो। राज्यले यति गर्नै पर्छ। गरेन भने सर्वोच्च पनि पुग्नुपर्दैन उच्च अदालतबाट पनि निरूपण गर्न सकिन्छ। संविधान र कानुनमा व्यवस्था गरिएका विषय पूरा गर्न सकिएला वा नसकिएला भनेर बस्ने होइन नगरी सुखै छैन। गर्नै पर्छ।

इन्सेकका केही प्रकाशनहरू





www.inseconline.org

नेपालको पहिलो मानव अधिकार अनलाइन पोर्टल

नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal